
# लेखापरीक्षण प्रतिवेदन
# ताप्लेजुङ्ग
## २०७२।७३




# महालेखापरीक्षकको कार्यालय
## काठमाडौं, नेपाल

# *Serving the Nation and the People*

## दूरदृष्टि (Vision)

जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।

(We strive to be a credible institution in promoting accountability, transparency and integrity for the benefit of the people)

## गन्तव्य (Mission)

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide independent and quality audit service to assure our stakeholders that the public funds are efficiently used)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# प्राक्कथन

नेपालको संविधानले महालेखापरीक्षकलाई संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखापरीक्षण गर्ने जिम्मेवारी सुम्पेको छ । महालेखापरीक्षकले संविधान, प्रचलित कानून र लेखापरीक्षणका मान्य सिद्धान्त बमोजिम सार्वजनिक स्रोत साधनको परिचालन, विकास निर्माण एवं सेवा प्रवाहमा रहेका कमी कमजोरी र आर्थिक अनियमितता पहिचान गरी सुधारका लागि सुझावसहित प्रतिवेदन गर्दै आएको छ ।

सार्वजनिक प्रशासनलाई स्वच्छ, निश्पक्ष, पारदर्शी र जवाफदेही बनाई सुशासनको प्रत्याभूति गर्न राज्यका क्रियाकलाप निर्देशित हुने संवैधानिक व्यवस्था छ । जिम्मेवार व्यक्तिले सरकारी आम्दानी वा खर्च गर्दा नियमसम्मत, मितव्ययी, दक्ष, प्रभावकारी र औचित्यपूर्ण तवरले गर्नुपर्ने र आफूले गरेको आर्थिक कारोबारको आन्तरिक जाँच गरी वा गराई ठीक छ भन्ने कुरामा विश्वस्त हुनुपर्ने कानूनी व्यवस्था छ । यसबमोजिम आर्थिक कारोबार नभएबाट नै बेरुजू सिर्जना हुने गरेको छ ।

पारदर्शी आर्थिक कारोबारले जवाफदेहिता, विश्वसनियता र आर्थिक अनुशासन कायम राख्न मद्दत पुऱ्याउँदछ । आफ्नो कामप्रतिको निष्ठा, पेशागत इमान्दारिता र जिम्मेवारीको बोध हुन सकेमा मात्र सरकारी आर्थिक कारोबार सुदृढ हुन सक्दछ । यसका निमित्त आर्थिक कारोबार गर्ने कार्यालय, नियमनकारी निकाय तथा सरोकारवाला सवैको ध्यान पुग्नु जरुरी छ । यस क्रममा आन्तरिक नियन्त्रण र लेखापरीक्षणको भूमिका उत्तिकै महत्वपूर्ण रहने हुनाले यसमा पनि प्रभावकारिता ल्याउनुपर्दछ ।

लेखापरीक्षणमा जोखिमको पहिचान गरी कार्यालयको छनौट, योजना/कार्यक्रम तर्जुमा, प्रबेश बैठक, स्थलगतरुपमा परीक्षण गरी प्रमाण सङ्कलन, मस्यौदा उपर छलफल पश्चात् कार्यालयगत रुपमा लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन उपलव्ध गराइएको छ । कानूनबमोजिम ३५ दिनभित्र फछ्र्यौट नभई बाँकी रहेका ब्यहोरा मिलान गरी प्रतिवेदनमा समावेश गरिएको छ ।

बहुजनहितायको मान्यता अवलम्बन गर्दै प्रतिवेदनमा सहज पहुँच पुऱ्याई सरोकारवालालाई सुसुचित गर्ने उद्देश्यले यो प्रतिवेदन प्रकाशित गरिएको छ । यसबाट आगामी दिनमा संघीय, प्रदेश र स्थानीय तहको जनचासो सम्बोधन गरी प्रतिवेदन गर्न सहयोग मिल्ने विश्वास लिइएको छ । प्रतिवेदन तयार गर्न योगदान पुऱ्याउनु हुने सबैमा कार्यालय आभार व्यक्त गर्दछ । साथै प्रतिवेदनलाई कार्यान्वयनमा ल्याई सरकारी आर्थिक कारोबारमा पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्न सबै पक्षबाट सहयोग प्राप्त हुने अपेक्षा गरिएको छ । यो प्रतिवेदन कार्यालयको वेभसाइट *www.oagnep.gov.np* मा समेत राखिएको छ ।

# विषय सूची


| सि.नं. | | विषय | पृष्ठ |
|---|---|---|---|
| १ | | लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति | १ |
| २ | | लेखापरीक्षण र बेरुजूको स्थिति | २ |
| ३ | | कार्यालयगत लेखापरीक्षण व्यहोरा | ३ |
| | ३.१ | ताप्लेजुङ जिल्ला अदालत | ३ |
| | ३.२ | जिल्लानिर्वाचन कार्यालय | ४ |
| | ३.३ | उत्तर दक्षिण सडक आयोजना | ५ |
| | ३.४ | ओलाङचुङ गोला भन्सार कार्यालय | ९ |
| | ३.५ | घरेलु तथा साना उद्योग विकास समिति | ९ |
| | ३.६ | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | १० |
| | ३.७ | जिल्ला कृषि विकास कार्यालय | १० |
| | ३.८ | जिल्ला नापी कार्यालय | १२ |
| | ३.९ | जिल्ला प्रशासन कार्यालय | १२ |
| | ३.१० | जिल्ला प्रहरी कार्यालय | १३ |
| | ३.११ | जिल्ला प्राविधिक कार्यालय | १३ |
| | ३.१२ | जिल्ला विकास समिति | १५ |
| | ३.१३ | जिल्ला शिक्षा कार्यालय | २६ |
| | ३.१४. | जिल्ला स्वास्थ्य कार्यालय (जिल्ला स्वास्थ्य समिति समेत) | ३० |
| | ३.१५ | दुर्गम क्षेत्र विकास समिति | ३४ |
| | ३.१६ | पाथिपरा क्षेत्रविकास समिति | ३५ |
| | ३.१७ | मालपोत कार्यालय | ३६ |
| | ३.१८ | सिंचाई विकास डिभिजन | ३७ |
| | ३.१९ | स्थानीय विकास कोषको सचिवालय | ३९ |
| ४. | | आन्तरिक लेखापरीक्षण | ३९ |
| अनुसूची १ : लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क | | | ४० |
| अनुसूची २ : बेरुजूको स्थिति | | | ४१ |
| अनुसूची ३ : जिल्ला विकास समितिको एकीकृत आय-व्यय विवरण | | | ४२ |
| अनुसूची ४ : जिम्मेवार पदाधिकारीको नामावली | | | ४४ |

# लेखापरीक्षणको उद्देश्य, क्षेत्र र पद्धति

१. **संवैधानिक तथा कानूनी व्यवस्था :** संविधानको धारा २४१ मा महालेखापरीक्षकले संघीय, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र कानुनद्वारा तोकिएका अन्य संस्थाको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्नु पर्ने व्यवस्था छ । लेखापरीक्षण (संशोधन सहित) ऐन, २०४८ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने निकायको सबै वा कुनै ईकाइ मात्र छनौट गरी आर्थिक कारोबारको विस्तृत वा आंशिक रुपमा परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, प्राप्त तथ्यहरु दर्साउन, त्यसमा आलोचना गर्न र राय सहितको प्रतिवेदन गर्न सक्ने व्यवस्था छ । संविधान, लेखापरीक्षण ऐन र अन्य कानुनद्वारा प्रदत्त व्यवस्था अनुरुप लेखापरीक्षण गरिएको छ ।

२. **उद्देश्य** : सार्वजनिक आर्थिक कारोबारमा स्वच्छता, पारदर्शिता, जवाफदेहिता, विश्वसनियता र अनुशासन प्रवर्धन गराउनु लेखापरीक्षणको प्रमुख उद्देश्य रहेको छ । लेखापरीक्षण गर्दा देहायका विषयको परीक्षण एवं विश्लेषणमा केन्द्रित गरिएको छ :

- विनियोजन, राजस्व र धरौटीको लेखा तोकिएको ढाँचामा राखेको र यथार्थ स्थिति चित्रण गरेको,
- स्वीकृत कार्यक्रम, बजेट र अख्तियारीको सीमा भित्र रही तोकेको कार्य र प्रयोजनमा खर्च गरेको,
- राजस्व लगायत समस्त आम्दानी, असूली एवं दाखिला र धरौटी आम्दानी कानुन सम्मत रहेको,
- सरकारी सम्पत्तिको अभिलेख, सुप्रबन्ध र संरक्षणको पर्याप्त व्यवस्था गरेको,
- नगदी, जिन्सी तथा सरकारी सम्पत्ति एवं स्रोतको हानि नोक्सानी र दुरुपयोग हुन नपाउने गरी आन्तरिक नियन्त्रण व्यवस्था गरेको,
- आर्थिक कारोबार गर्दा प्रचलित कानुनको पालना गरेको एवं पुष्ट्याई गर्ने प्रमाण यथेष्ठ राखेको,
- स्वीकृत कार्यक्रम अनुसार निर्धारित समय भित्र प्रगति हासिल गरेको,

३. **क्षेत्र** : यस जिल्ला स्थित अनुसूची १ मा उल्लिखित सरकारी कार्यालय र समितिको २०७२।७३ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

४. **पद्धति** : संविधान, लेखापरीक्षण ऐन, सर्वोच्च लेखापरीक्षण संस्थाहरुको अन्तर्राष्ट्रिय संगठन (इन्टोसाई) द्वारा प्रतिपादित सिद्धान्त र असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणको क्रममा देहायका मानदण्ड एवं मार्गदर्शन प्रयोग गरिएको छ ।

| | |
|---|---|
| • सरकारी लेखापरीक्षण नीति मानदण्ड,<br>• वित्तीय लेखापरीक्षण मार्गदर्शन,<br>• महालेखापरीक्षकको लेखापरीक्षण सम्बन्धी निर्देशन तथा परिपत्र,<br>• संयुक्त लेखापरीक्षण टोली सम्बन्धी निर्देशन,<br>• गुणस्तर आश्वस्तता निर्देशिका,<br>• आयोजना हिसाबको लेखापरीक्षण मार्गदर्शन,<br>• राजस्व लेखापरीक्षण मार्गदर्शन, | • सार्वजनिक खरिद व्यवस्थाको लेखापरीक्षण मार्गदर्शन,<br>• प्रशासकीय खर्चको लेखापरीक्षण मार्गदर्शन,<br>• जिल्ला विकास समिति लेखापरीक्षण निर्देशिका,<br>• जोखिममा आधारित लेखापरीक्षण निर्देशिका,<br>• लेखापरीक्षकको आचारसंहिता,<br>• सार्वजनिक संस्थाका लेखापरीक्षकको लागि निर्देशन, |

वार्षिक योजना र कार्यक्रमको अधीनमा रही स्थलगत रुपमा लेखापरीक्षण गरी प्रतिवेदन गरिएको छ । लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी अनुसूची १ बमोजिम २० कार्यालयको विस्तृत र १५ कार्यालयको संक्षिप्त कार्यविधिबाट लेखापरीक्षण सम्पन्न गरिएको छ ।

# लेखापरीक्षण र बेरुजूको स्थिति

१. **लेखापरीक्षण –** यस जिल्ला स्थित ३५ सरकारी निकायको विनियोजन र राजस्व र धरौटी समेत रु.२ अर्ब ७५ करोड ९२ लाखको लेखापरीक्षण सम्पन्न भएको छ। लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क अनुसूची १ मा उल्लेख छ।

२. **बेरुजू –** आर्थिक कार्यविधि ऐन, २०५५ अनुसार प्रचलित कानुन बमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको भनी लेखापरीक्षण गर्दा औंल्याइएको वा ठहऱ्याएको कारोबारलाई बेरुजूको रुपमा परिभाषित गरिएको छ।

यस वर्ष २० कार्यालयको प्रारम्भिक प्रतिवेदनबाट कूल दफा ४९१ र रु.२६ करोड ५ लाख ५३ हजार बेरुजू देखिएकोमा ३५ दिनभित्र फछ्र्यौट गरी सम्परीक्षण गराउन सम्बन्धित कार्यालयहरुलाई जानकारी गराइएको थियो। प्रतिवेदन अबधिसम्म १८ कार्यालयको प्रतिक्रिया, फछ्र्यौट र समायोजनबाट ३१९ दफा र रु.१६ लाख ३२ हजार मिलान गरी २० कार्यालयको दफा १७२ र रु.२५ करोड ८९ लाख २१ हजार बेरुजू बाँकी रहेको छ। लेखापरीक्षणको क्रममा रु.६ लाख ५७ हजार र प्रतिक्रियाबाट रु.९६ हजारसमेत रु.७ लाख ५३ हजार असुल भएको छ।

बाँकीबेरुजू मध्ये असुल उपर गर्नुपर्ने रु.३ करोड ३७ लाख १४ हजार, अनियमित रु.१५ करोड २५ लाख ९० हजार र पेस्की रु.७ करोड २६ लाख १७ हजार रहेको छ। यस सम्वन्धि विवरण अनुसूची २ मा उल्लेख छ।

३. **सुझाव –** तोकिएको प्रक्रिया अपनाइ समयमै बेरुजू फछ्र्यौट गर्ने दायित्व जिम्मेवार व्यक्तिको हो। प्राप्त अख्तियारीबमोजिम कार्यसञ्चालन गर्ने, जिम्मा लिने, खर्च गर्ने, लेखा राख्ने, बेरुजू फछ्र्यौट गर्ने गराउने, सरकारी नगदी जिन्सी असुल गर्ने गराउने तथा दाखिला गर्ने र सरकारी कामको जिम्मा लिने व्यक्तिलाई कानुनले जिम्मेवार व्यक्ति तोकेको छ। बेरुजू औंल्याइएका कार्यालय र जिम्मेवार पदाधिकारीको नामावली अनुसूची ३ मा दिइएको छ।

आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८ अनुसार असुलउपर गर्नुपर्ने देखिएको बेरुजू जिम्मेवार व्यक्तिबाट समयमै असुलउपर गरी फछ्र्यौट गर्नुपर्दछ।

अनियमित बेरुजूको हकमा आर्थिक कार्यविधि ऐन, २०५५ को दफा २१(२) र नियम १००(३) बमोजिम सरकारी हानि नोक्सानी भए नभएको यकिन गरी प्रचलित कानुनको रीत पुऱ्याउनुपर्नेमा रीतसम्म नपुगेको तर सरकारी हानि नोक्सानी नभएको अवस्थामा यथेष्ठ प्रमाण र मनासिब कारणसहित नियमित गरेर फछ्र्यौट गर्नुपर्दछ। तर सरकारी नगदी जिन्सीको हानि नोक्सानी भएको अवस्थामा जिम्मेवार व्यक्तिउपर नियमानुसार कारबाहीसहित हानि नोक्सानी भएको रकम असुलउपर गरी अनियमित बेरुजू फछ्र्यौट गर्नुपर्दछ। प्रमाण पेश नभएको अनियमित व्यहोरा सम्बन्धमा प्रमाण कागजात पेश गरी फछ्र्यौट गर्नुपर्दछ।

पेश्की बेरुजू अन्तर्गत म्याद नाघेको पेस्की आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ अनुसार कारबाही गरी र म्याद बाँकी रहेको पेस्कीको हकमा सम्झौता वा कबुलियतनामा अनुसार फछ्र्यौट गर्नु गराउनुपर्दछ।

# कार्यालयगत लेखापरीक्षण व्यहोरा

## जिल्ला अदालत

१. **लक्ष्य प्रगति र चौमासिक खर्च –** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २० र नियम २५ संग सम्बन्धीत अनुसूची २ बमोजिमको वार्षिक लक्ष्य तथा प्रगति बिवरण पेश गर्नु पर्ने व्यवस्था रहेको छ । यो वर्ष जम्मा ५७२ मूद्दा फछ्र्यौटको लक्ष्य लिएकोमा ४१४ अर्थात ७२.४ प्रतिशत प्रगति गरेको र फैसला कार्यान्वयन तर्फ ७५.५५ प्रतिशत प्रगति भएको विवरण पेशभएको छ । यो वर्षसम्म जम्मा २१५ मुद्दा फछ्र्यौट हुन बांकी देखाईएकोमा शत प्रतिशत फछ्र्यौट तर्फ पहल हुनु पर्दछ ।

पूंजीगत कार्यक्रमतर्फ दोश्रो चौमासिकमा न्यून मात्र खर्च भएको छ भने तेश्रो चौमासिकमा सबैभन्दा बढी खर्च भएकोमा असार महिनामा २९.९८ देखि ६४.४८ प्रतिशत सम्म खर्च भएको छ । समयमा कार्यक्रम स्वीकृत गर्ने र समयमै खर्च गर्नेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली –** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको कार्यान्वयनको मूल्याङ्कन गर्दा कार्यविवरण तयार गरी कर्मचारीहरुलाई नदिएको, खरिद ईकाई गठन नगरेको, वर्षभरि खरिद हुने सामानको परिमाण अनुरुप ठेक्का नगरी पटक पटक खरिद गरेको,सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख नराखेको, जिन्सी खातामा हस्तान्तरण भई आएको तथा यस कार्यालयबाट खरिद भएको समेत कतिपय सामानको परल मूल्य, स्पेशिफिकेसन नखुलेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

३. **पारीश्रमिक कर –** आयकर ऐन, २०५८ को दफा ८८ बमोजिम घर भाडामा लिएमा सम्वन्धित घर धनी लाई भुक्तानी दिंदा श्रोतमा नै कर कटाउनुपर्दछ । एक न्यायाधिशले नियमित रुपमा पारीश्रमिकसंगै सुविधाको रुपमा घरभाडा बापत मासिक रु.९ हजार, एक जना हलुका सवारी चालक, इन्धन भान्से समेतको मासिक रु.५२ हजार नगदै रकम बुझी लिएकोमा वार्षिक आम्दानीको हिसावले उक्त ऐन बमोजिम २५ प्रतिशतको दायरामा करयोग्य आय भएको देखिंदा सो रकम समेत वार्षिक आयमा समावेश गरी कर गणना गर्नु पर्ने देखिन्छ ।

३.१ अदालतका श्रेस्तेदारको आयकर ऐन, २०५८ को दफा ८ बमोजिमको वार्षिक पारिश्रमिक आय रु.५ लाख २३ हजार रहेकोमा आयकर ऐन २०५८ को दफा ६३ बमोजिम घटाउन पाउने रकम घटाउदा आउने आयमा घटी कट्टा भएको रु ९ हजार असुल गर्नुपर्दछ ।

४. **काज –** निजामती सेवा ऐन, २०४९ बमोजिम ३ महिना भन्दा वढी काज खटाउन मिल्ने देखिदैन । यस अदालतका एक नायव सुव्बालाई २०७० फाल्गुण १ देखि झापा जिल्ला अदालतमा, एक नायव सुव्बा २०७२ कार्तिक १ देखि पांचथर जिल्ला अदालत, डिठ्ठा १ जाजरकोट जिल्ला अदालत रअमिन १ जना कैलाली जिल्ला अदालतमा काजमा रहेको अवस्थामा यस अदालतवाट तलव भत्ता खर्च लेखेको देखियो । दरवन्दिका कर्मचारी काजमा राखी दैनिक काम काज गर्न बाधा पुगेको जनाई करारमा कर्मचारी नियुक्त गरी तलव खर्च लेख्नु नियम सम्मत देखिदैन ।

५. **न्यून प्रतिस्पर्धा –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(६) बमोजिम आपसमा मिलोमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ। यस अदालतको परिसरमा सुरक्षा व्यारेक भवन निर्माणको लागि रु.७८ लाख १४ हजारको लागत अनुमान स्वीकृत गरी बोलपत्र आह्वान गरेअनुसार १४ थान बोलपत्र विक्री भएकोमा १ मात्र दर्ता हुन आएको देखियो। लागत अनुमान भन्दा २ प्रतिशत मात्र घटी कवोल अङ्क भएको एक निर्माण सेवाको बोलपत्र स्वीकृत भएको छ।

सम्झौतानुसार २०७३।२।३२ सम्म काम सम्पन्न नभएकोले ६ महिना म्याद थप भएको देखिन्छ। रु.१३ लाख ८० हजार बैक जमानतको म्याद २०७२।८।२८ सम्म मात्र रहेको उक्त निर्माण व्यवसायीको नाममा २०७३ आषाढ मसान्तमा रु.३ लाख ४२ हजार पेस्की बाँकी रहेकोमा पेश्की जमानतको म्याद समाप्त भएकोले नियमानुसार बैक जमानतको म्याद थप गरी सो पेश्की फछ्र्यौट गर्नुपर्दछ।

६ **टुक्राटुक्रा पारी खरिद –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा खरिद गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्राटुक्रा पारी खरिद गर्न नहुने व्यवस्था छ। अदालतवाट योवर्ष निर्माणको क्रममा रहेको सुरक्षा व्यारेकको पछाडीको पर्खाल भत्काई रिटेनिङ वाल लगाउने कामको लागि अलग अलग लागत अनुमान तयार गरी रु.९ लाख ४८ हजारको सोझै काम गराई खर्चलेखेको नियमित देखिएन।

## जिल्ला निर्वाचन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली –** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनु पर्दछ। आन्तरिक नियन्त्रण व्यवस्थाको कार्यान्वयनको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, कार्यालयमा उपलब्ध भएको जिन्सी खातामा पुरानो सामानको परल मुल्य नखुलेको, खरिद गरेको सामान समेतको स्पेशिफिकेसन नखुलेको, सम्भावित जोखिमहरु पहिचान गर्ने तिनको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, कार्य सम्पादन प्रतिवेदन तयार नगरेको,चल्ती मेशीन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख नराखेको जस्ता व्यहोरा देखिएको छ। कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ।

२. **न्यून प्रतिस्पर्धा –** सार्वजनिक खरिद ऐन, २०६३ को दफा २४(ङ) मा र दफा २६(६) बमोजिम आपसमा मिलेमतो गरी दाखिला भएको बोलपत्र उपर कारबाही गर्न नहुने व्यवस्था छ। कार्यालयको भवन निर्माणको लागि लागत अनुमान रु.२ करोड १९ लाख १० हजारबाट पहिलोपटक २०७३।२।१८ मा सूचनामा धरौटी रकम उल्लेख गर्दा त्रुटी भएको भनी दोस्रोपटक २०७३।२।२१ मा सूचना प्रकाशन गर्दा १७ थान बोलपत्र विक्री भएकामध्ये हार्डकपि १ र ई-विडिङ २ समेत जम्मा ३ बोलपत्र दर्ताहुन आएकोमा न्यून कवोल गर्ने एक जे.भी.को रु.२ करोड २२ लाख ८७ हजार पेश भएको छ। सोको मूल्याङ्कन तथा स्वीकृति यस आर्थिक वर्षमा भएको देखिएन। साथै बोलपत्र दाताहरुबीच पर्याप्त प्रतिस्पर्धा नभएको, बोलपत्रको सूचना प्रकाशन गरेको त्रुटिका कारण पुनः दोस्रोपटक सूचना प्रकाशन गरे बापत विज्ञापन लगायतमा खर्च भई राज्यलाई थप व्ययभार परेको अवस्था देखियो।

३. **असुली** – भ्रमण खर्च नियमावली २०६४ को नियम ७ बमोजिम तोकिएको दर भन्दा बढी दरमाचार जना कर्मचारीलाई भुक्तानी गरेको रु. २ हजार असुल हुनुपर्ने देखिएको छ ।

## उत्तर दक्षिण सडक आयोजना

१. **योजनाहरुको स्थिति –** आयोजनाको कुल लागत रु.१ अर्ब ३८ करोड ९९ लाख ११ हजार रहेकोमा हालसम्म रु.३४ करोड ३९ लाख ४ हजार अर्थात २४.७०५ प्रतिशत खर्च भएको छ । भौतिक प्रगति २४.१३५ प्रतिशत रहेको देखिन्छ । आयोजना २०६५।६६ बाट शुरु भएकोमा सम्पन्न हुने मिति तोकिएको छेन । यस सडकको कार्य क्षेत्र विस्तार भई धनकुटा मुलघाट लुम्बुघाट माझिटार लिम्बुनी पुल दोभान खण्डको ४० कि.मी खडक निर्माण गर्ने कार्य थप भएको छ । यो खण्डमा ट्र्याक खोल्ने कार्य ११५ कि.मि. रहेकोमा हालसम्म ६७.८३ प्रतिशत र गेभियन मेशीनरी टेवा पर्खालतर्फ १९६ कि.मि.  गर्नुपर्नेमा कुनै प्रगति हुन सकेको छैन । यस खण्डको विस्तृत सर्भेक्षण हुन नसकेकोले तथ्याङ्कहरु अनुमानको आधारमा राखीएको छ । यसमा हालसम्म रु.११ करोड ८४ लाख ३३ हजार खर्च भएको विवरण प्राप्त भएको छ ।  यसरी विस्तृत सर्भेक्षण गरेर मात्र ठुला आयोजना संचालन गर्नुपर्दछ ।

२. **अख्तियारी** –आर्थिक वर्ष शुरु भएको १५ दिन भित्र सम्बन्धित कार्यालयमा प्राप्त हुनुपर्नेमा यो वर्ष ७ शीर्षकमा असार महिनामा मात्र रु.७ करोड ३२ लाख ५० हजार अख्तियारी थप भएको छ । पूँजीगत शीर्षकमा प्राप्त बजेटमध्ये ८० प्रतिशत देखि ९८.६८ प्रतिशतसम्म खर्च भएपनि ढिलो अख्तियारी थप भएको कारण रु.२ करोड ८ लाख ८६ हजार खर्च हुन नसकि फिर्ता भएको छ । तालुक निकायसंग समन्वय गरेर समयमा अख्तियारी लिने पद्दतीको पालना हुनु पर्दछ ।

३. **चौमासिक खर्च** - कार्यालयले पूँजीगत खर्च रु.१७ करोड ७० लाख ३० हजारमध्ये तेस्रो चौमासिकमा रु १३ करोड २५ लाख ५१ हजार कुल खर्चको ७४.८८ प्रतिशत खर्च गरेको छ । आषाढ महिनामा मात्र रु ७ करोड ७४ लाख ९७ हजार अर्थात ४३.७८ प्रतिशत छ । अन्तिम चौमासिक र आषाढ महिनामा बढी खर्च गर्दा गुणस्तरयुक्त निर्माण कार्य हुन नसक्ने, खरिद सम्झौताको अवधि थप गर्नुपर्ने अवस्था रहँदा स्वीकृत कार्यक्रमहरु समयमै सम्पन्न गर्नुपर्दछ ।

४. **आन्तरिक नियन्त्रण प्रणाली –** प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा सवारी साधनको मर्मत गर्दा म.ले.प.फा.नं.२अनुसारको विवरण तयार गरी नराखेको, जिन्सी खातामा पुरानो सामानको परल मूल्य नखुलेको, यो वर्ष खरिद गरेको सामान समेतको स्पेशिफिकेसन नखुलेको, वार्षिक दश करोड रुपैयाँभन्दा बढी रकमको खरिद गर्दा खरिद गुरु योजना नबनाएको, आइटम वाइज कार्य अभिलेख खाता, ठेकेदारको व्यक्तिगत अभिलेख खाता र डोर हाजिर तथा नापि नियन्त्रण खाता समेत नराखेको, ऐन नियममा भएको कानूनी व्यवस्थालाई अधिकतम उपयोग गरी शुरु सम्झौताको सत प्रतिशत सम्म म्याद गरेको, आफ्नो क्षेत्रभित्रका सडक, पुल, कल्भर्ट रिटेनिङवाल आदि रोड इनभेन्ट्री को लगत अद्यावधिक गरी नराखेको, सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम आवश्यक कारबाही गर्नुपर्नेमा सो बमोजिम नगरी पटक पटक म्याद थप गरेको, स्वीकृत ढाँचाको २० बर्षपछि धुल्याउन मिल्ने नापी किताब नराखेको जस्ता व्यहोरा देखिएका छन । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीमा सूधार गर्नु पर्दछ

५. **भेरिएशन –** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११८मा खरिद सम्झौता बमोजिम कार्य सुरु भइसकेपछि कार्य्मा थपघट गर्न आवश्यक देखिएमा प्राविधिक पुष्ट्याईको आधारमा मात्र भेरिएशन आदेश जारी गर्न सक्ने उल्लेख छ। कार्यालयले सबै योजनाको फिल्डको अवस्था बमोजिम काम गर्न परेको कारण जनाई योजना प्रमुखबाट सुरु लागत अनुमानको ९.४५ प्रतिशत सम्म भेरिएशन आदेश जारी गरेको पाइयो। यस सम्बन्धी अन्य व्यहोरा निम्न छन्:

५.१. आयोजनाले उपलब्ध गराएको विवरण अनुसार यो वर्ष भुक्तानी खर्च लेखेका विभिन्न सडक योजनाहरु मध्ये ११ योजनाहरुको लागि रु.१५ लाख ६९ हजार भेरिएशनबाट सम्झौताभन्दा बढी थप रकम भुक्तानी हुन गएको छ।

६. मुलघाट लुभुघाट माझिटार सडक निर्माणको एक निर्माण सेवाको सम्झौता अनुसार ढुङ्गा सहितको नरम माटोको काम १०३६०० घनमिटर वाटो प्रतिघनमिटर रु ४८ र ५० मिटरदेखि साईड कटिङ्गको कामको लागि २१६० घनमिटर प्रति घनमिटर रु.४० का दरले खन्ने गरी सम्झौता भएकोमा निज निर्माण व्यवसायी ले बढी दरको सजिलो काम ४.८१ प्रतिशत बढी र कम दरको कठिन काम ९२.५ प्रतिशत घटी गरेको देखाई संझौता रु ५७ लाख ७३ हजार भन्दा ३.१३ प्रतिशत बढी अर्थात रु.१ लाख ८० हजार समेत जम्मा रु.५९ लाख ५४ हजार भुक्तानी गरेको छ।

७. **कन्टिन्जेन्सी खर्च** – यस सम्बन्धमा निम्न व्यहोरा देखिएका छन् :

७.१. सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ सँग सम्बन्धित अनुसूची १ मा व्यवस्था भए बमोजिमका निर्माण कार्यको लागत अनुमानको कुल जोडमा वर्कचार्ज स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशतसम्म खर्च गर्न पाउने व्यवस्था छ। यो वर्ष कार्यालयले रु.८१ लाख ५ हजार खर्च गरेको छ।

७.२. कन्टिजेन्सी खर्चमध्ये सुपरभाइजर ज्याला रु २० लाख ६९ हजार, कार्यालय संचालन ३ लाख ३४ हजार सुचना प्रकाशन रु ११ लाख ७२ हजार, गाडी मर्मत रु ६ लाख ४१ हजार , इन्धन खर्च रु ४ लाख २२ हजार, अनुगमन मुल्यांकन खर्च रु ९ लाख ८० हजार, अन्य रु ८ लाख २२ हजार एवं विभागमा रु १६ लाख ६६ हजार पठाएको देखिन्छ। कार्यालयको वास्तविक खर्च नभई विभागको खातामा रकम पठाई खर्चको बिल भरपाई बेगर खर्च जनाउने कार्य उपयुक्त देखिन आएन उक्त खर्चको सदुपयोग सम्बन्धमा समेत कुनै विवरण प्राप्त भएको छैन।

७.३. कन्टिन्जेन्सी खर्च गर्ने सम्बन्धमा वर्कचार्ज खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च २.५ प्रतिशत भनी उल्लेख छ। वर्कचार्ज स्टाफ खर्च र सानातिना अन्य खर्च भन्नाले के कस्ता खर्चहरु समावेश हुने हो सम्बन्धित ऐन, नियममा स्पष्ट उल्लेख छैन। यस सम्बन्धमा सम्बन्धित मन्त्रालय, विभागबाट समेत कुनै नीतिगत निर्णय भए गरेको देखिएन। कन्टिन्जेन्सीबाट गरिने खर्च सम्बन्धमा सम्बन्धित निकायहरुबाट स्पष्ट नीति तय हुनुपर्ने देखिएको छ।

८. **अधुरा ठेक्का** – प्राप्त विवरण अनुसार २०६५।६६ देखि यो वर्ष सम्म ठेक्कापट्टा सझौता भएका योजनाहरुको म्याद भित्र सम्पन्न नभै अधुरो नै रहेको देखिएको छ। एउटै निर्माण व्यवसायीले विभिन्न कार्य गर्नको लागि ठेक्का सम्झौता गरेको कारण समेत निर्धारित समयमा कार्य सम्पन्न हुन नसकेको देखिन्छ। गतविगत देखि सन्चालन हुंदै आएका ९ र यस बर्ष सुरु भएका ३ समेत जम्मा १२ विभिन्न निर्माण योजनाको म्याद थप गरी कार्य गराएको देखिन्छ। म्याद थप गर्दा

सम्झौता अनुसार गर्न बाकि कामको परिमाण एकिन गरिप्राविधिक प्रतिवेदनको आधारमा थप्नुपर्ने अवस्थामा मात्र नियमानुसार जरिवाना गरी म्याद थप गर्नुपर्दछ ।

९. **तमोर खोलापुल** – यस सम्बन्धमा प्रमुख व्यहोरा निम्नानुसार छन् :

८.१ उक्त ठेक्काको म्याद २०६९।२।८ मानै समाप्त भैसकेको र पटक । पटक गरी ५ वर्ष ५ महिना सम्म म्याद थप हुंदा समेत काम सम्पन्न हुन नसकेकोले महानिर्देशकबाट अन्तिम पटककोलागि भनी २०७२।६।१५ सम्मकोलागि थप आर्थिक दायीत्व नपर्ने गरी म्यादथप भएको देखिन्छ। निर्माण व्यावसायीको ढिलाईको कारण पुल निर्माण कार्य शुरु भएको ७ वर्ष व्यतित हुंदा समेत काम सम्पन्न हुन नसकेको र हाल निमाणकै चरणमा रहेको निर्मित संरचना नै २०७३।१।३१ मा आएको बाढीले भत्काई लगेको कार्यालयले जनाएको छ । आयोजनाको २०७३।८।२८ का दिन फिल्डको अवस्था स्थलगत निरीक्षण गर्दा पुल गुणस्तरयुक्त तरिकाले नबनाउंदा पश्चिम तिरको भाग नजोडिएको अवस्थामा ट्रष्ट भत्किएको छ ।

८.२ उक्त रणनैतिक पुलको निर्माण समयमा नगरी वर्षातको समय शुरु गर्दा २०७३।१।३१ मा जडान भएको टेकामा सो दिनको बाढीले सामान्य क्षति भएको अवस्थामा पुल निर्माण कार्य जारी रहेको र निर्माण गर्ने कार्य सञ्चालन हुंदा असार ३१ सम्म पनि नसकिएकोले राती आएको बाढीले टेकामा क्षति पुराउंदा पुल भत्किएको अवस्था जानकारीमा आयो । उचित सुपरीवेक्षण गरी समयमै निर्माण व्यवसायीलाई सचेत बनाउनुपर्नेमा कार्यालयले पटक पटक म्याद थप गर्ने तर उचित सुपरीवेक्षण नगरेकोले कारण कूल सम्झौता रकमको ८९ प्रतिशत रु.१० करोड ४४ लाख ६९ हजार भुक्तानी भई राष्ट्रिय सम्पत्ति क्षति भएको छ । नागरिकले पुल बन्ने आश गर्दा गर्दै झण्डै ७ वर्ष विताउनु परेको छ भने मूल्य समायोजनका नाममा निर्माण व्यवसायीले रु.७५ लाख ८० हजार रकम प्राप्त गरेको छ । यस सम्बन्धमा म्याद थप गर्ने सम्बन्धित अधिकारीलाई समेत जिम्मेवार बनाउनुपर्ने देखिन्छ ।

८.३ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२१ बमोजिम उक्त निर्माण व्यवसायीलाई आवश्यक कारवाही गरी कूल संझौता रकमको अधिकतम १० प्रतिशतले हुने रु.१ करोड १७ लाख ७ हजार पूर्वनिर्धारित क्षतिपूर्ति समेत असुल गरी उक्त निर्माण कार्य सम्पन्न गराउनुपर्ने देखिएको छ। म्याद थप नभएको अवधिको हर्जना असुल गर्ने लगायतको कारवाही समेत अगाडि नबढाउंदा निर्माण व्यवसायीलाई सहुलियत पुगेको देखिन आएकोले सो सम्बन्धमा सम्बन्धित निकायको ध्यानाकर्षण हुनुपर्दछ ।

८.४ उक्त निर्माण व्यावसायीको नाममा रहेको पेस्की रु.८५ लाख २५ हजारको बैंक ग्यारेन्टीको म्याद २०७३।६।२९ सम्म मात्र रहेकोमा उक्त जमानतको म्याद समेत समाप्त भएको र लेखापरीक्षण अवधि २०७३।८।१० सम्म पनि सोको म्याद थप भएको नपाईएको सम्बन्धमा छलफल हुंदा कार्यालयले २०७३।५।५ मा बैंकमा खाता रोक्का राख्न पत्र पठाएको जानकारी दिएको छ । म्याद थप तथा पेस्की असुल फछ्र्यौट सम्बन्धमा समेत ध्यान दिनुपर्दछ ।

१०. **पूर्वनिर्धारित क्षतिपूर्ति** – सार्वजनिक खरिद नियमावली २०६४को नियम १२१ बमोजिम अधिकतम १० प्रतिशतले पूर्व निर्धारित क्षतिपूर्ति असुल गर्नु पर्दछ। ईन्द्रावती खोला पुलको २०७३।३।३ सम्म निर्माण कार्य सम्पन्न हुन नसकेमा पूर्व निर्धारित क्षतिपूर्ति सहित आवस्यक कारवाही गर्ने गरी ०७३।२।११ मा विभागिय प्रमखबाट निर्णय भएको र तत्पश्चात हालसम्म अर्को पटक म्याद थप नभएको देखिंदा आयोजनावाट उक्त नियमावलीको दफा १२१ बमोजिम पुर्वनिधारित क्षतिपूर्ति बापतको रु.३८ लाख २३ हजार जरिवाना असुल गर्नु पर्दछ । लेखापरीक्षणको अवधि २०७३।८।६

सम्म पनि उक्त ठेक्काको म्याद थप नभएकोले ठेक्काकै अस्तित्व नरहने अवस्था देखा परेकोले नागरिकले सुविधाबाट वञ्चित हुनु परेको अवस्थालाई ध्यान दिई सो निर्माण कार्य सम्पन्न गराउने तर्फ आवस्यक पहल हुनु पर्ने देखिएको छ ।

११. **विज्ञापन खर्च** – सरकारी सूचना प्रकाशनको हकमा संस्थागत छुट बापत २५ प्रतिशत छुट गरी सूचना प्रकाशन गर्ने गरेकोमा आयोजनावाट विज्ञापन तथा सूचना प्रकाशन बापत एक मिडिया प्रा.लि.लाई रु.१ लाख ६१ हजार भुक्तानी दिएको देखियो । उक्त रकममा १० प्रतिशत मात्र छुटमा प्रकाशन गराएको देखिएकोले १५ प्रतिशतले हुने रु.२१ हजार घटी छुट लिएवाट थप व्ययभार परेको छ । विज्ञापन बापत प्रतिस्प्रर्धा नगराई सोझै विज्ञापन गराउंदा गोरखापत्रले उपलव्ध गराउने २५ प्रतिशत छुट भन्दा घटी छुटमा सूचना प्रकाशन गरेको देखिंदा रु.६० हजार वढि भुक्तानी हुन गएको र प्रतिस्पर्धा नगराई सोझै खरिद गरेको रु.५ लाख ६२ हजार अनियमित देखिएको छ ।

१२. **ठेक्का व्यवस्था –** आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २० मा लागत अनुमान तयार गर्ने तथा ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिमा समाप्त गरिसक्नुपर्नेमा यस वर्ष जम्मा १८ निर्माण ठेक्का सम्झौता भएकोमध्ये प्रथम चौमासिकमा कुनै ठेक्का नभएको, दोस्रो चौमासिक अवधिमा १३ र तेश्रो चौमासिकमा ५ मध्ये असार महिनामा मात्र रु.९ करोड ६८ लाख ४१ हजारको ३ ठेक्का सम्झौता भएको छ । कुल ठेक्का रकम रु.२४ करोड ४० लाख ९८ हजारमा १ तिहाइ भन्दा बढी ठेक्का आषाढ महिनामा मात्र भएकोले प्रथम चौमासिकमा ठेक्का गराई अन्तिम चौमासिकसम्म मात्र सम्पन्न गर्ने, योजना अधुरो रहने, सम्पन्न भएका निर्माण कार्यपनि समय अभावका कारण गुणस्तरिय नहुने सक्ने अवस्था समेत रहेको देखियो ।

१३. **हर्जना वेगर म्याद थप –** बहानन्दे दोभान सडक निर्माणको रु.६७ लाख २ हजारको बोलपत्र स्वीकृत गरी २०७२।३।२५ मा काम सम्पन्न गर्ने निर्माण व्यवसायीसंग सम्झौता भएकोमा तोकिएको अवधि २०७२।९।२२ सम्म अन्तिम पटक म्याद थप गर्दा जांचबुझ गरी म्याद थप गर्नु पर्नेमा सो बेगर निर्माण व्यवसायीको निवेदनको आधारमा २०७२।९।२२ सम्म म्याद थप भएको, निर्माण व्यवसायीको नाममा रु.१ लाख पेस्की बांकी रहेकोमा पेस्की जमानतको म्याद १५ भदौ २०७३ मा नै समाप्त भएको छ । लेखापरीक्षण अवधिसम्म जम्मा ४५ प्रतिशतको काम सम्पन्न भएको, शुरु सम्झौता अवधि समाप्त भएको १६ महिना र अन्तिम पटक म्याद थपिएको ११ महिना व्यतित हुदाँसम्म कारबाही र पूर्वनिर्धारित क्षतिपूर्ति वेगर निर्माण व्यवसायीलाई सहुलियत हुने गरी म्याद थप गरेकोले १० प्रतिशतले हुने क्षतिपूर्ति बापतको रु.६ लाख ७० हजार निजबाट असुल गरी उक्त कार्य सम्पन्न गराउनुपर्ने देखिएको छ ।

१४. **स्थानिय भत्ता –** निजामती सेवा नियमावली, २०५० को नियम ९३ बमोजिम कुनै निजामती कर्मचारी स्थानीय भत्ता पाउने स्थानमा बसी काम गरेको भएमा मात्र त्यस्तो भत्ता पाउने व्यवस्था उल्लेख छ । ५ कर्मचारीलाई १ महिनाभन्दा बढी अवधिमा बिदामा वा अन्यत्र काजमा खटिएको अवधिको समेत स्थानीय भत्ता समावेश गरी मासिक तलव भत्ता भुक्तानी भएको देखिएकोले रु.५९ हजार सम्बन्धितबाट असुल हुनुपर्ने देखिएको छ ।

१५. **पेस्की बाँकी** – दश निर्माण व्यवसायीको वर्षको अन्तसम्म रहेको मोबिलाइजेशन पेस्की रु ५१ लाख ६९ हजार फछ्र्यौट भएको नदेखिएकाले सार्वजनिक खरीद नियमावली, २०६४ को नियम ११३ एवं सम्झौता अनुसार पेस्की फछ्र्यौंट हुनुपर्दछ ।

## ओलाङ्गचुङ्गगोला भन्सार कार्यालय

१. **कार्यालयको प्रभाव** – यस कार्यालयमा खरिदार १, कार्यालय सहयोगी ३ समेत यो वर्ष ४ कर्मचारी कार्यरत रहेको देखिन्छ । यो वर्ष कर्मचारीहरुको तलव भत्ता बापत रु.११ लाख ५१ हजार समेत चालू शीर्षकमा रु.१६ लाख ७८ हजार खर्च भएको छ । कार्यालयको सञ्चालन ओलाङचुङगोलाबाट नै हुनुपर्नेमा विभिन्न कारण देखाई ताप्लेजुङ जिल्लाको सदरमुकामबाट भएको, प्रशासनिक पहुंच कमजोर रहेको, कार्यालयले संकलन गरेको जम्मा रु.१८ हजार राजस्व भन्दा सो प्राप्त गर्नको लागि भएको रु.१६ लाख ५९ हजार अर्थात ९०६७ प्रतिशत बढी खर्चनुपरेको देखिंदा प्रशासनिक तथा आर्थिक दृष्टिकोणबाट समेत कार्यालयको उद्देश्य अनुसारको प्रभावकारिता कमजोर रहेको सम्बन्धमा सम्बन्धीत निकायको ध्यान जानुपर्ने देखिन्छ ।

## घरेलु तथा साना उधोग विकास समिति

१. **चौमासिक खर्च –** स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था भएको छ । पूँजीगत कार्यक्रमतर्फ २ शीर्षकमा रु.१ करोड २५ लाख ७६ हजार भएकोमा प्रथम चौमासिकमा रु.२४ लाख ८५ हजार दोश्रो चौमासिकमा रु.४३ लाख १६ हजार ५७ लाख ७५ हजार खर्च भएको मध्ये आषाढ महिनामा मात्र एक बजेट उपशीर्षकमा रु.३१ लाख २ हजार झन्डै २८.७८ प्रतिशत खर्च भएकोले तेश्रो चौमासिकमा सबैभन्दा बढी कार्यक्रम सञ्चालन गरेको देखिएको छ । समयबद्ध रुपमा कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली –** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा जिन्सी खातामा हस्तान्तरण भई आएको तथा यस कार्यालयबाट खरिद भएका सामानको परल मूल्य, स्पेशिफिकेसन नखुलेको, सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख नराखेको, जिन्सी निरीक्षण गरेकोमा मर्मत लिलाम प्रकृया अगाडी नबढेको जस्ता व्यहोरा देखिएका छन । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्नुपर्दछ

३. **पारिश्रमिक कर** – एक उद्योग अधिकृतको वार्षिक पारिश्रमिक आय रु.४ लाख ८२ हजार रहेकोमा आयकर ऐन, २०५८ को दफा ८७ बमोजिम रु १० हजार अग्रिम कर कट्टा गर्नु पर्नेमा रु.३ हजार मात्र कट्टागरेकोले घटी कट्टा भएको रु ७ हजार राजस्व दाखिला गर्नुपर्दछ ।

४. **कार्यसम्पादन जमानत** – समितिको निर्माणाधीन कार्यालय भवनको लागि एक निर्माण व्यवसायीसंग २०७२।१२।२३ सम्म निर्माण कार्य सम्पन्न गर्ने गरी रु.२ करोड २ लाख ६० हजारमा सम्झौता भएकोमा ठेक्का अवधिको म्याद मिति २०७३ आषाढ मसान्त सम्म मात्र थप भएको अवस्थामा निज निर्माण व्यवसायीले २०७३।४।१६ सम्म म्याद भएको रु.११ लाख ४५ हजारको कार्यसम्पादन जमानत पेश गरेको छ। सो को त्रुटी सच्याउने अवधि सम्मको म्याद थप हुनुपर्दछ । कन्टिन्जेन्सीबाट १ सेट ल्यापटप रु.६९ हजार खरिद गरी शहरी विकास तथा भवन निर्माण डिभिजन कार्यालय, इलाममा पठाएकोमा नियमानुसार हस्तान्तरण भएको प्रमाण पेश हुनपर्ने देखिएको छ ।

## जिल्ला आयुर्वेद कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** – कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना तयार नगरेको, जिन्सी खातामा सामानको परल मूल्य र स्पेशिफिकेसन नखुलेको, जिन्सी खाताको २०६८ सालमा जिम्मेवारी सारेकोमा कतिपय स्थानमा टिपेक्स समेत लगाएको, असार महिनाको खर्च बढी देखिएको, समयमा मर्मत लिलाम नभएको कारोवार गर्दा कर्मचारीको नाममा नगद झिकि विभिन्न आपूर्तिकर्तालाई भूक्तानी गरेको, स्रेस्ता व्यवस्थित नरहेको जस्ता व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण व्यवस्थालाई प्रभावकारी वनाउनु पर्ने देखिन्छ ।

२. **पारिश्रमिक कर –** कार्यालय प्रमुखको वार्षिक पारिश्रमिक आय रु.४ लाख ७१ हजार रहेको देखियो । उक्त आयमा आयकर ऐन, २०५८ को दफा ६३ बमोजिम घटाउन पाउने कर्मचारी सञ्चय कोष नागरिक लगानी कोष दुर्गम भत्ता, बीमा छुट लगायत कट्टा गरी रु.१० हजार कर कट्टा गर्नुपर्नेमा रु.३ हजारमात्र कट्टा गरेकोले रु.७ हजार र आठौं तहका एक आयुर्वेद चिकित्सकको वार्षिक पारिश्रमिक आय रु.५ लाख ४८ हजारमा रु.४ हजारमात्र कट्टा गरेको देखिएकोले घटी कट्टा भएको रु.११ हजार असुल गर्नुपर्दछ ।

३. **चिकित्सक भत्ता –** स्वास्थय सेवा नियमावली, २०५५ वमोजिम अस्पतालमा कार्यरत डाक्टरहरुलाई उनीहरुले अन्य वाह्य सेवा संचालन गर्न नपाए बापत चिकित्सक भत्ता भुक्तानी पाउने व्यवस्था भएपनि कार्यालयमा दरवन्दीमा रही २०७१।४।१५ देखि अध्ययन विदामा वसेको अवस्थामा एक आयुर्वेद चिकित्सकलाई मासिक रु.६,४५०।- का दरले निजको खातामा पठाउने गरेको देखियो । यसरी अध्ययन विदामा वसेको अवस्थामा समेत सो भत्ता दिन मिल्ने नदेखिएकोले रु.७४ हजार असुल हुनुपर्दछ ।

४. **सट्टा विदा** – स्वास्थ्य सेवा ऐन, २०५३ एवं नियमावली, २०५५ को नियम ५५ बमोजिम सार्वजनिक विदाको दिनमा काम गर्ने कर्मचारीहरुले जति दिन सार्वजनिक विदाको दिन काम गरेको हो, त्यति नै दिन तीन महिनाभित्र पालो मिलाई विदा लिनुपर्ने व्यवस्था गरेको पाइन्छ । कार्यालय प्रमुख, लेखापाल समेत ३ कर्मचारीले ६४ देखि ६७ दिन विदामा काम गरेकोमा ३ महिनासम्म पनि सट्टाविदा नलिएको आधार वेगर रु.१ लाख १६ हजार भुक्तानी लिएको मनासिव देखिएन ।

## जिल्ला कृषि विकास कार्यालय

१. **लक्ष्य प्रगति –** आफ्नो उद्देश्य अनुरुपको कार्य सम्पादन गर्न लक्ष्य निर्धारण गर्नुपर्ने सो अनुरुप कार्यसम्पादन र प्राप्त उपलब्धिको प्रतिवेदन तयार गर्नुपर्दछ । कार्यालयले कृषि प्रसार कार्यक्रमतर्फ वार्षिक भारित प्रगति ९८.४५ प्रतिशत देखाएको र योजना अनुगमन समन्वय कार्यक्रमतर्फ वार्षिक भारित ६६.६७ प्रतिशतमात्र प्रगति भएको देखिन्छ । दैवि प्रकोप राहत सङ्कलन अलैंची लगाउने १ कार्यको लागि रु.६० हजार बजेट विनियोजन भएकोमा सो कार्यक्रम नै सञ्चालन गरेको छैन । समयमा कार्यक्रम सञ्चालन हुनुपर्दछ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली** – कार्यालयले प्रचलित ऐन नियमको पालना गरि आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । कार्यालयले सार्वजनिक खरिद नियमावली, २०६४ अनुरुप स्पेशिफिकेशन तयार नगरेको, जिन्सी मालसामानको लिलाम विक्री एवं मर्मत सम्भार

नगरेको, सामानको स्पेशिफिकेशन, प्रति ईकाई मूल्य खुल्ने विवरण सहित नराखी पुरानो ढांचामा चढाएको, कतिपय सामान दाखिला नै नगरेकोमा लेखापरीक्षणको क्रममा औंल्याईएपछि मात्र दाखिला गरेको, २० प्रकारका सामान मर्मत हुन नसक्ने २४ प्रकारका सामान मर्मत गर्नुपर्ने भनि प्रतिवेदनमा उल्लेख गरेको भएपनि कारवाही नगरेको कार्यालयको लक्ष्य हासिल गर्न जोखिम पहिचान संयन्त्र नभएको, कर्मचारीहरुलाई कार्यविवरण नदिएको, भ्रमण अभिलेख नराखेको, वार्षिक आर्थिक तथा कार्यसम्पादन प्रतिवेदन तालुक निकाय नपठाएको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

३. **पेस्की कारोवार** – कर्मचारीहरुबाट कार्यक्रम सञ्चालन गर्न र सामान खरिद एवं वितरणको लागि एक व्यक्तिलाई ६ पटकसम्म पेस्की दिएको छ । तोकिएको समयमा फछ्र्यौट गर्नु गराउनुपर्नेमा विभिन्न कर्मचारीहरुलाई स्वीकृत कार्यक्रम एवं वजेट अनुसारको रकम एकमुष्ट एवं पटक पटक गरी पहिले लगेको पेस्की फछ्र्यौट नहुँदै पुन पेस्की माथि पेस्की दिई एकैपटक प्राय वर्षको अन्तमा अर्थात आषाढ २० देखि मसान्तसम्म मात्र सोको फांटवारी पेश गरी पेस्की फछ्र्यौट गरेको देखिन आयो । समयमा कार्यक्रम सञ्चालन गरी पेस्की फछ्र्यौट गर्नुपर्दछ ।

४. **न्यून प्रतिस्पर्धा** – कार्यालय परिसरमा कम्पाउण्डवाल निर्माणकोलागि रु.११ लाख ७६ हजार लागतअनुमान स्वीकृतगरी शिलवन्दी दरभाउपत्र आह्वान गर्दा विक्री भएका १४ शिलवन्दी दरभाउपत्रमध्ये ३ थान दर्ता हुन आएकोमा घटी कवोल गर्ने एक कन्स्ट्रक्सनको लागत अनुमान भन्दा ०.८९ प्रतिशत घटी कवोल गर्ने दरभाउपत्र स्वीकृत गरे बमोजिम रु.१३ लाख १७ लाखमा कार्यसम्पन्न भएको छ । दरभाउपत्र विक्री र दर्ता भएको संख्या र कवोल अंकले उक्त कार्यमा दरभाउपत्र दाताहरुबीच मिलोमतो नभई स्वतन्त्र प्रतिस्पर्धात्मक स्थितिमा ठेक्का प्रक्रिया भएको सम्बन्धमा विस्वस्थ हुने आधार देखिएन ।

सम्झौतामा २३४ घनमिटर माटो खन्ने काम मेशिनद्वारा प्रति घनमिटर रु.१६५ र ४३.४७ घनमिटर मानिसबाट प्रति घनमिटर रु.१०००।- को दरले गर्ने भएपनि सोको मापनमा २०५ घनमिटर. मेशिनले गरेको र ६२.७६ घनमिटर मानिसले गरेको भनी सोहीबमोजिम निमार्ण व्यावसायीलाई भुक्तानी दिएको देखियो । यसरी कम दरको काम घटी र वढी दरको काम धेरै वढी भएको भनी मापन गराई सोही बमोजिम भुक्तानी भएको र फिल्ड निरीक्षण गर्दा सबै काम डोजरको प्रयोगबाट गरिएको देखिदा छानबिन गरी बढी भुक्तनी भएको रकम असुल गर्नुपर्दछ ।

५. **असुली** – कार्यालय मार्फत विभिन्न कार्यक्रम सञ्चालन गरी विभिन्न व्यक्तिको नाममा भपारईको आधारमा पटक पटक भुक्तानी स्वीकृत दररेट भन्दा वढी दरमा ढुवानी गरेको रु.१२ हजार, घटी परीमाणको विउ वितरण गरेका रु रु.९ हजार, मौरी घार वितरण नगरेको रु.६ हजार, कृषि सामाग्री खरिद एवं ढुवानी र वृत्तचित्र तयार गर्दा कर नकटाएको रु.२९ हजार अग्रिम कर समेत असुल हुनुपर्दछ । त्यस्तै एक कर्मचारीको नपाउने स्थानीय भत्ता ५ महिनाको प्रतिमहिना ३०६० को दरले रु.१५ हजार, २ कर्मचारीलाई बढी भुक्तानी भएको ग्रेड रु.५ हजार, कृषि सामाग्री खरिद एवं ढुवानी बापतबहाल कर कट्टी नगरेको रु.११ हजार असुल हुनुपर्दछ ।

६. **पेस्की** – आर्थिक वर्षको अन्तसम्म वाल विकास अधिकृतको नाममा रु.१५ हजार र एक प्राविधिक सहायकको नाममा रु.२ हजार समेत फछ्र्यौट नभई बांकी रहेको पेस्की रु.१७ हजार आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ बमोजिम असुल फछ्र्यौट गर्नुपर्दछ ।

## नापी कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली** – कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना तयार नगरेको, कार्यालयमा उपलब्ध भएको जिन्सी खातामा पुरानो सामानको परल मुल्य नखुलेको, अधिकांश सामानको स्पेशिफिकेसन नखुलेको जस्ता व्यहोरा देखिएको छ । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **खर्च संरचना** – स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा कार्यक्रम सञ्चालन गर्नुपर्नेमा पूँजीगत खर्चतर्फ पहिलो चौमासिकमा कुल खर्चको शून्य प्रतिशत, दोस्रो चौमासिकमा ८.४४ प्रतिशत र तेस्रो चौमासिकमा ९१.५६ प्रतिशत खर्च भएको छ । असारमा मात्र झण्डै पचास प्रतिशत खर्च भएकोले असमान तवरले खर्च गरी बजेट शुन्य बनाउने प्रवृति नियन्त्रण हुनु पर्दछ ।

## जिल्ला प्रशासन कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली –** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको कार्यान्वयनको मूल्याङ्कन गर्दाकार्यालयले रु.४४ लाख ४४ हजार खर्च लेखेकोमा तलवी प्रतिवेदन पारीत नभएको, धरौटीको आर्थिक विवरण प्रमाणित नभएको, रसिद नियन्त्रण खाता अद्यावधिक र व्यवस्थित नगरेको,वार्षिक खरिद योजना तयार नगरेको, कार्यालयमा उपलब्ध भएको जिन्सी खातामा पुरानो सामानको परल मूल्य नखुलेको, खरिद गरेको सामान समेतको स्पेशिफिकेसन नखुलेको, कार्य सम्पादन प्रतिवेदन तयार नगरेको,चल्ती मेशीन र सवारी साधन मर्मत गर्दा म.ले.प.फा.नं.२ मा अभिलेख नराखेको जस्ता व्यहोरा देखिएको छ । कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२. **भवन निर्माण –** कार्यालयको लागि भवन निर्माण गर्नएक जे.भि.को मूल्य अभिवृद्धि कर समेत रु.६ करोड १९ लाख ६६ हजारमा बोलपत्र स्वीकृत गरी २०७२।१२।१९ सम्ममा सम्पन्न गर्ने कार्यादेश दिएको मा विभिन्न कारण देखाई ६ महिना म्याद थप भएको छ । यो वर्षसम्म रु.३ करोड ९७ लाख ८० हजार भुक्तानी गरेको देखियो । भवनको सुरु लागत अनुमानमा छुट भएको भनी रु.२३ लाख ८९ हजारमा भेरीएशन स्वीकृत गरेको देखिन्छ । सो निर्माण व्यवसायीको नाममा वर्षको अन्तसम्म रु.२७ लाख ५२ हजार पेस्की बांकी रहेकोमा बैंक जमानतको म्याद २०७३।०५।२५ सम्म मात्र रहेको छ । म्याद थप अबधिमा पनि निर्माण कार्य पुरा नभएको र जमानतको म्यादसमेत समाप्त भएको छ । नियमानुसार पेस्की फछ्र्यौट एवं कार्य तालिका अनुसार कार्य गराउनुपर्दछ ।

३. **अनुगमन मूल्याङ्कन** – जिल्ला शान्ति समितिबाट क्षमता विकास कार्यक्रम तर्फ खर्च रु.२ लाख ५० हजार, संक्रमणकालीन न्याय तथा द्वन्द व्यवस्थापन सम्बन्धी तालिम रु.१ लाख र अनुगमन मूल्याङ्कन कार्यक्रममा रु.५० हजार खर्च गरेकोमा लक्ष्य प्रगति विवरण पेश नभएको, अनुगमन मूल्याङ्कन नभएकोले सञ्चालित कार्यक्रमबाट उद्देश्य हासिल भयो भनी यकिन हुन सकेन । कार्यक्रम सञ्चालनको लागि दिएको पेस्की फछ्र्यौट हुँदा २ कर्मचारीबाट रु.१३ हजार अग्रिम आयकर कट्टी नगरेकोले असुलउपर हुनुपर्दछ ।

४. **असुली** – आयकर ऐन, २०५८ को दफा ८९ बमोजिम १.५ प्रतिशत अग्रिम कर कट्टी गर्नुपर्ने व्यवस्था भएकोमा एक आपूर्तकलाई रु.२ लाख ५०हजार र एक फर्निचर लाई रु.१ लाख ९० हजार भूक्तानी दिएकोमा नपुग अग्रिम आयकर रु.४ हजार असुल गर्नुपर्ने देखिएको छ ।

## जिल्ला प्रहरी कार्यालय, ताप्लेजुङ्ग

१ **आन्तरिक नियन्त्रण प्रणाली –** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा खरिद योजना तयार नगरेको, जिन्सी खातामा सामानको परल मूल्य र स्पेशिफिकेसन नखुलेको, समयमा मर्मत लिलाम नभएको राशन खर्च लेख्दा सम्बन्धित कार्यालयको प्रशासन शाखाबाट दरवन्दी र काजमा रहेका कर्मचारीको विवरण प्रमाणीत गरेतापनि व्यवस्थित हुने गरी अभिलेख नराखेको, राशन खर्च लेख्दा प्रत्येक महिनाका लागि कर्मचारीको दैनिक हाजिरी विवरण काज, सरुवाको विवरणलाई अद्यावधिक नगरेको जस्ता व्यहोरा देखिएकोले आन्तरिक नियन्त्रण व्यवस्थालाई प्रभावकारी बनाउनुपर्ने देखिन्छ ।

२ **लक्ष्य तथा प्रगति –** लक्ष्य अनुसार कार्यक्रम सञ्चालन गरी प्रगति तयार गर्नुपर्दछ । कार्यालयले यो वर्ष रु.१ करोड ५ लाख ८५ हजार खर्च गरेकोमध्ये तेस्रो चौमासिकमा रु.६० लाख ७२ हजार खर्च भएको छ । जुन कुल खर्चको ५७.३६ प्रतिशत हो । वार्षिक कार्यक्रम तथा लक्ष्य प्रगति विवरण तयार गरेको समेत देखिएन ।

३ **भवन निर्माण –** यस कार्यालयको ब्यारेक भवन निर्माणको लागि रु.२ करोड २५ लाख ८६ हजार लागत अनुमान स्वीकृत गरे बमोजिम ठेक्का व्यवस्थाको गर्दा रु.२ करोड २३ लाख ३५ हजार अर्थात १.११ प्रतिशत घटी कवोल अङ्क रहेको बोलपत्र २०७२।८।२५ मा स्वीकृत गरी २०७२।९।३ मा १५ महिनाभित्र सम्पन्न गर्ने गरी सम्झौता भएको देखियो । उपर्युक्त बमोजिम ठेक्का व्यवस्था हुंदा निर्माण व्यवसायीहरुको बोलपत्र दर्ता संख्या र कवोलअङ्कको विश्लेषणगर्दा निर्माण व्यवसायीहरुबीच स्वतन्त्र प्रतिस्पर्धात्मक स्थिति रहेको सम्बन्धमा आस्वस्त हुने अवस्था देखिदैन । उक्त निर्माणको यो वर्ष ४० प्रतिशत समय व्यतित हुंदा जम्मा ३० प्रतिशत कार्य भएको देखिदा निर्धारित समयमा काम सम्पन्न हुने गरी कार्य गराउनेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

४ **राजस्व** – कार्यालयले म.ले.प. फा.नं १०८ ख खाता राख्नुपर्नेमा राखेको छैन । सवारी जरिवाना बापत २०७०।७१ मा रु.२ लाख ४५ हजार, २०७१।७२ मा रु.३ लाख ४५ हजार र यस वर्षमा रु.२ लाख ६१ हजार राजस्व उठाएको छ । बाटोको सहजता, सवारी संख्यामा बढोत्तरी भएको अवस्था तथा जिल्लामा स्थानीय सडकहरु सञ्चालनमा रहेको र यसको प्रयोगमा बढोत्तरी भैरहेको अवस्थालाई ध्यान दिदै ट्राफिक व्यवस्थापन गदै जानुपर्दछ ।

## जिल्ला प्राविधिक कार्यालय

१. **चौमासिक तथा पूँजीगत खर्च –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० को अनुसूची १ अनुसार स्वीकृत वार्षिक कार्यक्रममा प्रथम, दोस्रो र तेस्रो चौमासिकमा सञ्चालन गर्ने कामको परिमाण र खर्च रकम उल्लेख छ । वार्षिक पूँजीगत तथा कार्यक्रमगत खर्च रु.२ करोड ५८ लाख ५ हजारमध्ये तेस्रो चौमासिकमा रु.२ करोड ४० लाख ६२ हजार खर्च भएकोमध्ये आषाढ महिनामा मात्र रु.१ करोड ९८ लाख ८१ हजार खर्च भएको छ जुन तेस्रो चौमासिकको खर्च रकम कुल खर्चको ९३.२५ प्रतिशत, आषाढ महिनाको खर्च तेस्रो चौमासिकमा

भएको खर्चको ८२.६२ प्रतिशत र समग्र खर्चको ७७.०४ प्रतिशत रहेको छ । तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो अंश खर्च भएको देखिएकोले स्वीकृत कार्यक्रमहरु समयमै सम्पन्न गर्नुपर्दछ ।

२. **योजना हस्तान्तरण –** कार्यालयले यो वर्ष रु.२ करोड ५८ लाख ५ हजार खर्च गरि ४९ योजना सञ्चालन गरेकोमध्ये ६ योजना सम्पन्न भएकोमा विधिवत रुपमा रेखदेख मर्मत सम्भार गर्ने जिम्मेवारी तोकी आयोजनाको स्वामित्व उपभोक्ता समितिलाई हस्तान्तरण गरेको देखिएन । योजनाको मर्मत सम्भार रेखदेखमा स्वामित्व बढाई जिम्मेवार समेत दिने परीपाटी मार्फत विकास योजनाको दिगोपन स्थापित गर्नुपर्दछ ।

३. **आन्तरिक नियन्त्रण प्रणाली –** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा कार्यालयमा उपलव्ध भएको जिन्सी खातामा पुरानो सामानको परल मुल्य नखुलेको, अधिकाश सामानको स्पेशिफिकेसन, जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका मर्मत लिलाम गर्नुपर्ने सामानको समयमा सो काम नगरेको, कामसँग सम्बन्धित सम्भावित जोखिमहरु पहिचान गर्ने, तिनको विश्लेषण गर्ने र सो अनुरुप आवश्यक नियन्त्रण प्रणाली तयार नगरेको, कर्मचारीहरुको कार्य विवरण तयार नगरेको, वार्षिक दशलाख रुपैयाभन्दा बढी रकमको खरिद गर्दा खरिद योजना नबनाएको, उपभोक्ता समिति पेश गरेको खर्च रकमलाई पुष्ट्याई गर्ने बिल भर्पाइ र अन्य कागजात बैठकबाट अनुमोदन गर्ने नगरेको, प्राविधिक क्रियाकलापकोलागि जिल्लामा स्थलगत कार्य गर्न खटिएको निकायले नै निर्माण कार्यको एकीकृत लागत अनुमान र स्रोतको बारेमा यकिन नगरी भवन बनाउंदाको झ्याल, ढोका मात्र जग भन्दा माथि छत भन्दा तलको भवनको लागत अनुमान मात्र वा कतै छानोको मात्र लागत अनुमान तयार गरेको जस्ता व्यहोरा देखिएका छन् । प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

४. **दोहोरो कार्य** – जिल्ला स्थित विभिन्न विद्यालयमा जिल्ला शिक्षा कार्यालयबाट रु.१ करोड ७४ लाख ५० हजार भुक्तानी भएको अवस्थामा यस कार्यालयबाट सोही विद्यालयमा भवन निर्माण भनी कन्टिन्जेन्सी वाहेक रु.३९ लाख४१ हजार रकम निकासा गएको देखियो । यसरी एकै विद्यालयका लागि एउटै प्रयोजनमा फरक फरक निकायबाट रकम निकासा हुंदा कुन कुन भाग कसले तयार गर्नुपर्ने हो, एकीकृत लागत अनुमान तयार गरी कार्यालयहरुबीच समन्वय गरी दोहोरो नपर्ने गरी सम्झौताबाट काम सम्पन्न गर्नुपर्नेमा त्यसो नभएको र दोहोरो पर्ने अवस्था समेत देखिएको कारण विगत देखीकै विवरण लिई वित्तीय र प्राविधिक दृष्टिकोणबाट आवश्यक छानविन गरी दोहोरो भए नभएको यकिन गर्नुपर्ने देखिन्छ ।

५. **पुनर्निर्माण तथा पुनर्स्थापन कार्यक्रम** – सान्थाका गाउं विकास समिति भवन निर्माण कार्यको लागि रु.१० लाख बजेट विनियोजन भएकोमा सो रकमको ५ प्रतिशतले हुने रु.५० हजार कन्टिजेन्सी बापत खर्च लेखेको पाइयो । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ तथा अनुसूची १ अनुसार वर्कचार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च बापत २.५ प्रतिशत कन्टिजेन्सी बापत खर्च गर्न सकिने व्यवस्था छ । कार्यालयले भवन निर्माणको जम्मा लागत अनुमान रु.८ लाख ४० हजारमा यसमा ५ प्रतिशत थप गरेको रकम रु.४२ हजार मात्र खर्च गर्नपाउनेमा रु.५० हजार खर्च गरेकोले कन्टिन्जेन्सी खर्च बढी लेखेको रु.८ हजार असुल हुनुपर्दछ ।

६. **लक्ष्य प्रगति** – यस शीर्षकतर्फ २३ कार्यक्रम स्वीकृत भएकोमा यो बर्ष नारायणी माध्यमिक विद्यालय साँघु र सहिद पार्क फुडलिङतर्फ कुनै काम नभई शून्य प्रगति देखाएको छ साथै पुनर्निर्माण तथा पुनर्स्थापना कार्यक्रमतर्फ थेचम्बु निम्न माध्यमिक विद्यालय, गाउं विकास समिति भवन आङखोपको समेत शून्य प्रगति देखिएको छ । गाउं विकास समिति भवन खेजेनिमको ३.६९ प्रतिशतमात्र काम भएको देखिन्छ । यसरी काम सम्पन्न नगरी कम प्रगति भएको सम्बन्धमा आधार स्पष्ट गरेको छैन ।

७. **पेश्की** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३ बमोजिम४ निर्माण व्यवसायीलाई दिएको रु.५७ लाख ३४ हजार मोबिलाईजेशन पेश्की फछ्र्यौट गर्नुपर्नेमा वर्षको अन्त सम्म फछ्र्यौट हुन बांकी रहेकोले नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

८. **भाडाकर** – ढुङ्गेसाँघुको एक उच्च माध्यमिक विद्यालय भवन निर्माणको लागि सामाग्रीहरु ढुवानी गरे बापत रु. ३२ हजार भुक्तानी गरेको बिल पेश भएकोमा आयकर ऐन, २०५८ को दफा ८७बमोजिम १० प्रतिशत कर नकटाएकोले सम्बन्धितबाट रु.३ हजार असुल हुनुपर्दछ ।

९. **बैठक भत्ता** – वृद्ध आश्रम भवन निर्माणको लागि विभिन्न निर्माण सामाग्री ढुवानी बापत रु.५६ हजार भुक्तानी भएको बिल पेश भएकोमा १० प्रतिशत कर नकटाएको रु.६ हजार कार्यालयको विभिन्न ठेक्काको बोलपत्र खोल्दाको दिन कार्यालय समयमा उपस्थित कर्मचारीहरुको लागि बैठक भत्ता उपलव्ध गराएको देखियो । कार्यालय समयमा बसेको ४ बैठकमा ५१ जना उपस्थित भई बैठक भत्ता भुक्तानी बापत रु.४३ हजार खर्च लेखेकोले सो असुल हुनुपर्दछ ।

## जिल्ला विकास समितिको कार्यालय

१. **बैंक हिसाब विवरण** – कार्यालयले लेखापरीक्षणको लागि पेश गरेको एकीकृत आय व्यय विवरण अनुसार रु.८ करोड ५१ लाख २३ हजार मौज्दात देखाएको छ । बैंक हिसाब मिलान विवरण तयार नगरेको कारणले बैक मौज्दात र श्रेस्ताले देखाएको मौज्दात विच तुलना गर्न सकिएन । बैंक हिसाब मिलान विवरण तयार गरी मौज्दात यकिन गर्नुपर्दछ ।

१.१ समिति कोषतर्फ गत वर्षसम्मको मौज्दात रु.४ करोड ७९ लाख २१ हजार रहेकोमा यस वर्षको आय रु.१० करोड ३८ लाख ९१ हजार थप भई जम्मा आय रु.१५ करोड १८ लाख १२ हजार पुगेकोमध्ये यो वर्ष रु.६ करोड ६६ लाख ८९ हजार खर्च भई वर्षको अन्त्यमा रु.८ करोड ५१ लाख २३ हजार मौज्दात बाँकी रहेकोमा २०७३ आषाढ मसान्तको सबै खाताको बैंक विवरण अनुसार रु.८ करोड ६३ लाख १५ हजार देखिएको छ । कार्यालयले बैंक हिसाव विवरण तयार नगरेको कारण श्रेस्ता अनुसारको मौज्दात भन्दा बैंक मौज्दात रु.११ लाख ९२ हजारले बढी देखिएको सम्बन्धमा यकिन गर्न सकिएन। तसर्थ सो एकिन गरी श्रेस्तामा आम्दानी गर्नुपर्ने देखिन्छ ।

२. **राजस्व** – सडक बोर्ड तर्फ रु.२५ लाखको विनियोजन वजेट तथा खर्च गर्ने अख्तियारी २०७३ आषाढ २५ गते मात्र प्राप्त भएको छ । उक्त वजेट रकमको २५ प्रतिशतले हुने रकम रु.६ लाख २५ हजार जिल्ला विकास समिति आयोजनाबाट म्याचिङ फण्डमा राखेको देखियो । सडक बोर्डतर्फ कार्यक्रम नै सञ्चालन नभएको अवस्थामा त्यसरी रकम राख्न नमिल्ने भनी लेखापरीक्षणको क्रममा औंल्याईए पछि राजस्व खातामा दाखिला गरेकोछ ।

३. **गुम्बा मर्मत** – ड्राफ्ट मार्फत गुम्बा मर्मतको लागि प्राप्त भएको गत विगत धेरै आर्थिक वर्षदेखि नै जिम्मेवारी सारिदै ल्याएकोरु.५३ हजार सञ्चित कोष दाखिला हुनुपर्ने देखिएको छ ।

४. **बजेट निष्क्रिय** – रोयल्टी व्यवस्थापन तथा वितरण शीर्षकमा रु.२ लाख २५ हजार बजेट विनियोजन भएकोमा खर्च नभई पूरै बजेट निष्क्रिय भए तापनि सो रकम आन्तरिक कोष खातामा ट्रान्स्फर गरेको पाइयो । वर्षान्तमा खर्च नभई बांकी रहेको उक्त रकम रोयल्टी व्यवस्थापनको लागि प्राप्त केन्द्रिय बजेट भएकोले निकासा फिर्ता गर्नुपर्ने देखिएको छ ।

५. **लक्ष्य प्रगति** – स्वीकृत वार्षिक कार्यक्रम अनुसार विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रमतर्फ सडक र झोलुङ्गे पुलनिर्माणको वार्षिक लक्ष्य रहेकोमा १३ पुलको ७६.४७ प्रतिशत प्रगति भएको देखाएको छ । ४ पुलको कुनै पनि प्रगति नभएको र सिभिल कन्स्ट्रक्सन तर्फ ५९.८ प्रतिशत, ए.एम.पी.कार्यक्रमको कार्यान्वयनतर्फ शून्य प्रतिशत प्रगति देखिएको छ । कन्टिजेन्सीको रकम भने शतप्रतिशत खर्चगरेको छ । साना सिंचाइ, नदी नियन्त्रण तथा पुर्वाधार विकास कार्यक्रम अन्तर्गत स्वीकृत वार्षिक कार्यक्रम अनुसार निर्धारित लक्ष्य मध्ये सुवाखोला आङखोप–८ खिर्लावोटे सडक १६ कि.मि बाटोको कुनै काम भएको छैन । ग्रामिण खानेपानी तथा सरसफाइ कार्यक्रम अन्तर्गत निर्धारित लक्ष्य अनुसार विभिन्न ७ मध्ये ४ वटाको काम नै नभएको प्रगति विवरणबाट देखिन्छ । आर्थिक केन्द्र तथा दुई जिल्ला जोड्ने सडकतर्फ विभिन्न ५ सडक निर्माणको लक्ष्य लिएकोमा कुनै काम भएको छैन । यसको अतिरिक्त सडकवोर्ड, स्थानीय स्तरको पहुंच मार्ग लगायतका अधिकांश आयोजनामा लक्ष्यको तुलनामा प्रगति न्यून रहेको छ । लक्ष्यअनुसार प्रगति हासिल गर्ने तर्फ कार्यालयले ध्यान दिनुपर्दछ ।

६ **अनुदान रकम फिर्ता** – संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको २०७१।४।६ को निर्णय तथा २०७१।४।७ को परिपत्र अनुसार स्थानीय निकायहरुमा निकासा भै जाने केन्द्रिय अनुदान तर्फको रकमहरु खर्च नभै बांकी रहेमा सवै रकम सर्वसंचित कोषमा दाखिला गर्नुपर्नेमा यस जिल्लाको ४८ गाउं विकास समितिमध्ये ११ गाउं विकास समितिको खातामा आर्थिक वर्षको अन्त्यसम्ममा खर्च नभई रु.१६ लाख ६ हजार बांकी रहेकोछ । सो रकम सञ्चित कोषमा दाखिला गर्नुपर्ने देखिएको छ ।

७. **कोष सञ्चालन र व्यवस्थापन** – जिल्ला विकास समितिमा प्राप्त रकम जिल्ला विकास कोषको मुल खातामा जम्मा नगरी खर्च गर्न नपाइने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन् :

७.१ कोषमा जम्मा भएको रकमको श्रोत अनुसारको अभिलेख खडा गरी चालु र पूँजीगत छुट्टा छुट्टै खातामा ट्रान्सफर रकम मध्ये खर्च नभई बाँकी रहेको रकम आर्थिक वर्षको अन्त्यमा पुनः मूल कोष खातामा जम्मा भएको देखिने हिसाव विवरण तयार गरेको छैन ।

७.२ स्थानीय निकाय कार्य सञ्चालन खाता ग-२.१ चालु, ग-२.२ पूँजीगत तथा धरौटी खाता र कर्मचारी कल्याण कोषका लागि छुट्टै कार्य सञ्चालन खाता तोकेको छ । आर्थिक वर्षको अन्त्यमा खर्च नभई बाँकी रहेको कार्यसञ्चालन खाताको रकम र गैह्र कार्यसञ्चालन खाताको रकम समेत एउटा मुल कोष खातामा फिर्ता गर्नु पर्ने र त्यसरी फिर्ता गर्दा नेपालसरकारवाट प्राप्त फ्रिज गर्नु पर्ने रकम नेपाल सरकारको केन्द्रिय खातामा र फ्रिज गर्न नपर्ने (ग) समुहको गैह्र कार्य सञ्चालन खाताको सवै रकम मुलकोष खातामा जम्मा गर्नु पर्दछ । कार्यालयवाट पेश भएको बैंक मौज्दात विवरण अनुसार आर्थिक बर्षको अन्त्यमा ग-२.१ र ग-२.२ खातामा रकम मौज्दात नै रहेको देखियो । सवै मौज्दात रकम मुलकोष खातामा ट्रान्सफर गरेको देखिएन ।

८. **झोलुङ्गेपुलको अभिलेख** – जिल्लामा निर्माण भएका सम्पूर्ण झोलुङ्गेपुलहरुको अवस्था अद्यावधिक अभिलेख तयार गरी प्रत्येक आर्थिक बर्ष समाप्त भएको ३० दिनभित्रमा सम्वन्धित मन्त्रालयमा

उपलब्ध गराउनुपर्ने व्यहोरा उल्लेख छ । यो वर्ष सो बमोजिमको अभिलेख तयार गरेको छैन । झोलुङ्गे पुलहरुको मर्मत सम्भार तथा निर्माणमा रु.५३ लाख २९ हजार खर्च भएको देखिएको छ । त्यस्तै विकेन्द्रित ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रम अन्तर्गत पनि झोलुङ्गे पुलहरुको निर्माण कार्य भईरहेको छ । उक्त कार्यक्रमबाट यो बर्ष १३ पुलको निर्माणमा रु.८ करोड २० लाख २९ हजार खर्च गरेको पाईयो । चाँडै पुनर्स्थापना र मर्मत गर्नुपर्ने अवस्थाका झोलुङ्गे पुलहरुमा आवतजावत गर्दा यात्रुहरुलाई बढी जोखिम हुने भएकोले अभिलेख राखी मर्मत सम्भार तथा पुनर्स्थापनामा समयमै उचित ध्यान पुऱ्याउनु पर्दछ ।

९. **चौमासिक खर्च** – चौमासिक रुपमा वार्षिक कार्यक्रम स्वीकृत गरी सोही बमोजिम चौमासिक रुपमा लक्ष्य तोकी बजेट विनियोजन गरिएको हुन्छ । यो वर्ष २२ बजेट उप शिर्षकहरुमारु.३४ करोड ४९ लाख ५९ हजारखर्च भएकोमध्ये तेस्रो चौमासिकमा रु.१८ करोड ५५ लाख ८५ हजार भएको छ भने आषाढ महिनामा मात्र रु.८ करोड ९ लाख ३६ हजार खर्च भएको छ । तेस्रो चौमासिक र आषाढ महिनाको खर्चको समग्र प्रतिशत क्रमश:४६.९८ र २०.४९ रहेको छ । तेस्रो चौमासिक र आषाढ महिनामा विनियोजित रकमको ठूलो अंश खर्च गरिदा योजनाको गुणस्तरमा प्रभाव पर्न जाने अवस्था सिर्जना हुने देखिन्छ । तेस्रो चौमासिक र आषाढ महिनामा बढी रकम खर्च नगरी कार्यक्रम अनुसार खर्च गर्न सम्बन्धित निकायले ध्यान दिनुपर्दछ ।

१०. **ठेक्का फरफारक** – विकेन्द्रित ग्रामिण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रमतर्फ साँघु चाँगे सडककोचेनेज नं. २१+४०५ देखि २३+२४३ र २५+२०० देखि २८+०९० कि.मि. सम्म४७२८ मिटर सडकट्र्याक खोल्न एक निर्माण व्यवसायीको रु.३ करोड ५ लाख ६१ हजारको बोलपत्र स्वीकृत गरेकोमा निर्माण व्यवसायीले म्याद थप माग गरेबमोजिम ४ महिना म्याद थप भएको अवधिमा समेत काम गर्न नसकेको, थप समयमा पनि कार्य प्रगति सन्तोषजनक नभई सम्झौता रकममा ०.०५ प्रतिशत पूर्वनिर्धारित क्षतिपूर्ति नलिई दोश्रो पटक थप १०० दिन म्याद दिइएको, उक्त अवधिमा समेत कार्य सम्पन्न हुन नसकेको र निज निर्माण व्यावसायीको कार्य सन्तोषजनक नभएको भनी २०७२।११।१३ सम्म भएको कार्यको प्राविधिक मूल्याङ्कन अनुसारको रकम पूर्वनिर्धारित १०० दिनको क्षतिपूर्ति र ५ प्रतिशत धरौटी कट्टा गरी बांकी रु.९२ लाख ४९ हजार भुक्तानी दिई ठेक्का फरफारक गरेको देखियो । सो सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छन :

(क) पूर्वनिर्धारित क्षति पूर्ति बापत थप भएको ४ महिना पछिको १०० दिनको मात्र हर्जना लिएको देखिन्छ । यो आर्थिक वर्षको अन्तसम्म ठेक्काका म्याद थप तथा अन्य आवस्यक कारवाही अगाडी नवढाएको अवस्थामा वांकी अवधि १०९ दिनको हर्जना लिएको देखिंदैन । तसर्थ उक्त नियमावली वमोजिम म्याद थप नभएको अवधिको बढीमा १० प्रतिशतसम्म हर्जना लिई बांकी काम गराउन पर्नेमा सो वमोजिम नगरेकोले घटी हर्जना लिएको रु.१३ लाख ५२ हजार असुल गर्नुपर्ने देखिन्छ ।

(ख) सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४१ बमोजिम निर्माण व्यवसायीलाई कालो सूचिमा राख्ने कारवाहीको लागि विस्तृत कारण खुलाई कागजात सहित सार्वजनिक खरिद अनुगमन कार्यालयलाई लेखी पठाउनुपर्नेमा यस आयोजनाले उक्त निमार्ण व्यवसायीलाई कालो सुचिमा राख्ने लगायतको आवस्यक कारवाही नगरी म्याद थप नभएको अवधिको हर्जना समेत पुरै नलिई निर्माण व्यवसायीलाई सहुलियत दिने मनसायबाट ठेक्का फरफारक गर्ने सम्बन्धित व्यक्तिलाई जिम्मेवार बनाउनुपर्दछ ।

(ग) ठेक्का फरफारक हुंदा सो अवधिसम्म सम्पन्न कामको पुरै रकमको मूल्य अभिवृद्धि कर बापतको रु.१५ लाख ३ हजार प्रतिलिपि कर विजकको आधारमा भुक्तानी दिएकोले सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा मुल्य अभिवृद्धि कर समायोजन प्रमाण पेश नभएमासो रकम असुल हुनुपर्दछ ।

११ **असुली**– यस सम्बन्धमा प्रमुख व्यहोरा निम्न छन् :

११.१ एक जिल्ला ईन्जिनियर २०७२।८।४ देखि २०७२।८।१०सम्म जिल्ला भित्र र २०७२।८।१२ देखि २०७२।९।५ सम्म काठमाडौ, वुटवल काज तथा बिदा बसे अनुसार दैनिक भत्ता बापत रु.४६ हजार भुक्तानी लिएको छ । ७ दिनभन्दा बढी अवधिको काज एकतह माथिको पदाधिकारीको स्वीकृत लिनुपर्नेमा नलिएको, भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ११ बमोजिम नपाउने स्थानीय भत्ता रु.५ हजार, ७ दिन भन्दा बढी १४ दिनसम्मको दैनिक भत्ताको आधा र फर्केको दिनको २५ प्रतिशत मात्र पाउनेमा पुरै अवधिको शतप्रतिशत रकम दिएकोले रु.५ हजार,समेत नपाउने सुविधा लिएको रु.१० हजार असुल गर्नुपर्दछ ।

११.२ ईन्धन खर्च बापत एक आयलस्टोरको बिलवाट रु.२० हजार खर्च लेखेकोमा पुष्टि हुने प्रमाण पेश नभएकोले असुल गर्नुपर्ने, कार्यालयमा ३ गाडी भएको अवस्थामा स्टोर किपर मार्फत गाडि रिर्जभ गरेको भनि रु.२४ हजार खर्च लेखेको छ। गाडि रिजर्भको आवस्यकता किटान वेगर यस्तो खर्च भुक्तानी गरेको मनासिव नदेखिएको, सो भुक्तानीमा आयकरऐन २०५८ को दफा ८७ बमोजिम १० प्रतिशतले हुने कर नकटाएकोले असुल गर्नुपर्ने, एक सामाजिक परिचालकले लिएको कार्यक्रम पेस्की फछ्र्यौट हुंदा रु.२ लाख १६ हजार मात्रको बिल भर्पाइ संलग्न रहेकोमा रु.२ लाख ३६ हजारको खर्च दावी गरेको रु.२० हजार, गाउं विकास समितिको खातामा पठाएको अनुदान रकम रु.८ करोड ६८ लाख १९ हजारको १ प्रतिशतले हुने रु.८ लाख ६८ हजार प्रशाशनिक खर्च कटाउनु पाउनेमा रु.८ लाख ७७ हजार कटाएकोले बढी कटाएको रु.९ हजार र एक लेखापालले वैठक भत्ता नवुझाएको रु.३ हजारसमेत असुल हुनुपर्दछ ।

११.३ कार्यालयले आय ठेक्काका २ व्यवसायीबाट गत वर्षसम्मको रु.६ लाख ५९ हजार कर दस्तुर र विक्री बापतको रकम असुल नगरेकोले असुल गर्नुपर्ने भनी विगतवर्षहरुदेखि उल्लेख गरी आएकोमा हालसम्म पनि सो रकम असुल नभएकोले असुल गर्नुपर्दछ ।

११.४ अपाङ्ग उत्थान समिति तर्फबाट एक कर्मचारीलाई दिएको कार्यक्रम सञ्चालन पेस्की फछ्र्यौट हुँदा नगद फिर्ता भएको रु.१ हजार बैंक दाखिला भएको प्रमाण पेश नभएको र बिल भरपाई बेगर खर्च लेखेको रु.८३ हजार असुल हुनुपर्दछ ।

१२. **दोहोरो मापदण्ड** – विभिन्न १४ झोलुङ्गेपुल र १ ट्रष्टबृजको लागि आवश्यक पर्ने फेव्रिकेट स्टील पार्टस कार्यस्थलमा आपूर्ति गर्ने कार्यकोलागि २ प्याकेजमध्ये ९ पुलको लागि पहिलो प्याकेजको रु.७० लाख ५१ हजारका दरले र ६ पुलको लागि रु.५५ लाख ४७ हजारको लागत अनुमान स्वीकृत गरी एक राष्ट्रिय दैनिकमा ७ दिने सूचना प्रकाशन गरी बोलपत्र माग गरेकोमा २ प्याकेजको लागि ३ बोलपत्र बिक्री भएको र ३ थान नै दर्ता भएको आधारमा दुवै प्याकेजको लागि एक/एक बोलपत्रदातासंग खरिद सम्झौता गरेको देखियो । सोसम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् :

(क) आयोजनाले अन्य प्राय सवैकार्य र सेवा सुविधा लगायतमा नेपाल सरकारको सार्वजनिक खरिद कानुनलाई आधार मानि भुक्तानी खर्च लेखेकोमा रु.६० लाख रुपैंयासम्मको निर्माण कार्यको बोलपत्र आह्वानको सूचनामा लागत अनुमानको रकम खुलाउनुपर्नेमा नखुलाएको, बोलपत्र आह्वानको सूचनाको हकमा कम्तिमा ३० दिनको अवधि तोकिनुपर्नेमा जम्मा ७ दिनको अवधि

तोकि सूचना प्रकाशन गरेको, कार्य सम्पादन जमानत समेत नलिएको अवस्था छ । एशियाली विकास बैंक गाईडलाईन अनुसार १ लाख डलरसम्म सोझै खरिद गर्न सकिने भनी सार्वजनिक खरिद ऐन नियमको प्रावधान अनुसार नगरेको आयोजनाले जनाएको छ । खरिद कार्यलाई प्रतिस्प्रर्धी एबं पारदर्शी बनाउन दोहोरो मापदण्ड अपनाएको औचित्यपूर्ण देखिदैन ।

ख) उपरोक्तबमोजिम सूचना प्रकाशन हुंदा पुलको संख्या र स्थान मात्र उल्लेख गरेको, ठेक अंकको समेत तुलनागर्दा आयोजनावाट तयार भएको लागत अनुमानसंग करिव समान हुनेगरी २ प्याकेजमा एक/एक जनाको बोलपत्र स्वीकृत हुने गरी पेशगरेको स्पष्ट देखिन्छ । बोलपत्र विक्री संख्या, दर्ता संख्या र बोलपत्रदाताको नामावली, ठेक्का प्रकिया समेतको विश्लेषण गर्दा बोलपत्रदाताहरुबीच स्वतन्त्र प्रतिष्पर्धात्मक स्थितिमा ठेक्का व्यवस्थापन भएको देखिंदैन ।

१३. **बढी दरमा लागत अनुमान –** ताप्लेजुङ्ग जिल्लाको लागि २०७२।७३ को स्वीकृत जिल्ला दररेटमा ३ हजार मिटरभन्दा माथि रहेका आयोजनाहरुमा श्रमिकहरुको ज्याला दरमा ३० प्रतिशतले थप गर्न सकिने उल्लेख छ । राते खोला झोलुँगे पुल निर्माण कार्यको लागि लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्समा उल्लिखित दरमा ३० प्रतिशत थप गरी दर विश्लेषण गरी सोही आधारमा लागत अनुमान तयार गरेको देखियो । सोही स्थानमा अन्य कार्यालयहरु मार्फत संचालित आयोजनाहरुको लागत अनुमान तयार गर्दा सो बमोजिम थप नगरेको र उक्त आयोजना ३ हजार मिटर भन्दा माथि भएको स्पष्ट आधार वेगर थप गरेकोले कुल लागत अनुमान रु.४२ लाख ८५ हजारको ३० प्रतिशतले हुने रु.१२ लाख ८६ हजार सम्बन्धित कर्मचारीलाई जिम्मेवार वनाई छानविन गरी असुल गर्नुपर्दछ ।

१४. **क्षतिपूर्ति** – विकेन्द्रित ग्रामिण पूर्वाधार तथा जिविकोपार्जन सुधार कार्यक्रमअन्तर्गत सांघुचांगे दोभान सडकखण्डको निर्माण कार्यमा संलग्न एक कामदारको मृत्यू भएको भनी सोको बीमा क्षतिपूर्ति बापत रु.३ लाख भुक्तानी गरेकोमा उक्त रकम एक बीमा कम्पनीबाट निकासा प्राप्त गर्नुपर्नेमा सो प्राप्त भएको नदेखिएकोले सो रकम प्राप्त गरी बेरुजू खातामा दाखिला गर्नुपर्दछ ।

१५. **मूल्य अभिवृद्धि कर** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६ क अनुसार मूल्य अभिवृद्धि कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउनुपर्ने व्यवस्था रहेको छ। १२ गोश्वारा भौचर बाट ९आपूर्तिकर्ता लाई भुक्तानी खर्च लेख्दा रु.३ लाख ४१ हजार मूल्य अभिबृद्धि कर समेत भुक्तानीगरेकोमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयलाई जानकारी नपठाएकोलेसमायोजन भएको प्रमाण पेश हुनुपर्ने अन्यथा मूल्य अभिवृद्धि कर बापतको सो रकम असुल हुनुपर्दछ ।

१५.१ ईवाखोला लघु जलविधुत आयोजनाको उपभोक्ता समितिलाई निर्माण सामग्री खरिदमा तिरेको विर्तामोडको एक हार्डवयर पसलको कर विजकको आधारमा भुक्तानी दिंदारु.५ लाख ७० हजार मात्र कर विजक पेश गरेको छ । थप २ लाख ६ हजारमा लागेको रु.२४ हजार मूल्य अभिवृद्धि कर विजक वेगर भुक्तानी दिएकोले असुलगरी राजस्व दाखिला गर्नुपर्ने देखिएको छ ।

१६. **बैंक बढी –** मर्मतसम्भार कोषमा आर्थिक वर्षको अन्त्यमा श्रेस्ताअनुसार रु.५४ लाख ४८ हजार बाँकी देखिएकोमा बैंक विवरण अनुसार रु.५५ लाख ९४ हजार देखिएकोले श्रेस्ताले देखाएको भन्दा बैंकमा बढी भएकोमध्ये रु.१ लाख सापटी फिर्ता गरी बांकी रु.४६ हजार आम्दानी बांधी श्रेस्ता अद्यावधिक गर्नुपर्दछ ।

१७. **धरौटी –** धरौटीको श्रेस्ता अनुसार रु.३५ लाख २४ हजार मौज्दात देखिएकोमा रु.७ हजार आम्दानीजनाउन छुट भएकोले श्रेस्तामा आम्दानी गर्नु पर्दछ ।धरौटी खाताकोरकम श्रेस्ता भन्दा

वैंकमा रु.३ लाख ३ हजारले घटी देखिएकोले एकिन गरी धरौटी खाता अध्यावधिक गर्नुपर्ने देखिएको छ ।

१८. **मौज्दात –** कर्मचारी कल्याण कोषतर्फ श्रेस्ताअनुसार रु.१ करोड ६ लाख ६० हजार बांकी देखिएकोमा २ बैंक खाता अनुसार रु.७१ लाख १० हजार मात्र मौज्दात देखिएको छ । बैंकमा घटी भएको रकम लगानीमा रहेको भनिएकोमा सोको विवरण पेश नभएकोले रु.३५ लाख ५० हजारको आधार प्रमाण पेश हुनुपर्दछ ।

१९. **पेस्की बाँकी –** स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम १९२ मा तोकिएको म्याद भित्र तोकिएको कार्यविधि अपनाई फछ्र्यौट गर्ने वा गराउने पेस्की लिने दिने दुवैको कर्तव्य रहने व्यवस्था छ । यस वर्षको अन्त्यमा यो वर्षको पेस्की रु.४३ लाख ५१ हजार बाँकी रहेको र गत वर्षसम्मको पेस्की रु.१ लाख ८८ हजार समेत रु.४५ लाख ३९ हजार बाँकी देखिएको छ । कानूनले तोके अनुसार प्रयोजन र कारण सहित पेस्की दिने, समयमै फर्छ्यौट गर्न ताकेता गर्ने जस्ता उपाय अवलम्वन गरी पेस्कीको मात्रा घटाउनेतर्फ सम्वन्धित निकायले ध्यान दिनुपर्दछ ।

२०. **कन्टिन्जेन्सी** – यस सम्बन्धमा प्रमुख व्यहोरा देहाय अनुसार छन्:

२०.१ कार्यालयले पुजिगत खर्च रु.१ करोड ८२ लाख ३८ हजारको नियमानुसार कट्टा गर्न पाउने ५ प्रतिशतभन्दा बढी दरमा कन्टिन्जेन्सी बापतको रकम कट्टा गरेको रु.२ लाख ३८ हजार असुल गरी बेरुजू बापतको राजस्व खातामा दाखिला गनुपर्ने देखिएको छ । २ सडक आयोजनाको रकम भुक्तानी गर्दा नियमानुसार कट्टा गर्नुपर्ने ३ प्रतिशत कन्टिन्जेन्सी र २ प्रतिशत मर्मत सम्भार कोष बापतको रकम कट्टा नगरी भुक्तानी दिएकोले बढी भुक्तानी हुन गएको रकम सम्बन्धितबाट रु.१ लाख २१ हजारअसुल गरी राजस्व दाखिला गर्नुपर्दछ ।

२०.२ सार्बजनिक खरिद नियमावली, २०६४ को नियम १४ मा कन्टीञ्जेन्सी खर्चमा ५ प्रतिशतसम्म मात्र खर्च गर्न पाउने व्यवस्था छ । तर कुनै पनि बजेट उप शीर्षकमा कन्टिन्जेन्सी खर्चको शीर्षकगत अभिलेख नराखेकोले तुलना गर्न सकिने अवस्था रहेको छैन ।

२०.३ विभिन्न कार्यक्रमको स्वीकृत वजेटबाट कुल रकमको ५ प्रतिशत रकम कन्टिन्जिन्सी खातामा ट्रान्सफर गरी यस खाताबाट खर्च गर्ने गरेको देखिन्छ । यो वर्षको लागि कन्टिन्जिन्सी खाताबाट रु.३१ लाखसम्म मात्र खर्च गर्न सकिने गरी बजेट स्वीकृत भएकोमा रु.३६ लाख २५ हजार खर्च गरेकोले बढी खर्च गरेको रु.५ लाख २५ हजार अनियमित देखिएको छ ।

२०.४ कन्टिन्जेन्सी रकम खर्च गर्दा सम्वन्धित आयोजनागत शीर्षकमा मात्र खर्च गर्नुपर्नेहुन्छ । कार्यालयले योवर्ष रु ३६ लाख २५ हजार खर्च लेखेकोमा मेशिनरी औजारमा रु ७७ हजार, मर्मत सम्भारमा रु.३ लाख २६ हजार, ज्याला पारिश्रमिकमा रु.२ लाख ५७ हजार खर्च लेखेको देखिन्छ । वांकी रु.२९ लाख ६५ हजार अर्थात ८१.७८ प्रतिशत रकम भत्ता, कार्यालय सामान, भ्रमणखर्च लगायत असम्वन्धित कार्यमा खर्च लेखेकोले यस्तो खर्च नियन्त्रणतर्फ कार्यालयको ध्यानाकर्षण हुनुपर्ने देखियो ।

२०.५ सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० तथा अनुसूचि १ अनुसार वर्कचार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च बापत २.५ प्रतिशत समेत जम्मा मु.अ.कर समावेश पूर्व लागत अनुमानको ५ प्रतिशत सम्म कन्टिजेन्सी बापत खर्च गर्न सकिने व्यवस्था भएकोमा कुल वजेट रकमको ५ प्रतिशतले हुने रकम सम्वन्धित आयोजनाको लागत अनुमान स्वीकृत पूर्व

नै विभिन्न ६ शीर्षक बाट ट्रान्सफर गर्न पाउने भन्दा बढी रु.५ लाख ४२ हजार फ्रिज नहुने खातामा ट्रान्सफर गरी खर्च गरेको अनियमित देखिन्छ ।

२१. **आन्तरिक नियन्त्रण प्रणाली –** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । यो वर्ष ४८ गाउँ विकास समिति तथा अन्य निक्षेपित निकायमा अख्तियारी दिएकोमा आर्थिक कारोबारको निरीक्षण गरी प्रतिवेदन नदिएको, २ उपशीर्षकको रु.५७ लाख ९७ हजारको अख्तियारी २०७३ आषाढ १९ गतेपछि मात्र प्राप्त भएको, मासिक रुपमा आन्तरिक लेखापरीक्षण गरी चौमासिकरुपमा प्रतिवेदन दिने कार्य नभएको, खरिदयोजना तयारनगरेको, जिन्सी खातामा स्पेशिफिकेसन र सामानको मूल्य नखुलेको, कार्यालयको स्वामित्वमा रहेका सवारी साधन अन्य पक्षले समेत उपभोग गरेको, मर्मत अभिलेख नरहेको, उद्देश्य प्राप्तिमा आउन सक्ने जोखिम पहिचान आंकलन र त्यसलाई सामना गर्ने रणनीति नभएको, उपभोक्ता समितिले लेखा सम्बन्धमा अनुगमन नगरेको, गाउं विकास समितिहरुको २०७२।७३ सम्मको अन्तिम लेखापरीक्षण प्रतिवेदन अनुगमन गरी सम्परीक्षण नगरेको, तलवी प्रतिवेदन पारित नगराई रु.२ करोड २२ लाख ३७ हजार तलब खर्च लेखेको, नगदी रसिदबाट आम्दानी गर्दा १५ दिनसम्म पनि दाखिला नगरेको, गाँउ विकास समितिले भत्ता वितरण गर्दा स्थानीय राजनैतिक दल एवम संघ संस्थाका प्रतिनिधिको रोहवरमा वितरण गरेको मुचुल्का तयार नगरेकोजस्ता व्यहोरा देखिएका छन । कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नुपर्दछ ।

२२. **आन्तरिक आय –** निर्माणाधीन अरुण कावेली पावर लिमिटेड नागी-९ पाँचथरले यस जिल्ला भित्रको ढुङ्गा, रोडा, गिट्टी, वालुवा उत्खनन् गरी ठूलो परिमाणमा उपयोग गर्ने अवस्थामा रहेको छ ।उक्त आयोजनाको निर्माण कार्य सम्पन्न हुँदाका बखत प्राविधिकबाट स्वीकृत कार्य प्रतिवेदनको आधारमा यकिन हुने गरी भनी यो वर्ष हालसम्म प्रयोग भएको ५ हजार घनमिटर ढुङ्गा, रोडा, गिट्टी, वालुवा बापत रु.३ लाख ५० हजार प्राप्त गरी आम्दानी जनाएको छ । यसरी उक्त आयोजनाबाट प्रयोगमा ल्याउने निर्माण सामाग्रीको सम्बन्धमा प्राविधिक खटाई पुनः नाप जाँच गराई प्रतिवेदनका आधारमा कायम हुने थप शुल्क समेत असुल गर्नेतर्फ कार्यालयले ध्यान दिनु पर्दछ ।

२३. **घर भाडा–** फुङलिङ्ग ४ को कि.नं. ११८ मा निर्मित भवन एक बोर्डिङ स्कुल सञ्चालन गर्नको लागि मासिक रु.८ हजार भाडामा लगाउने गरी २०७०।४।१ मा सम्झौता भएको देखिन्छ । उक्त सम्झौता अनुसार प्रत्येक २ वर्षमा १० प्रतिशत भाडा वृद्धि गर्ने उल्लेख गरिएकोमा २०७२।३।३२ मा २ वर्ष पुगे पश्चात १० प्रतिशत भाडा वृद्धि गरी भाडा असुल नगरेकोलेरु.१० हजार असुल गर्नुपर्ने, फुङलिङ्ग ४ मा वनेका अन्य २ वटा घर समेत सो स्कुल लाई वार्षिक रु.२ लाख ४ हजार भाडा लगाउने गरी २०६८।१२।१५ मा ५ वर्षको लागिसम्झौता भएको देखिन्छ । उक्त सम्झौता अनुसार प्रत्येक वर्षमा १० प्रतिशत भाडा वृद्धि गर्ने उल्लेख गरिएपनि२०६९।७० देखि ४ वर्षको वृद्दि गर्नुपर्ने रु.७२ हजार असुल गर्नुपर्ने गर्नुपर्दछ । उक्त घरहरु बजारको मध्य भागमा रहेको र बजारको प्रचलित भाडा दरलाई समेत मध्यनजर गरी भाडा दरमा समयानुकुल पुनरावलोकन गरी आन्तरिक आय वृद्धि गराउनेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

२४. **मालपोत रकम** – स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा २२१ बमोजिमको कोषमा गाउं विकास समिति र नगरपालिकाबाट उठाएको मालपोत रकमको २५ प्रतिशत रकम जम्मा गर्नसक्ने व्यवस्था छ । जिल्ला विकास समितिले यस वर्ष कुन कुन गाउं विकास समितिएवं नगरपालिकाबाट प्राप्त भएकोएकिन विवरण उपलब्ध गराएको छैन । सबै गाउं विकास समितिहरुबाट कति रकम

प्राप्त हुनुपर्ने हो, कति प्राप्त भयो, कति प्राप्त हुन बाँकी रहेको छ, सो खुल्ने लगत अद्यावधिक गरी आन्तरिक आय वृद्धि गर्नेतर्फ पहल गर्नुपर्दछ ।

२५. **खानी उत्खनन्** – कार्यालयले २०७० सालमा गरेको वातावरणीय प्रभाव अध्ययन प्रतिवेदन अनुसार दुवै नदीबाट गरी प्रतिदिन १९०.४८ घनमिटरका दरले २७० दिनमा जम्मा ५१४२९.६० घनमिटर उत्खनन् गर्न सकिने व्योहोरा उल्लेख छ। कार्यालयले यो वर्ष तमोर रकावेलीखोला घाटबाट प्रारम्भिक वातावरणीय परीक्षण नै नगरी उत्खनन् गर्न अनुमति दिएको छ । ठेक्कामा परिमाण नखुलाई सम्झौतागर्दा वातावरण सम्बन्धी प्रतिवेदनको कार्यान्वयन नहुँने र ती स्थानहरुमा ढुङ्गा, गिट्टी, बालुवा अत्यधिक मात्रामा उत्खनन् भई भू–संरक्षण, वातावरण र जैविक विविधतामा नकारात्मक असर पर्नजाने हुंदा यसतर्फ कार्यालयको ध्यान जानुपर्ने देखिन्छ ।

२६ **धरौटी वा जफत रकम –** कार्यालयले २०६४ साल भन्दा अगाडिको २ ठेक्काको रु.५६ हजार धरौटी रकम हालसम्म पनि फिर्ता नभएकोले सदर स्याहा गर्नुपर्ने देखिएको छ ।

२७. **अनुदान खर्च –** स्थानीय निकाय स्रोत परिचालन तथा व्यवस्थापन कार्यविधि, २०६९को ६० अनुसारजिल्ला विकास समितिले गाउं विकास समिति मार्फत कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न निकासा गरेको स:शर्त अनुदान नियम ५४ अनुसार नियमित अनुगमन गरी समितिको कार्यक्रम, बजेट, वित्तीय र भौतिक प्रगति प्रतिवेदन तथा लेखापरीक्षण प्रतिवेदन लिनुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न कार्यक्रम सञ्चालनको लागि सशर्त अनुदानस्वरुप ४८ गाउं विकास समितिको खातामा रु.८ करोड ७५ लाख १६ हजार सारेको छ । अनुदान दिएको रकमको अनुगमन प्रतिवेदन, भौतिक प्रगति प्रतिवदन तथा लेखापरीक्षण प्रतिवेदन प्राप्त नगरेकोले उक्त खर्च र उपलब्धिको सम्बन्धमा आश्वस्त हुने अवस्था रहेन। तसर्थ कार्यविधिको पालना हुनुपर्दछ ।

२८. **प्रशासनिक खर्च** – स्थानीय निकाय आर्थिक प्रशासन नियमावली, २०६४ को नियम ५५ मा स्वीकृत बजेटको परिधिभित्र रही ऐन बमोजिम कर,शुल्क, सेवा शुल्क, दस्तुर र भाडाबाट उठाएको कुल रकमको पच्चीस लाख रुपैंयासम्म आम्दानी हुने जिल्ला विकास समितिले अधिकतम साठी प्रतिशतभन्दा बढी रकम प्रशासनिक कामको लागि खर्च गर्न नपाइने व्यवस्था छ । कार्यालयले यो वर्षको मात्र रु.१३ लाख १६ हजार आन्तरिक आय प्राप्त गरेकोमा उक्त व्यवस्था बमोजिम ४० प्रतिशतले हुने रु.५ लाख २६ हजार प्रशासनिक खर्च गर्न पाउनेमा रु.१४ लाख ३३ हजार गरेकोले तोकिएको सीमाभन्दा रु.९ लाख ७ हजार बढी खर्च गरेकोले सम्बन्धित कर्मचारीलाई जिम्मेवार बनाई तोकिएको सीमाभन्दा वढी खर्च गरेको रकम नियमित गनुपर्ने देखिन्छ ।

२९. **राजश्व बाँडफाँड –** कार्यालयले पूँजीगत कार्यमा खर्च गर्नुपर्ने राजस्व बाँडफाँडको रकमबाट यो वर्षरु.४४लाख ७८ हजार खर्च भएको छ। सो खर्चमध्ये महोत्सव, खेलकूद अनुदान, सामाजिक क्षेत्र अनुदान, स्वास्थ्य अनुदान जस्ता चालू प्रकृतिका कार्यमा रु.११ लाख ६ हजार खर्च गरेको देखियो । सो वाहेक प्रकोप व्यवस्थापन कोष, वातावरण विकास कोष, मानव संशाधन विकास कोष,महिलातथा बाल विकास कोषमा प्रति कोष रु.५० हजारको दरले रु.२ लाख खर्च जनाई कोषमा लगेको पाईयो । पूँजीगत कार्यमा खर्च गर्नुपर्ने रकम प्रशासनिक तथा चालू प्रकृतिका कार्यमा खर्च गर्न मिल्ने देखिदैन

३०. **अन्यनिकायको खर्च** – यसकार्यालयको निकासा रकमबाट जिल्ला स्थित अन्य विभिन्न ५ निकायको खर्चरु.१० लाख १० हजार यस कार्यालयले व्यहोरेको देखियो । सुरक्षासँग सम्बन्धित कार्यालयहरु र अन्य कार्यालयहरुको विभिन्न पूर्वाधारमा खर्च गर्ने तर तिनको श्रेस्ता लेखापरीक्षण कार्यमा समावेश नहुने स्थितिले पारदर्शीता र उत्तर दायीत्व लाई प्रवर्द्धन नगर्नेहुंदा त्यस्तो खर्च नियन्त्रण हुनुपर्दछ ।

३१. **मर्मतसम्भार कोष –** कार्यालयले आयोजनागत वजेटको हिसाववाट एकमुष्ट २ प्रतिशत रकम मर्मत बापत कट्टागरी यसकोषबाट खर्च गर्दा आयोजनाको खर्चको आधारमा नभई वजेटको आधारमा खर्च गरेकोलेचार बजेट उपशीर्षकमारु.३ लाख ३५ हजार बढी कट्टाभएको अनियमित देखिएको छ ।

३२. **बढी भुक्तानी** – गुप्तेतिरिङगे–सिकैचामोटर बाटो निर्माणको लागि स्काभेटर मेशिन प्रयोग गरेकोभनी एक निमार्ण सेवालाई ८०२१ घनमिटरको प्रति घनमिटर १८५।३९ कोदरले रु.१५ लाख १८ हजारमध्ये श्रमदान कटाइ सम्बन्धित उपभोक्ता समितिलाई रु.१२ लाख ९६ हजार भुक्तानी दिएको देखियो । स्काभेटरको जिल्ला दर रेट अनुसार दर विश्लेषण गर्दा यस जिल्लाको लागि प्रति घनमिटर रु १४०।२२ को दर कायम भई अन्य प्राय सवै सडकको हकमा सोही बमोजिम भुक्तानी भएकोमा यस सडकको हकमा रु.१८५।३९ कोदरले लागत अनुमान तयार गरी भुक्तानी भएको छ । रु.३ लाख ६२ हजारबढी भुक्तानी भएको रकम असुल हुनुपर्दछ ।

३३. **अग्रिम कर -** एक भोलेन्टर्सलाई यो वर्ष रु.४ लाख ४८ हजार पारिश्रमिक भुक्तानी गरेकोमा आय कर ऐन, २०५८ बमोजिम रु.१३ हजार कर कट्टी गर्नुपर्नेमा नगरेकोले कर दाखिलाको प्रमाण पेश हुनु पर्ने देखिन्छ ।

३४. **खर्चको यथार्थता** – सामाजिक परिचालकहरुको खातामा तलव, पोसाक भत्ता, भ्रमण भत्ता, सञ्चार खर्च लगाएतको रु.२२ लाख १६ हजार पठाएको देखियो । सवै गाउं विकास समितिमा तीपरिचालकहरुबाट तोकिए बमोजिमको कार्य भए नभएको र तिनीहरुको नियुक्ति तथा हाजिरीको नियमितता समेतको अनुगमन नभएको र कार्य प्रगति पुष्टी हुने आधार पेश नभएकोले सो खर्चको यथार्थता यकिन हुन सकेन ।

विभिन्न १५ गाउं विकास समितिमा रहेका पिछडिएका व्यक्तिहरुलाई नागरिक सचेतता अभिवृद्धि कार्यक्रम सञ्चालनको लागि सम्बन्धित गाउं विकास समितिको खातामा प्रति गाउं विकास समिति रु.३ लाख ६० हजारका दरले रु.५४ लाख निकासा गएको देखिन्छ । तीगाउं विकास समितिहरुले सम्बन्धित वडाका सामाजिक परिचालकहरुलाई पेस्की दिई कार्यक्रम सञ्चालन गर्ने गरी गाउं विकास समितिको खातामा रकम पठाएकोमा कार्यक्रमको प्रगति प्रतिवेदन तयार नगरेकोले सो तयार हुनु पर्दछ ।

३५. **ल्याव भवन** – गुणस्तरीय प्रयोगशाला बनाउन ल्याब भवन निर्माणको लागि रु.२० लाख बजेट रहेकोमा रु.१६ लाख २६ हजारको लागत अनुमान स्वीकृत गरी ठेक्काबाट गराएकोमा रु.१२ लाख १ हजारको कार्य सम्पन्न एवं भुक्तानी गरेको छ । लागत अनुमानमा उल्लिखित २६ काममध्ये जोडाइ र ट्रष्टबनाउने जस्ता १३.७९ प्रतिशत काम नगरेको अवस्थामा कार्य सम्पन्न प्रतिवेदन पेश गरेको र प्राविधिक मूल्याङ्कन गराई भूक्तानी दिएको देखियो । बचत बजेटबाट ल्याव उपकरणमारु.७ लाख ५७ हजारको लागत अनुमान स्वीकृत गरी सोझै दरभाउ पत्र माग गरी खरिद गरेर एक आपूर्तिकर्तालाई मु.अ.कर समेत रु.७ लाख ६५ हजार भूक्तानी दिएको देखियो ।

स्पेशीफिकेशन स्वीकृत गराई सामान खरिद गरेको नदेखिएको, ल्याव भवन निर्माण भई आवश्यक सामानहरु खरिद भएको अवस्थामा लामो समय व्यतित हुँदा समेत हालसम्म ल्याव परीक्षणको कुनै पनि काम शुरु नभएकोले उक्त खर्चको उपयोग समेत भएको देखिएन ।

३६. **टुक्रा लागत अनुमान –** राजस्व बाँडफाँडबाट प्राप्त रकम जिल्लाको पूर्वाधार विकास लगायत उत्पादनशील क्षेत्रमा मात्र लगानी गर्नुपर्नेमा स्थानीय विकास अधिकारीको एकल निर्णयबाट राहत वितरण, घुम्ती शिविर तथा अन्य निकायलाई निशर्त अनुदान भनी कुल खर्च रु.२२ लाख ९१ हजारमध्ये ९ लाख १ हजार अर्थात ३९.३३ प्रतिशत रकम मात्र उत्पादनशिल कार्यमा खर्च भई बाँकी रु.१३लाख ९० हजार अर्थात ६०.६७ प्रतिशत प्रशासनिक, विविध कार्यमा खर्च भएको छ । सो रकमबाट जिल्ला प्राविधिक कार्यालयको भवन मर्मत भनी एउटै कामलाई टुक्रा टुक्रा पारी लागत अनुमान तयार गरी प्रतिस्पर्धा कम हुनेगरी पटक/पटक रु ५ लाखभन्दा बढीको निर्माण कार्य गराएकोले अनियमित देखिएको छ ।

३७. **स्विकृत वेगर खर्च –** आन्तरिक श्रोत पूंजीगत तर्फबाट राजस्व बाँडफाँड बापत मालपोत कार्यालयबाट प्राप्त रजिष्ट्रेशन शुल्कबाट जनताको लागि प्रत्यक्ष लाभ पुग्ने पूर्वाधार निर्माण लगायतका उत्पादनशिल कार्यमा मात्र खर्च गर्नुपर्नेमा यो वर्ष जिल्ला परिषदबाट पूर्व स्विकृत नलिई गोष्ठि, सभा समारोह, सार्वजनिक सुनुवाई, सूचना प्रकाशन, परिषद खर्च, पुस्तक प्रकाशन जस्ता कार्यमा विभिन्न १५ भौचरबाट रु.२६ लाख ३४ हजार खर्च लेखेको नियमित देखिएन ।

३८. **महिला समन्वय समिति** – लक्षित समूहको लागि भनी विभिन्न १२ गाउं विकास समितिको खातामा रु.४ लाख २५ हजार पठाएकोमा सिलाई, कटाई तालिमको प्रशिक्षक रु.३६ हजारमा १५ प्रतिशत कर कटाउनुपर्नेमा १ प्रतिशतमात्र कट्टा गरेकोले घटी कट्टी भएको रु ५ हजार असुल गर्नुपर्ने, विभिन्न व्यक्तिएवं संस्थाबाट कट्टा भएको कर रु.२ हजार दाखिला नभएको समेत रु.७ हजार असुल गर्नुपर्दछ ।

३९. **मर्मतसम्भार कोष** – गत वर्षको बाँकी मौज्दात रु.४४ लाख ८३ हजार रहेकोमा यो वर्ष आन्तरिक आय खाताबाट रु.१८ लाख १८ हजार प्राप्त गरेको समेत जम्मा आम्दानी रु.६३ लाख १ हजार भएकोमारु.८ लाख ५३ हजार खर्च गरी रु.५४ लाख ४८ हजार मौज्दात रहेको छ । मर्मत सम्भार कोषबाट खर्च गर्दा जिल्ला परिषदबाट पारित योजनाहरुको मर्मत तथा सम्भार गर्ने गरी परिषदबाट छुट्टयाइएका योजनाहरुको मर्मत सम्भारमा गरिनुपर्नेमा परिषदबाट अनुमोदन नगरी ४ विद्यालयको मर्मत गरेको भनी रु.८ लाख ५३ हजार खर्च गरेको मनासिव देखिएन ।

४०. **ग्रामीण खानेपानी** – खुला दिशा मुक्त जिल्ला घोषणा कार्यक्रम सञ्चालनको रु.४ लाख ८६ हजार खर्चगरेकोमा काठमाण्डौं ताप्लेजुङ्ग-काठमाण्डौंको १० हवाई टिकट र बोडिङ्गपास पेश गर्दा वास्तविक भन्दा बढी खर्च दाबी गरेको रु.७ हजार असुल गर्नुपर्दछ । एक होटल एण्ड गेष्ट हाउसको बिल अनुसार २०७३।२।३१ मा खाजा ६५० जनाको प्रति सेट रु.२ सयले ले रु.१ लाख ३० हजार, खाना खाजा एक रिसोर्टको बिल बमोजिम रु.१ लाख ४७ हजार खर्च गरेकोमाउक्त कार्यक्रममा ६५० जना उपस्थित भएको हाजिरी विवरण पेश भएन । उक्त कार्यक्रममा उपस्थित संख्यालाई रु.७० हजार खाना खाजा बापत नगद समेत बुझाएको छ । खाजा बापत एक होटल एण्ड गेष्ट हाउसको बिलको रकम समेत भुक्तानी दिँदा खर्चमा दोहोरो पर्न गएको देखिँदा होटलको खाजा खर्च मनासिव नदेखिएकोले सो असुल हुनुपर्दछ ।उक्त कार्यक्रममा आयकर ऐन, २०५८ बमोजिम कट्टा गर्नुपर्ने अग्रिम कर रु.५ हजार कट्टी दाखिला नगरेकोले असुल गर्नुपर्दछ ।

४१. **सोझै खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ बमोजिम रु.१० लाखभन्दा बढीको खरिद कार्य बोलपत्रको माध्यम अपनाई प्रतिस्पर्धाको माध्यमबाट खरिद गर्नुपर्नेमा तमोर खोला खानेपानी आयोजनाको लागि रु.१२ लाख ३२ हजारको पाईप सोझै खरिद गरेको अनियमित देखिएको छ । कार्यालयले सो पाईप विभिन्न आयोजना तथा उपभोक्ता समितिलाई हस्तान्त्रण गरेकोमा सोको उपयोग तथा आयोजनाको भौतिक प्रगति अनुगमन नभएको, र सो खरिद गर्दा मूल्य अभिवृद्धि कर बापत रु.१ लाख ४२ हजार समेत भुक्तानी दिएकोमा सो को जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिएकोले मुल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश हुनुपर्दछ ।

४२. **ल्याण्ड फिल्ड साइड** – साना सिंचाइबाट भकारे भिर ल्याण्ड फिल्ड साइड निर्माण कार्य २०७२।११।१० मा कार्य सम्पन्न गर्ने गरी एक निर्माण सेवासंग रु.७६ लाख ६० हजारमा सम्झौता भएकोमा तोकिएको अवधिमा कार्यसम्पन्न हुन नसकेको भनी २०७३।२।१० सम्म म्याद थप भएकोमा तत्पश्चात सो कार्यको म्याद थप भएको छैन । म्याद समाप्त भएपछि २०७३।३।२७ मा मात्र कर बीजक जारी गरी अन्तिम बिलको रु.६ लाख ३ हजार भुक्तानी भएको देखिन्छ । चौथो तथा अन्तिम बिलसम्म रु.७४ लाख ४९ हजारको बिल पेश भए बमोजिम भुक्तानी दिएको देखियो । निज निर्माण व्यवसायीसँग ४७ दिनको दैनिक ०.०५ प्रतिशतले हुने रु.१ लाख ५९ हजार हर्जाना बेगर २०७३।३।२८ मा अन्तिम बिलको रु.६ लाख ३ हजार भुक्तानी गरेको छ । म्याद थप नभएको अवधिको हर्जाना रु.१ लाख ५९ हजार असुल हुनुपर्दछ ।

४२.१ सो निर्माण कार्यको फिल्ड निरीक्षण गर्दा सो सदर मुकाम फुङलिङबाट करिब १८ किलोमिटर टाढा सडक खण्डबाट ५ किलोमिटर जति एक्सेस बाटोमार्फत मात्र त्यहाँ पुग्न सकिने अवस्था रहेको हुँदा दैनिक सञ्चालन लागत बढी लाग्ने, एक्सेस रोडको अवस्थाअत्यन्त कमजोर रहेको र हाल नगरपालिकाले सदरमुकाम नजिकैको एक स्थानमा निर्वाद रुपमा फोहोर डम्पीङ गरिरहेको, नदीको किनारमा रहेकोले लिचड व्यवस्थापन नभएमा नदी प्रदुषण पनि हुन सक्ने समेत अवस्थाले गर्दा यो डम्पीङ साईटको उपयोग हुने सम्भावना न्यून देखिएकोले निर्माण शुरु गर्दा साईट छनौट नै त्रुटीपूर्ण देखिएको छ ।

४३. **अनुगमन** – खुला दिशा मुक्त घोषणा कार्यक्रम अन्तर्गत विभिन्न १३ गाउं विकास समितिको खातामा रु.१० लाख निकासा दिएको छ । यसरी निकासा पठाएकोमाउक्त रकम कहाँ के कसरी खर्च भएको र उक्तगाउं विकास समिति खुला दिसा मुक्त घोषणा भए नभएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन नभएकाले उपलब्धिसम्बन्धमा विश्वस्त हुन सकिएन ।

४४. **लगत कट्टा** – सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०६९ को दफा ९ मा सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्नसामाजिक सुरक्षा जिल्ला समन्वय समिति गठन गर्नुपर्ने, कार्यविधिको दफा २३ मा उक्त समन्वय समितिसँग समन्वय गरी जिल्ला विकास समितिको कार्यालयले भत्ता वितरण प्रक्रियाको निरीक्षण तथा अनुगमन गर्ने व्यवस्था छ । कार्यविधिको उक्त व्यवस्था अनुसार समन्वय समिति गठन गरी कार्यालयले निरीक्षण र अनुगमन गरेको देखिएन ।

४५. **उठ्न बाँकी आम्दानी** – २०६२/६३ देखिको बाँकी रकम समेत विगतदेखि ४ व्यक्ति तथा संस्थाबाट कर दस्तुर, सेवा शुल्क, भाडा आदि रु.१२ लाख ७२ हजार असुल हुन बाँकी रहेको देखिएकोले असुल गर्नुपर्दछ ।

४६. **विविध खर्च** – कार्यालयबाट विविध खर्च लेख्दा निश्चित कार्यक्रम तथा वैठक वसेको अवधिको चिया खाजाको अतिरिक्त विविधतर्फ खाना मासु, अतिथि सत्कार होटलतथा रिर्सोट खर्चमा प्रयोजन वेगरविभिन्न भौचरबाट रु.८ लाख ६४ हजार रकम खर्च गरेको देखियो । यस्तो खर्च लेख्दा कुन विषयकोलागि के कति खर्च गर्न मिल्ने निश्चित कुनै मापदण्ड वेगर उपलव्ध वजेटकोआधारमा खर्चगर्नु मनासिव देखिदैन ।यस्तो खर्च पुष्ट्याईको आधार प्रमाण पेश गर्नु पर्ने देखिन्छ ।

## जिल्ला शिक्षा कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली –** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । खरिद योजना नबनाएको, ९ कार्यक्रममा लक्ष्यको तुलनामा न्यून प्रगति रहेकोमा विद्यालय क्षेत्र सुधार कार्यक्रमतर्फको अपांग छात्रवृत्तिमा लक्ष्यको तुलनामा सवैभन्दा कम १४.५८ प्रतिशत र अधिकतम निरन्तर विद्यार्थी मूल्याङ्कनतर्फ ६०.५८ प्रतिशतमात्र लक्ष्य हासिल गरेको, म.ले.प.फा.नं.२ मा अभिलेख नराखेको, कर्मचारीहरुलाई कार्यविवरण नदिएको, मालसामानको मूल्य, स्पेशिफिकेसन नखुलाई दाखिला गरेको, समयमा मर्मत एवं लिलाम कार्य अगाडि बढेको नदेखिएको, कार्यालयमा दरबन्दी रहेका दुई विद्यालय निरीक्षक विगत ५-७ वर्षदेखि शिक्षा विभागमा काजमा रहेको, जिल्ला शिक्षा कार्यालयको नामको जग्गा कित्ता नं. ९१७ तथा सोम ाबनेको घरको लगत नराखेको जस्ता व्यहोरा देखिएको छ । प्रचलित कानूनको पालना गरि आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्नुपर्दछ ।

२. **विद्यालय समायोजन –** विद्यालय समायोजन कार्यान्वयन निर्देशिका, २०७० अनुसार जिल्ला शिक्षा समितिलेविद्यार्थी विवरणको आधारमा विद्यालय समायोजन गर्न सक्ने व्यवस्था छ । जिल्ला स्थित विद्यालयहरुको अनुसार विद्यार्थी शिक्षक अनुपातको आधा संख्या पनि नभएका विद्यालयहरु धेरै देखिएका छन् । जिल्लाभर रहेका विद्यालय र शिक्षक संख्याको समग्र औषत अनुपात हेर्दा १ देखि ५ कक्षासम्म १:१६, ६ देखि ८ कक्षा सम्म १:३१, ९ देखि १० कक्षामा १:२७रहेको छ । उच्च माध्यमिक तहमा कति विद्यार्थी रहेका छन् भन्ने सम्बन्धमा जिल्ला शिक्षा कार्यलयसँग कुनै तथ्याङ्क समेत रहेको छैन तर ५८ शिक्षकको लागि पारिश्रमिक तथा अन्य सुविधा गरी २८ उच्च माध्यमिक विद्यालयलाई यो वर्ष रु.१ करोड ५८ लाख २० हजार निकासा दिइएको छ । समग्रमा तोकिएको शिक्षकभन्दा विद्यार्थीको अनुपात कम रहेकोले तोकिएअनुसारको अनुपात कायम गरी विद्यालय समायोजन गर्ने र उच्च माध्यमिक तहको विद्यार्थीको समेत अभिलेख राख्नेतर्फ कार्यालयले ध्यान दिनुपर्ने देखिन्छ ।

३. **अनुगमन र मूल्याङ्कन–** शिक्षा कार्यालयले सञ्चालन गर्ने पाठ्यपुस्तकको अनुदान, छात्रवृत्ति अनुदान, विज्ञान प्रयोगशाला अनुदान, पुस्तकालय अनुदान, सामुदायिक अध्ययन केन्द्र सञ्चालन, धार्मिक विद्यालय अनुदान जस्ता एकमुष्ट अनुदान जाने कार्यक्रमहरुको अनुदानको विषयमा समय समयमा अनुगमन गर्नुपर्नेमा यो वर्ष २ बजेट उपशीर्षक अन्तर्गतका १० कार्यक्रममा रु.२ करोड ४१ लाख २१ हजारको विभिन्न कार्यक्रम सञ्चालन गरेकोमा खर्चको उपयोग, लक्षित बर्गले प्राप्त गरेको उपलब्धि, कार्यक्रमको निरन्तरता सम्बन्धमा अनुगमन गरी प्रतिवेदन तयार गरेको देखिएन ।

४. **प्रति विद्यार्थी लागत शिक्षक अनुदान –** हिमाली जिल्लामा प्रति कक्षा विद्यार्थीहरुको संख्या न्यूनतम ४० तोकेको देखिन्छ । कुनै विद्यालयमा सो भन्दा बढी भएमा प्रति विद्यार्थी आधारभूत तह कक्षा १-५ मा ८७७, आधारभूत तहकक्षा ६-८ रु.१,२२५।०० र माध्यमिक तह कक्षा ९-१० सम्मको

लागि रु.१,९०९।०० का दरले लगत शिक्षक अनुदान भनी विद्यालयको खातामा अनुदान रकम पठाउने व्यवस्था भए बमोजिम यो वर्ष ७८ विद्यालयहरुमा रु.५२लाख १८ हजार अनुदान दिएको देखियो । लेखापरीक्षणको क्रममा यस कार्यालयबाट उपलब्ध गराएको २०७२।७३ को शिक्षक दरवन्दी र फलास रिपोर्ट अनुसारको विद्यार्थी संख्याको आधारमा उपरोक्तबमोजिम शिक्षक विद्यार्थी अनुपात १:४० भन्दा कम विद्यार्थी भएको विद्यालयको कक्षाको लागि समेत शिक्षक अनुदान उपलब्ध गराएको देखिएकोले ३३ विद्यालयमा वढीअनुदान पठाएको रकमरु.१३ लाख ६२ हजारअसुल हुनुपर्दछ ।

५. **जोडजम्मा फरक** – शिक्षकहरुलाई ५ दिने कार्यशाला गोष्ठी सञ्चालन गर्ने गरी खर्च प्रस्ताव स्वीकृत गराई रु.२ लाख ७५ हजार पेश्की फछ्र्यौट हुँदा पेश भएको फाँटवारीको जोडजम्मा भन्दा खर्च दावी गरेको रकम रु.२६ हजार बढी रहेको देखिएकोलेबिलभरपाई बेगरको सो खर्च असुल हुनुपर्ने देखिएको छ ।

६. **विद्यालयको भौतिक सुधार** – विद्यालयको शसर्त अनुदानको रकम पहिलो किस्तामा गएको रकमको यथार्थ भौतिक प्रगतिको अनुगमन एव मूल्याङ्कनको आधारमा मात्र त्यसपछिको किस्ता रकम पठाउनुपर्नेमा कार्यालयबाट सो बमोजिमको मूल्याङ्कन बेगर विद्यालयको विद्यालय व्यवस्थापन समितिको प्रतिनिधिसँग सौझै सम्झौता गरी दोश्रो र तेश्रो किस्ता रकम विद्यालयको खातामा पठाएको देखियो । यस कार्यालयबाट बर्षान्त अर्थात २०७३ आषाढ २७ मा विभिन्न १६५ विद्यालयको नाममा रु.४ करोड ३५ लाख ८५ हजार निकासा पठाएको र नेपाल बैक लिमिटेडलाइ ती विद्यालयहरुको खाता रोक्का राख्ने गरी पत्र पठाएको देखिँदा विद्यालयहरुको कार्य प्रगति सम्बन्धमा कार्यालय स्वयम पूर्णरुपमा विस्वस्त हुन नसकेको स्पष्ट हुन्छ । यसरी रकम फ्रिज नगर्न वर्षान्तमा रकम निकासा पठाउने कार्य मनासिव देखिँदैन ।

७. **असुली** – यस सम्बन्धमा प्रमुख व्यहोरा निम्न वमोजम छन् :

७.१ बैठक भत्ता बापतको रकम भुक्तानी दिंदा भरपाई बेगरको १५व्यक्तिको रु.१३ हजार,एक खरिदार तालिममा रहेकोमा स्थानीय भत्ता रु.३ हजार, श्रोतकेन्द्र व्यवस्थापनको फाँटवारीमा अनुसार प्रतिवेदन बापत रु.२४ हजार खर्च लेखेकोमा १५ प्रतिशतले अग्रिम कर कट्टी नगरेको रु.४ हजार समेत असुल गर्नुपर्दछ ।

७.२ शिक्षक यूनियन अध्यक्षलाई जिल्ला शिक्षा अधिकारीको एकल निर्णयको आधारमा अनुदान दिएको रु.३० हजार, ढुवानीमा अग्रिम कर नकटाएको रु.३ हजार सम्बन्धितबाट असुल गर्नुपर्दछ । त्यस्तै अनौपचारिक शिक्षा केन्द्रको कार्यक्रममा २ कर्मचारीले रकम बुझेको नदेखिएको रु.३ हजार, श्रोत व्यक्तिहरुलाई प्रति व्यक्ति रु १० हजारका दरले रु.१ लाख २० हजार नगदै बुझाएकोमा उक्त भुक्तानीमा आयकर ऐन, २०५८ बमोजिम १५ प्रतिशतले रु.१८ हजार अग्रिमकर असुल गर्नुपर्ने देखिएको छ ।

८. **थप निकासा** – कार्यालयले विभिन्न ३३५ विद्यालयमा सवै छात्रा छात्रहरुलाई निःशुल्क पठ्यपुस्तक बापत रकम वितरण गर्दा दोहोरिएका विद्यार्थी संख्यालाई छात्रवृत्ति रकम वढी निकासा भएको रु.४ लाख ३३ हजार कटाई बाँकी रु.९१ लाख ७७ हजार समेत रु.९६ लाख ११ हजार निःशुल्क पाठ्यपुस्तक बापत सम्बन्धित विद्यालयमा निकासा पठाई सकेकोमा पुनः२०७१।३।२७ मा विभिन्न २३ विद्यालयको नाममा रु.२ लाख ६५ हजार निकासा पठाएको छ । सवै विद्यालयहरुको सवै विद्यार्थी संख्याहरुकोलागि प्रति विद्यार्थी हिसाव गरी पाठ्यपुस्तक अनुदान पठाईसकेको अवस्थामा

पुनः थप निकासा पठाएको सम्बन्धमा स्पष्ट आधार प्रमाण पेश हुनुपर्ने अन्यथा रु.२लाख ६५ हजार असुल हुनुपर्दछ ।

९. **दोहोरो बजेट** – जिल्ला स्थित विभिन्न विद्यालयमा जिल्ला शिक्षा कार्यालयको अतिरिक्त अन्य कार्यालयबाट समेत भवन निर्माण भनि रकम निकासा गएको देखियो । यस वर्ष भौतिक सुधार तर्फबाट भवन निर्माण लगायतका शीर्षकमा जिल्लाका विद्यालयहरुमा निकासा भएको केही उदाहरण निम्न बमोजिम छन् :

| विद्यालयको नाम र ठेगाना | जिल्ला प्राविधिक कार्यालयबाट | जिल्लाशिक्षा कार्यालयबाट |
|---|---|---|
| मैवाखोला उ.मा.वि, ढुंगेसांघु | २,५२,१८६/- | ५,००,०००/- |
| थेचम्बु नि.मा.वि, थेचम्बु | २,८५,०००/- | १४,००,०००/- |
| जनता उ.मा.वि, हाङदेवा | २,८५,०००/- | १४,००,०००/- |
| भानुजन उ.मा.वि, अम्बिटार | १,५०,१३७/- | २४,००,०००/- |
| फुगुवा नि.मा.वि, निगुराधिन | ८,५५,०००/- | १७,५०,०००/- |
| बाल सुवोधिनी उ.मा.वि, मेदिबुङ | ७,६०,०००/- | १८,००,०००/- |
| सरस्वती उ.मा.वि., सिकैचा | ३,०८,७५०/- | ४,००,०००/- |
| विरेन्द्र उ.मा.वि, फुङलिङ | २,८५,०००/- | ७,५०,०००/- |
| राष्ट्रिय मा.वि, पेदाङ | २,८५,०००/- | २३,५०,०००/- |
| पाटीडांडा नि.मा.वि, फाकुम्बा | २,८५,०००/- | २३,५०,०००/- |
| कालिका उ.मा.वि, नाङखोल्यांङ | १,९०,०००/- | २३,५०,०००/- |
| **जिल्ला विकास समिति निर्वाचन क्षेत्र विकास कार्यक्रमबाट** | | |
| कञ्चन्जंघा मा.वि.याम्फुदिन | ६,७८,९९९/- | ५०,०००/- |
| सिनाम उ.मा.वि (खेलमैदान) | १२,६१,०००/- | २९,००,०००/- |
| सिद्देश्वरी मा.वि डुम्रीसे | १,००,०००/- | १४००,०००/- |
| सांवा उ.मा.वि | ३,५१,७०२/- | २७,००,०००/- |
| **जम्मा** | **६३,३२,७४४/-** | **२४५०००००/-** |

एकै विद्यालयमा एउटै प्रयोजनमा लागि फरक फरक निकायबाट रकम निकासा गर्दा त्यसको एकीकृत लागत अनुमान तयार गरि कार्यालयहरुबीच समन्वय गरी दोहोरो नपर्ने गरी कुन कुन भाग कसले तयार गर्नुपर्ने हो सो सम्बन्धमा आपसमा सम्झौता गरी काम सम्पन्न गराउनुपर्नेमा सोबमोजिम भए गरेको नदेखिएकोले एउटै कामको लागि फरक फरक निकायबाट निकासा भएको रकम दोहोरो पर्नसक्ने हुंदा वित्तीय र प्राविधिक दृष्टिकोणबाट आवश्यक छानविन गर्नुपर्ने देखिन्छ ।

१०. **भौतिक पूर्वाधार निर्माण** – यस वर्ष भौतिक पूर्वाधार निर्माणका लागि रु.१८ करोड ९७ लाख निकासा भएकोमा विभिन्न विद्यालयहरुको लागि निकासा दिएको छ । सो सम्बन्धमा देखिएका अन्य व्यहोरा निम्न छन् :

क) जिल्ला शिक्षा समितिको २०७२।०८।२० को वैठक अनुसार जम्मा २२६ विद्यालय छनौट भएकामा २८ विद्यालयले एकभन्दा बढी किसिमको भौतिक पूर्वाधार निर्माण गर्ने गरी रकम प्राप्त गरेको पाइयो । जिल्ला शिक्षा समितिको निर्णय नभएको अवस्थामा गंगा निम्न माध्यमिक विद्यालय साँघु, सौचालयतर्फ भन्ज्याङ उच्च माध्यमिक विद्यालय लिम्बुदिन, पन्चकन्या प्राथमिक विद्यालय फूलबारी, भूकम्पीय सुरक्षा कार्यक्रम अधिक क्षतितर्फ जलपा निम्न माध्यमिक विद्यालय सान्थाक्रालाई निकासा दिएको पाइयो ।

ख) कार्यक्रम कार्यन्वयन पुस्तिका अनुसार प्रथम चौमासिक भित्रै विद्यालय छनौट हुन नसकेको र प्रथम किस्ता बापतको रकम मंसिरको १५ गतेभित्र निकासा दिन नसकेको एवम कतिपय वर्षको अन्ततिर निकासा दिएको कारण आर्थिक बर्षभित्रै कार्य सम्पन्न भई प्रतिवेदन तयार हुने र तोकिएको लक्ष्य प्राप्त हुने अवस्था देखिंदैन । कार्यान्वयन पुस्तिकामा उल्लेख भए अनुसारको कार्य तोकिएको समयमानै सम्पन्न गरी आर्थिक वर्ष भित्रै निर्माण कार्य सम्पन्न गरी कार्य सम्पन्न प्रतिवेदन तयार गर्नु पर्दछ ।

ग) यस वर्ष ४५ विद्यालयको रु.१ करोड ६७ लाखको कार्यसम्पन्न पेशभएपनि लेखापरीक्षण अवधिसम्म पनि १०४ विद्यालयको रु.११ करोड ५८ लाखको निर्माण सम्पन्न नभई बांकी रहेको देखिन्छ । समयमा कार्यसम्पन्न गराउने व्यवस्था मिलाउनुपर्दछ ।

११. **पेश्की –** यो बर्ष १७ कर्मचारीको नाममा वर्षको अन्तसम्मरु.१० लाख ८५ हजारपेस्की बाँकी देखिएकोछ ।एक विद्यालय निरीक्षकको नाममा रहेको रु.१ लाख ५७ हजार पेस्कीमध्ये रु.१ लाख ३० हजारको विभिन्न सामानहरु खरिद गरेकोमा तीसामानहरु जिन्सी दाखिला नभएकोले दाखिलाको प्रमाण पेश गर्नुपर्नेर बाँकी रु.२७ हजार नियमानुसार असुल फछ्र्यौट हुनुपर्दछ ।यो वर्ष ४ कर्मचारीको नाममा वर्षको अन्त सम्म रु.९९ हजार पेस्की बांकी रहेकोले नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

१२. **ल्यापटप खरिद** – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८४ मा रु. ३ लाखभन्दा बढी मूल्यको सामान खरिद गर्दा शिलबन्दी दरभाउपत्र आव्हान गरी खरिद गर्न सकिने उल्लेख छ । कार्यालयले यो बर्ष एउटै फर्मबाट ७ थान ल्यापटप रु.३ लाख २३ हजारको खरिद गरेकोलेअनियमित देखिएको छ ।

१३. **पूँजीगत शसर्त अनुदान** – सरकारी निकाय लाई पूँजीगत शसर्त अनुदानमा ५ विद्यालयलाई प्रति विद्यालय रु.५ लाखको दरले रु.२५ लाख रकमान्तर गरी बाँडफाँड गरिएको पाइयो । जस अनुसार विद्यालयले विद्यालय भवन निर्माण, कक्षा कोठा थप गर्ने, मेशीनरी उपकरण खरिद, कम्प्युटर खरिद, कम्प्युटर ल्याव, विज्ञान प्रयोगशाला, शौचालय कम्पाउण्ड वाल, खेलमैदान, सोलार जडान तथा सोलार व्याट्री खरिद जस्ता रहेको छ । कायक्रमको सुपरभिजन, अनुगमन र प्रतिवेदन गर्ने उल्लेख भएकोमा कार्यालयले वर्षको अन्तमा कार्यालयको खातामा निकासा दिएकोमा पेस्की नजनाएको र लेखापरीक्षण अवधिसम्म पनि तोकिएको कार्यमा खर्च नभएको र निकासा दिँदा सम्बन्धित बैंकलाई अर्को व्यवस्था नभएसम्म रकम रोक्का राख्ने भनी २०७३।०३।२४ मा पत्राचार गरेकोले खर्च भएको जनीने आधार नभएकोले प्रमाण कागज तथा अनुगमन प्रतिवेदन पेश नभएमा सो रकम असुल उपर गर्नुपर्दछ ।

सामुदायिक विद्यालयको क्षमता अभिवृद्धि कार्यक्रम अन्तर्गत प्रथम चौमासिकमा ल्याव सामाग्री सहयोग अनुदान बापत प्रथम र दोश्रो किस्तामा रु.९ लाखका दरले२ किस्ताबाट निकासा दिनेगरी यस वर्ष श्री भानुजन उच्च माध्यमिक विद्यालयलाई एकमुष्ट रु.१८ लाख निकासा दिएको छ। सो बाट उक्त विद्यालयले के कति सामान खरिद गरी निर्धारित लक्ष्य हासिल गरेको सम्बन्धमा अनुगमन नभएको र बिल भरपाई तथा स्रेस्ता पेश नभएकोले बिल भरपाई साथ अनुगमन प्रतिवेदन पेश गर्नुपर्ने अन्यथा सो रकम असुल हुनुपर्दछ ।

१४. **प्राविधिक शिक्षकलाई तलव** – श्री नारायणी उच्च माध्यमिक विद्यालय साँघुका प्राविधिक शिक्षकलाई तलव दिन र ल्याव सामाग्री अनुदानबापतको रु.१५ लाख समेत रु.१५ लाख ८४ हजार भुक्तानी दिइएकोमा बर्षको अन्तमा रकम फ्रिज नगर्ने उद्देश्यले उक्त उच्च माध्यमिक

विद्यालयलाई रकम निकासा दिइएको साथै खाता रोक्का राख्ने पत्र बैंकलाई दिएकोले तोकिए अनुसार खर्च गरी लक्ष्य हासील भएको नदेखिदारु.१५ लाख असुल हुनुपर्दछ ।तीन प्रशिक्षकलाई २०७३।२।२५ देखि असार मसान्तसम्म जम्मा ३८ दिनको रु.८४ हजार खर्च लेखेकोमा २०७३।२।२५ देखि जेष्ठ मसान्तसम्म जम्मा ६ दिन हाजिर रहेको र असार महिना भरी विदा लिएको हाजिर उतारबाट देखिएकोले छानबिन गरी बढी भुक्तानी भएको रकम असुल गर्नुपर्दछ ।

१५. **बढी निकासा** – पृथ्वी उच्च माध्यमिक विद्यालय खाम्लुङका एक प्राथमिक शिक्षक गजुरमुखि निम्न माध्यमिक विद्यालय, इलाम सरुवा भई गएकोमा रु ८३ हजार, थेचम्बु उच्च माध्यमिक विद्यालय अस्थायी शिक्षक श्री केशव शरण अधिकारीले २०७२।१०।२८ गते राजीनामा गरेकोमा बढी निकासा भएको रु.२७ हजार,भञ्ज्याङ उच्च माध्यमिक विद्यालय लिम्बुदिनका एक माध्यमिक शिक्षक जिल्ला शिक्षा कार्यालय, झापा अन्तर्गत सरुवा भएकोमा फाल्गुण महिनाको २७ दिनको तलव भत्ता रु.२५ हजार असुल गर्नुपर्ने देखिएको छ ।

१६. **शीर्षक फरक** – करारमा कार्यरत कार्यालय सहयोगी ३ कर्मचारीलाई परामर्श शीर्षकाट तलव खर्च लेख्नुपर्नेमा तलवशीर्षकबाट रु.५ लाख ६ हजारखर्च लेखेको देखियो। यसरी शीर्षक फरक पारी खर्च लेखेको अनियमित देखिएको छ ।

## जिल्ला स्वास्थ्य कार्यालय

१. **आन्तरिक नियन्त्रण प्रणाली –** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको कार्यान्वयनको मूल्याङ्कन गर्दा वार्षिक खरिद योजना नबनाएको, लक्ष्य प्रगति विवरण तयार गर्दा ट्याबुक्स सफ्टवयरको प्रयोग नगरेको, अस्पतालको शौचालय तथा सरसफाई कार्य लगायतमा कार्यालयको ध्यान नगएको, स्थास्थ्य संस्थामा अनमीदेखि मेडिकल सुपरीटेन्डेन्ट समेत १४६ दरवन्दी रिक्त रहेको, विद्युतीय सूचना प्रणालीमा आधारित भण्डार व्यवस्था पूर्णरुपमा कार्यान्वयन नभएको, जिन्सी सामान खरिद भएकोमा रु.३१,४७०।- को औषधि र रु.८३००।- को ग्यास चुल्हो जिन्सी दाखिला नगरेको, हस्तान्तरण गरिएका सामानको जिन्सी दाखिला गरेको प्रतिवेदन प्राप्त नभएको, कार्यक्रम सञ्चालनको लागि रु.१ लाखदेखि रु.३६ लाखसम्म एक व्यक्तिलाई पेस्की दिएकोमा फछ्र्यौटको लागि प्राप्त बिल भरपाई प्रमाणित नभएको, एकै व्यक्ति विभिन्न कार्यक्रमबाट भ्रमण खर्च लेख्ने गरी काज खटाइएको, म.ले.प.फा.नं.२ मा अभिलेख नराखेको, खर्च भएर नजाने जिन्सी खातामा पुरानो मालसामान समेतको परल मूल्य स्पेशिफिकेसन खुलाई नराखेको, समयमा मर्मत एवं लिलाम कार्य अगाडि बढेको नदेखिएको, स्वास्थ्य संस्थाहरुको घर जग्गाको लगत राखे पनि मूल्य नखुलेको, कित्ता नं.नखुलेको र अधिकांश स्वास्थ्य संस्थाको जग्गाधनी दर्ता प्रमाणपत्र प्राप्त नगरेको जस्ता व्यहोरा देखिएकोले प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्नुपर्दछ ।

२. **चौमाासिक खर्च –** स्वीकृत वार्षिक कार्यक्रम बमोजिम तोकिएको चौमासिकमा तोकिएका कार्यक्रम सञ्चालन गर्न बजेट व्यवस्था भए मुताविक सोही चौमासिकमा कार्यक्रम सञ्चालन गरी खर्च गर्नुपर्नेमा पूँजीगत कार्यक्रमतर्फ दोश्रो चौमासिकका केही मात्र कार्यक्रम सञ्चालन गरेको छ भने तेश्रो चौमासिकमा सबैभन्दा बढी कार्यक्रम सञ्चालन गरेको देखियो । तेस्रो चौमासिक र आषाढ महिनामा २ बजेट उपशर्षिकमाविनियोजित रकमको शतप्रतिशत खर्च गरेकोमा अधिकांश योजनाहरुको योजना फरफारक आषाढ महिनामा हुने भएकोले तेस्रो चौमासिक र आषाढ

महिनामा बढी खर्च भएको कार्यालयले जनाएको छ । तेस्रो चौमासिक र आषाढ महिनामा बढी रकम खर्च हुन नदिनेतर्फ सम्बन्धित निकायको ध्यान जानुपर्ने देखिन्छ ।

३. **पेस्की कारोबार –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा सरकारी कामकाजको निमित्त पेस्की लिनु पर्दा कुन कामको लागि के कति रकम चाहिने हो त्यसको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । कार्यालयले यो वर्ष ४ बजेट उपशीर्षकमा रु.४ करोड ११ लाख ३७ हजार खर्च गरेकोमा २५ देखि शतप्रतिशतसम्म रु.१ करोड ७४ लाख ७० हजार पेस्की मार्फत खर्च गरेकोले यस्तो प्रबृत्तिमा सुधार हुनुपर्दछ । आर्थिक वर्षको अन्तमा २ कर्मचारीको नाममा फछ्र्यौट नभई बांकी रहेको पेस्की रु.५० हजार नियमानुसार फछ्र्यौट हुनुपर्दछ ।

४. **ठेक्का एवं खरिद व्यवस्थापन –** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० मा बजेट तथा कार्यक्रम तयार गर्दा लागत अनुमान तयार गर्ने, ठेक्कापट्टा स्वीकृत गर्ने कार्य प्रथम चौमासिक अवधिमा समाप्त गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख छ । यो वर्ष खरिद गर्न ३३ आईटम औषधिको रु.३१ लाख ७२ हजारको लागत अनुमान तयार गरेको छ । वर्ष भरी नि:शुल्क वितरण गर्नुपर्ने औषधि आर्थिक वर्ष सकिनु भन्दा ३ महिना पहिले अर्थात २०७३।१।१ मा आपूर्ति गर्नुले नागरिकले ७० प्रकारका नि:शुल्क औषधि वर्षभरी प्राप्त गरेका छन् भन्ने विश्वस्त हुने आधार छैन । औषधि खरिद प्रक्रियामा कति संख्यामा बोलपत्र बिक्री गरेको हो र कति संख्या बोलपत्र दर्ता गरेको संख्या खुल्ने रजिष्टर समेत लेखापरीक्षणको क्रममा उपलव्ध हुन सकेन । नियमावली बमोजिम प्रथम चौमासिकभित्र सबै खरिद सम्झौता गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

५. **लक्ष्य तथा प्रगति –** तोकिएका कार्यक्रमहरु तोकिएको समय र बजेटको परिधिभित्र रही लक्ष्य बमोजिम प्रगति हासिल गर्नुपर्ने एवं भौतिक प्रगति र वित्तीय प्रगतिबीच तालमेल हुनु पर्दछ । कार्यालयले विस्तारित खोप र एकीकृत वाल स्वास्थ्यतर्फ राष्ट्रिय एड्सतर्फ,सुरक्षित मातृत्वतर्फ एकमुष्ट वजेटको आधारमाशतप्रतिशत प्रगति देखाएको छ । सूचनातथा सञ्चारतर्फ ३ कार्यक्रमको शून्य प्रतिशत, १ मा ६७ प्रतिशत र वांकी ७ मा १०० प्रतिशत देखाई कुल जम्मा शतप्रतिशत प्रगति भएको उल्लेख गरेको छ । परिवार नियोजनतर्फ स्थायी वन्ध्याकरण पुरुषतर्फ २८र आई.यु.सि.डी.तर्फ ६७ प्रतिशत देखाई बांकी ७कार्यक्रममा १०० प्रतिशत प्रगति भएको देखाएको छ । कार्यक्रमको वित्तीय र भौतिक प्रगतिको अनुपात फरक फरक भएको, कार्यक्रमवाइज खाता नराखेको कारणले कार्यालयले कार्यक्रम अनुसार नै खर्च गरेको छ भन्ने विषयमा विश्वस्त हुने आधार देखिएन । तोकिएको बजेट र भौतिक प्रगतिबीच तालमेल मिलाई खर्च नियन्त्रण गर्ने र यथार्थ प्रगति विवरण तयार गर्नुपर्दछ ।

६. **औषधि भण्डार परीक्षण –** प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण महाशाखाको कार्यक्रम निर्देशिका २०६८।६९ बमोजिम कार्यालयले खरिद गरेका औषधि तथा सर्जिकल सामानहरुमा "नेपाल सरकारको नि:शुल्क स्वास्थ्य कार्यक्रमको लागि"भन्ने लोगो लगाउनुपर्ने व्यवस्था छ । कार्यालयले खरिद गरेका र हस्तान्तरण भई आएका नि:शुल्क वितरण गर्ने औषधि तथा सर्जिकल सामानहरु सबै अनिवार्य रुपमा नि:शुल्क वितरण लोगो लगाइनु जरुरी भएपनि नि:शुल्क रुपमा वितरण गरिने औषधिहरुमध्ये सबैभन्दा बढी खपत हुने ७ प्रकारका औषधि तथा सर्जिकल सामानहरुमा भण्डार परीक्षण गर्दा फ्रुसेमाइड ४० एम.जी. ट्याब्लेटमा केही पनि नलेखेको र कतिपय औषधि आवश्यकता भन्दा बढी र कतिपय औषधि आवश्यकता भन्दा ज्यादै कम परीमाण भण्डारमा रहेको कारण तोकिएको मापदण्ड अनुरुपको परिमाणको औषधि भण्डारमा नभएकोले नागरिकले

तोकिएका ७० प्रकारका औषधि नि:शुल्क प्राप्त गरेका छन भन्ने सम्बन्धमा विश्वस्त हुन सकिएन ।

७. **खरिद औषधिको म्याद –** यस कार्यालयबाट खरिद भएका एवं हस्तान्तरण भई आएका विभिन्न प्रकारका औषधिहरुमध्ये १० प्रकारका औषधिहरुको भण्डार परीक्षण गर्दा कार्यालयले औषधिहरु जिन्सी खातामा कम्प्युटर प्रणालीबाट दाखिला गरेकोमा उक्त प्रणालीको परीक्षण गर्दा यो आर्थिक वर्षमा खरिद भई आएका औषधिहरु खर्च नभई बांकी रहेकोमा एकमुष्ट आगामी वर्षको लागि जिम्मेवारी सारेको मात्र देखिन आयो । कार्यालयको भण्डारमा गत विगत वर्षका खरिद एवं हस्तान्तरण भईआएका र चालू वर्षमा खरिद एवं हस्तान्तरण भएका औषधिहरु अलग अलग नराखी एकै ठाउंमा भण्डारण गरेकोले खरिद गर्दाको अवस्थामा १८ महिना वा सेल्फ लाइफको दुई तिहाई म्याद रहे नरहेको सम्बन्धमा यकिन हुन सकेन । तसर्थ कार्यालयले औषधिको भण्डारण गर्दा फिफो विधि अलम्बन गरी औषधिको म्याद सकिनु अगावै खपत गर्न सकिने व्यवस्थाको लागि अलग अलग भण्डारणको व्यवस्था मिलाउनुपर्दछ ।

८. **कर समायोजन** – मूल्य अभिवृद्धि कर नियमावली, २०५३ बमोजिम मूल्य अभिवृद्धि कर भुक्तानी भएको जानकारी सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा पठाउनुपर्नेमा १० आपूर्तिकर्तालाईरु. ३ लाख ८४ हजारमूल्य अभिबृद्धी कर समेत भुक्तानी दिएकोमा सोको जानकारी गराएको नदेखिएकोले कर समायोजन भएको प्रमाण पेश नभएमासो रकम सम्वन्धित आपूर्तिकर्ताबाट असुल हुनुपर्दछ ।

९. **कर बीजक बेगर भुक्तानी** – इलाका हेल्थपोष्ट भवन थिङलाबु ८ ओखाबुमा भवन मर्मत बापत रु.४ लाख ७८ हजार एक निर्माण कम्पनीलाई मूल्य अभिवृद्धि कर रु.५५ हजार समेत भुक्तानी गरिएकोमा कर बीजक नभएको र निजसँग ठेक्का सम्झौता समेत नगरी रकम भुक्तानी भएको देखिएकोले काम भए नभएको सम्बन्धमा यकिन हुन नसकेकोलेकर बीजक वेगर भुक्तानी भएको मूल्य अभिवृद्धि कर रु.५५ हजार असुल गर्नुपर्ने समेत प्रमाण पेश गर्नुपर्ने देखिएको छ ।

१०. **कार्यक्रम विपरीत खर्च** – स्वास्थ्य सेवा कर कोषबाट सञ्चालित कार्यक्रम अन्तर्गत पेस्की रु.२ लाख ७० हजार फछ्र्यौट हुंदाप्रहरी र अन्य सुरक्षा निकायका पदाधिकारीलाई २ पटक अभिमुखीकरण गर्ने भनी रु.५० हजार विनियोजन भएकोमा २०७३।३।२० मा २२ जनाको उपस्थितिमा एउटा मात्र कार्यक्रम सञ्चालन भएको पाइयो । प्रति कार्यक्रम रु.२५ हजारकोदरले२ कार्यक्रममाखर्च गर्नुपर्नेमा एउटा मात्र गरी पुरै खर्च देखाएकोले सम्बन्धित व्यक्तिबाट सो असुल गर्नुपर्दछ । कुल बिल भरपाईको जोडजम्मा रु.२ लाख ६५ हजार मात्र हुंदा पनि रु.२ लाख ७० हजार पेस्की फछ्र्यौट गरी खर्च लेखेकोले रु.५ हजार असुल उपर हुनुपर्दछ ।

११. **ढुवानीको आधार** – औषधि एवं अन्य सामान दुवानी गर्दा कति परिमाणमा, कुन मूल्यमा, कहाँदेखि कहाँसम्म ढुवानी गर्ने सोको यकिन गरी तोकिएको प्रति किलो भाडादर भन्दा बढी नहुने गरी भुक्तानी गर्नुपर्नेमा दुरी एवं ढुवानी परिमाण यकिन नगरी एक नायव सुव्बालाई दिएको पेस्की रु. २ लाख विभिन्न व्यक्तिहरुले रकम बुझेको भरपाईको आधारमा फछ्र्यौट गरेको देखियो । ढुवानी गरेको आधार खुल्ने प्रमाण पेश हुनुपर्ने अन्यथा निजबाट असुल हुनुपर्ने, ढुवानी भाडामा कर नकटाएको रु.६ हजार असुल गर्नुपर्दछ ।

१२. **असुली –** कार्यालय तथा अस्पताल गुणस्तर सुधारतर्फ रु.११ लाख ४१ हजार खर्च लेखेकोमा रु. ७ लाख ३० हजारको मात्र बिल भरपाई पेश भएकोले नपुग प्रमाण बेगरको खर्च रु.४ लाख ११ हजार सम्बन्धित कर्मचारीबाट असुल उपर गर्नुपर्नेदेखिएको छ ।

१३. **बिल भरपाई** – सार्वजनिक निर्माणबापत एक फर्निचर सोरुमलाई झ्याल तथा ग्रिलमा प्राइमर तथा सिल्भर कलर लगाए बापत रु.१ लाख भुक्तानी दिइएकोमा बिलको जोडजम्मातर्फ रु.६० हजारमात्र भएको र कर बीजक तथा बिल नभएकोले रु.४० हजार असुल गरी प्रमाण पेश हुनुपर्दछ ।

१४. **टुक्रा पारी खरिद** – सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ मा सार्वजनिक निकायले खरिद विधि छनौट गर्दा प्रतिस्पर्धा सीमित हुने गरी टुक्रा टुक्रा पारी खरिद गर्न नहुनेमा प्रतिस्पर्धा बेगर एउटै एवं विभिन्न व्यक्ति वा फर्मबाट पटक पटक गरी सीमाभन्दा बढी रकमको फर्निचर, औषधि, निर्माण तथा सर्जिकल सामान गरी रु.३१ लाख ९ हजारको खरिद सोझै गरेकोले अनियमित देखिएको छ ।

१५. **भण्डार दाखिला** – फर्निचर तथा फिक्चर्स खरिद बापत एक फर्निचर उद्योगलाई २०७३।२।८ को २ वील नम्बर मार्फत शिलबन्दी दरभाउपत्र बाट रु.९ लाख ५५ हजार भुक्तानी दिएको पाइयो । फर्निचर तथा फिक्चर्सबाट सो खरिद गर्दा सुत्केरी महिलालाई विछ्याइदिन उपयुक्त हुने ३० थान रेग्जीन प्रतिथान रु.३,९९०।- ले मूल्य अभिवृद्धि कर समेत रु.१ लाख ३५ हजार भण्डारमा दाखिला नभएकोले सो दाखिला भएको र खर्च भएको प्रयाप्त आधार प्रमाण नभएमा भुक्तानी दिनेबाट असुल गर्नुपर्दछ ।

१६. **ग्रेड भुक्तानी** – जिल्ला स्थित कार्यालयको हकमा कोषतथा लेखा नियन्त्रक कार्यालयबाट पारित तलवी प्रतिवेदनको आधारमा तलव भत्ता खर्च लेख्नुपर्नेमा २ कर्मचारीलाई रु.१३ हजार ग्रेड बढी भुक्तानी दिनुपर्ने आधार प्रमाण पेश हुनुपर्दछ ।

१७. **तलब खर्च** – कार्यालयले जेष्ठ महिनाको खर्च लेख्दा ८ कर्मचारीको साविकको तलव भत्तामा तलव मिलान थप गरी रु.२४ हजार भुक्तानी दिएको देखियो । यसरी मिलान भएको आधार प्रमाण पेश हुनुपर्दछ ।

१८. **विदाको रकम भुक्तानी –** स्वास्थ्य सेवा नियमावली २०५५ को नियम ५५ (१) बमोजिम स्वास्थ्य संस्थामा कार्यरत कर्मचारीहरुले सार्वजनिक विदाको दिन काम गरे बापत सट्टा विदा पाउन सक्ने व्यवस्था रहेको छ । त्यस्तो विदा अर्को ३ महिना भित्रमा पालो मिलाई बस्नु पर्ने उल्लेख भएकोमा सट्टा विदा लिन नसकेको स्पष्ट आधार बेगर कार्यालय प्रमुख लेखा प्रमुख लगायतका पदाधिकारीहरुले समेत ४७७ दिनको सट्टा विदा बापत रु ६ लाख ८५ हजार भुक्तानी लिएको देखियो । सट्टा विदा बापतको विदा पालो मिलाई विदा बस्न नसकेको स्पष्ट आधार र विदाको अभिलेख अद्यावधिक वेगर खर्चलेखेको रकम अनियमित देखियो ।

१९. **डाईट खर्च** – अस्पतालमा भर्ना भई उपचार गराईरहेका विरामीलाई भर्ना अभिलखको आधारमा तयार हुने डाईट सिलिपको आधारमा मात्र खर्च लेख्नु पर्नेमा सो बमोजिम नगरी आपुर्तकको बिलको आधारमा रु.१६ लाख ६३ हजार भुक्तानी दिएको छ । भर्ना भएका विरामी संख्या भन्दा वढि भुक्तानी भएको देखिएकोले सो सम्बन्धमा छानविन हुनु पर्दछ ।

२०. **कार्यक्रमभन्दा बढी कर्मचारी नियुक्त** – यो वर्ष आई.एम.सि.आईखोप कार्यक्रम अन्तर्गत जम्मा ५ जना अहेव/अनमि सेवा करारमा नियुक्त गरी काममा लगाउन सकिने गरी कार्यक्रम स्वीकृत भएकोमा दौश्रो चौमासिकमा ७ जना नियुक्त गरी रु ८० हजार र प्रसुति सेवा सञ्चालन गर्न १५ जना करारमा अनमी नियुक्त गर्ने कार्यक्रम अन्तर्गत २४ संख्यामा नियुक्त गरी बढी संख्यालाई भुक्तानी गरेको रु ११ लाख ११ हजार समेत ११ लाख ९१ हजार भुक्तानी दिएको अनियमित देखिन्छ ।

२१. **विज्ञापन खर्च –** सरकारी निकायको सूचना प्रकाशन बापत कम्तिमा १५ देखि २५ प्रतिशत संस्थागत छुट गरी सूचना प्रकाशन गर्ने गरेकोमा औषधि खरिद सम्बन्धमा सूचना प्रकाशन बापत एक एडभरटाईजिङलाई रु.९२ हजारभुक्तानी गरिएकोमा उक्त संस्थाले यो सूचना प्रकाशन हुँदा उपरोक्तबमोजिमको न्यूनतम १५ प्रतिशत पनि छुट नलिएकोले रु.१२ हजार व्ययभार बढेकोले सम्बन्धितलाई जिम्बेवार बनाउनुपर्दछ ।

२२. **दोहोरो भत्ता भुक्तानी** – भ्रमण खर्च नियमावली, २०६४ को नियम ७ को उपनियम ११ बमोजिम सरकारी कामको सिलसिलामा भ्रमणमा रही दैनिक भ्रमण भत्ता उपभोग गर्ने पदाधिकारी वा कर्मचारीले दैनिक भ्रमण भत्ता उपभोग गरेको अवधि भर स्थानीय भत्ता भुक्तानी दिन नमिल्नेमा ३ जना कर्मचारीलाई दाहोरो भत्ता बापत रु.१७ हजार भुक्तानी दिएको असुल गर्नुको अतिरिक्त अन्य कर्मचारीको समेत छानविन गर्नुपर्दछ ।

## दुर्गम क्षेत्र विकास समिति

१. **आन्तरिक नियन्त्रण प्रणाली**–कार्यालयले आ–आफ्नो कामको प्रकृति अनुसारको उपर्युक्त आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागु गर्नु पर्दछ । कार्यालयमा उपलब्ध भएको जिन्सी खातामा अन्यत्रबाट हस्तान्तरण भई आएको तथा यस कार्यालयबाट खरिद भएको समेत कतिपय सामानको परल मूल्य, स्पेशिफिकेसन, इकाई मूल्य नखुलेको, तालुक कार्यालयबाट निरीक्षण नगरेको, खरिद एकाइ गठन नगरेको, समयमापेस्की फछ्यौट नभएको, सञ्चालित आयोजनाको अनुगमन मूल्याङ्कन नभएको, पुल निर्माण जस्ता जटिल प्राविधिक पक्ष समावेश भएका तीन योजनाको काम उपभोक्ता समिति मार्फत गराई रु.३० लाख ९३ हजार भुक्तानी गरेको जस्ता व्यहोरा देखिएको छ । प्रचलित कानूनको पालना गरी आन्तरिक नियन्त्रण प्रणालीमा सुधार गर्नुपर्दछ ।

२. **अधुरा योजना –** स्थानीय स्वायत्त शासन ऐन, २०५५ मा योजना छनौट गर्दा लागत, समय, स्रोत र त्यसबाट प्राप्त हुने प्रतिफल समेतको पूर्व अनुमान गरेर योजना छनौट गरी सञ्चालन गर्नुपर्ने व्यवस्था छ । कार्यालयलेगत विगत वर्षदेखि सञ्चालित रु.५८ लाख लागत अनुमान भएको छुसरे खोला झोलुङगे पुल र रु.५७ लाख लागत अनुमान भएको कावेली खोला झोलुङ्गे पुल योजनामा यो वर्ष रु.२७ लाख ४० हजार खर्च गरेकोमा ती योजनाहरु हालसम्म क्रमश: २७ प्रतिशत र २१ प्रतिशत मात्र सम्पन्न भएकोले समयमा आयोजना सम्पन्न नहुने अवस्था छ । यसमा सम्बन्धित निकायको ध्यान जानुपर्दछ ।

३. **पेस्की** –स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६४ को नियम १८२ बमोजिम वर्षको अन्तसम्म बाँकी रहेको पेस्की आन्तरिक लेखापरीक्षण समेत उल्लेख गर्न छुट भएको रु. ११ लाख नियमानुसार फछ्यौंट हुनुपर्दछ ।

४. **असुली –** दैनिक भत्ता उपभोग गरेको अवधिको स्थानीय भत्ता भुक्तानी गर्न नमिल्नेमा एक इंन्जिनियर ०७२।९।५ देखि ०७२।१०।१८ सम्म बिदा बसेकोमा स्थानीय भत्ता भुक्तानी लिएको रु.३७५०। र फेदिखोला झोलुङ्गे पुल निर्माणको लागी रु.३० लाख २६ हजारमा रु.१ लाख २ हजार अर्थात ३.३७ प्रतिशत व्यहोर्ने गरी सोको उपभोक्ता समितिसंग सम्झौता भएकोमा रु.३० लाख १ हजारको बिल पेश भएकोले ३.३७ प्रतिशत श्रमदान कटाई रु.२९ लाखमात्र भुक्तानी दिनुपर्नेमा रु.१५ हजार बढी भुक्तानी भएको समेत असुल हुनुपर्दछ ।

## पाथिभरा क्षेत्र विकास समिति

१. **दरबन्दी र पदपूर्ति** – समितिमा हाल १ कार्याकारी करार दरवन्दीमा नियुक्त गरी १ जनाबाट मात्र काम काज संचालनमा ल्याएको देखियो । समितिको कार्य प्रभावकारी रुपमा संचालनको लागि आवश्यकता विश्लेषण गरी कर्मचारीको व्यवस्थापन गर्नुपर्ने देखिन्छ ।

२. **आन्तरिक नियन्त्रण प्रणाली –** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ । आन्तरिक नियन्त्रण व्यवस्थाको मूल्याङ्कन गर्दा बेरुजुको लगत नराखेको, बिल भर्पाई समेत नियमानुसार सिलसिलेवार नराखेको, जिन्सी खाता समेत अध्यावधिक नगरेको, जिन्सी निरीक्षण प्रतिवेदन तयार नगरेको, लगागतका व्यहोरा देखिएका छन । प्रचलित कानुनको पालना गरी आन्तरिक नियन्त्रण प्रणाली प्रभावकारी बनाउनु पर्दछ ।

३. **लक्ष्य प्रगति** – आर्थिक कार्यबिधि नियमावली, २०६४ को नियम २० र २५ अनुसार अनुसूची १ को ढाँचामा लक्ष्य प्रगति विवरण तयार गर्नुपर्ने स्थिति छ । समितिले यो वर्ष भवन निर्माण, मेशिनरी औजार, फर्निचर खरिद, ट्रेकिङ स्टिक खरिद, २ पदमार्ग निर्माण, रेलिङ सर्भेक्षण जस्ता पूंजीगत शीर्षकमा रु.५१ लाख २१ हजार खर्च गरेकोमा लक्ष्य प्रगति विवरण तयार गरेको छैन ।

४. **असुली –** बिल भर्पाई वेगरको ढुवानी तथा गाडी भाडा खर्च रु.३५ हजार, गाडी भाडाबापत रु. २३ हजार भुक्तानी भएकोमा १० प्रतिशत कर नकटाएकोरु.२ हजार, ६ वस्तु तथा सेवा आपूर्तकलाई रु.२९ लाख ८८ हजार भुक्तानी गर्दा अग्रिम कर रु.३९ हजार नकटाएको, एक कन्सल्टेन्सी लाई मूल्य अभिवृद्धि कर समेत रु.१ लाख ९२ हजार भुक्तानी दिएकोमा सर्भे रिपोट पेश नभएको र कर बीजक बेगर मूल्य अभिवृद्धि कर समेत भुक्तानी दिएकोले आयकर ऐन, २०५८ बमोजिम १५ प्रतिशतले हुने रु.२९ हजार समेत असुल गर्नुपर्दछ ।

५ **मूल्य अभिवृद्धि कर –** समितिले ५ आपूर्तकबाट रु.२६ लाख ९२ हजारको वस्तु खरिद गर्दा रु.३ लाख १० हजार मूल्य अभिवृद्धि कर समेत भुक्तानी गरेकोमा सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा जानकारी पठाउनुपर्नेमा नपठाएको, दुई आपूर्तकको बीजक नं. नखुलेको सच्चाएको जस्ता कैफियत देखिएको छ । मूल्य अभिवृद्धि कर समायोजन भएको प्रमाण पेश गर्ने अन्यथा सम्बन्धित आपूर्तकबाट सो मूल्य अभिवृद्धि कर असुल हुनुपर्दछ ।

६. **कन्टिन्जेन्सी** – यस समितिको कार्यालय भवन निमार्णको लागि रु.१७ लाख २१ हजारको लागत अनुमान स्वीकृत गरी उपभोक्तालाई कार्यादेश दिए बमोजिम यो वर्ष रु.१४ लाख ८५ हजारको कार्य सम्पन्न भएको छ । उक्त भवन निर्माणका प्राविधिक पक्षको व्यवस्थापन गरेको भनी जिल्ला प्राविधिक कार्यालयका दुई सव-ईन्जिनियरले पेश गरेको निवेदनको आधारमा कन्टिन्जेन्सीबाट एक प्रिन्टिङ प्रेसको बिल राखी रु.९२ हजार आफै रकम बुझेको देखियो । यसरी सम्बन्धित

पार्टिलाई नबुझाएको र कर्मचारीले सोबापतको रकम निवेदन मार्फत माग गरी लिएको रकम असुल गर्नुपर्दछ ।

७. **धरौटी कट्टी –** भवन निर्माण बापत एक निर्माण व्यसायीलाई रु.२२ लाख ७१ हजार भुक्तानी दिएकोमा मूल्य अभिवृद्धि कर बाहेकको रकममा ५ प्रतिशतले हुने रु.९२ हजार धरौटी कट्टा गर्नुपर्नेमा नगरी भुक्तानी दिएको छ ।

८. **राजस्व दाखिला** – गत वर्षको नेपाल सरकारको वजेटवाट पेश्कि दिएको रकम फछ्र्यौट हुंदा असुल भई दाखिला भएको रु.६ लाख ८८ हजार रकम बेरुजू बापतको राजस्व खातामा दाखिला गर्नुपर्नेमा समितिको खातामा राखेको देखिएकोले उक्त रकम राजस्व खाता दाखिला गर्नुपर्दछ ।

९. **पेस्की** – आर्थिक वर्षको अन्तसम्म फछ्र्यौट नभई एक व्यक्तिको नाममा वांकी रहेको पेस्की रु १ लाख आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७९ बमोजिम असुल फछ्र्यौट हुनुपर्दछ ।

१०. **भेटीघाटी सङ्कलन –** पाथिभरा देवी मन्दिर क्षेत्र संरक्षण तथा सम्बर्धन समिति नामको स्थानीय गैर सरकारी संस्थाबाट भेटीघाटी सङ्कलन हुदै आएकोमा उक्त संस्थाले २०७२ फाल्गुन भन्दा अगाडि आजीवन, विशिष्ठ सदस्य भनी कम्तिमा रु.२५००।- प्रति सदस्यका दरले यस क्षेत्रको नाममा रकम सङ्कलन गरेको, २०७२ साल फागुनदेखि २०७३ असार मसान्त सम्म मूल मूर्तिमा भक्तजनले चढाएको भेटी मात्र रु.४३ लाख संकलन भएको छ । यो वर्ष उक्त गैर सरकारी संस्थाको तर्फबाट २ पुजारी र ६ सहयोगी समेत ८ कर्मचारीलाई पारीश्रमिक बापत प्रतिमहिना न्यूनतम रु.५ हजारदेखि अधिकतम रु.१२ हजारसम्मका दरले २०७२ फाल्गुनदेखि २०७३ असारसम्म विभिन्न भौचरबाट रु.३ लाख ८७ हजारभुक्तानी खर्च लेखेको छ । गैर सरकारी सस्थाबाट नियुक्ती भएका व्यक्तिको लागि अधिकार र जिम्मेवारी किटान नगरी मन्दिरको आम्दानीबाट सिधै खर्चगर्ने पद्धतिमा सुधार ल्याउनुपर्दछ ।

२०७२ फाल्गुन महिनाभन्दा अगाडि भेटी घाटीबाट प्राप्त रकम पाथिभरा देवी मन्दिर क्षेत्र संरक्षण तथा सम्वर्धन समितिले उठाउँदै आएकोमा सो समयमा के कति आम्दानी र खर्च भयो सो नखुलाएको र लेखापरीक्षण तथा खर्चको सार्वजनिकीकरण गरेको छैन भेटीघाटी सङ्कलनलाई थप व्यवस्थित बनाउनुपर्ने देखिन्छ ।

## मालपोत कार्यालय

१ **आन्तरिक नियन्त्रण व्यवस्था –** कार्यालयले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण व्यवस्था भरपर्दो र प्रभावकारी बनाउनुपर्दछ ।कार्यालयको आन्तरिक नियन्त्रण प्रणालीको मूल्याङ्कन गर्दा लक्ष्य हासिल गर्न बाधा पुर्‍याउन सक्ने जोखिम पहिचान र समाधानकालागि आवश्यक संयन्त्र नभएको, कर्मचारीहरुलाई अधिकार र जिम्मेवारी तोकि कार्यविवरण नदिएको, जिन्सी खातामा रहेका कतिपय सामानहरुको परल मूल्य खुलाई आम्दानी नबाँधेको, जिन्सी मालसामानको लिलाम विक्री एवं मर्मत सम्भार समेत नगरेको, जिल्लाको जग्गाको न्यूनतम मूल्याङ्कन निर्धारण समितिले वर्षेनी मूल्याङ्कन दरमा केही प्रतिशत वृद्धि गरे पनि मूल्याङ्कनको लागि सडकको पहुंच, अवस्थिति, बजार मूल्यको आधारमा मूल्याङ्कन बृद्धी नगरेको, खरिद विक्रीको मूल्यबीच रहेको ठूलो भिन्नतालाई कम गर्नेतर्फ ध्यान नदिएको, घर जग्गाको अभिलेख विद्युतीय माध्यमबाट नराखेको, सरकारी तथा सार्वजनिक जग्गाहरुको लगत अद्यावधिक नगरेको जस्ता व्यहोरा देखिएकोले प्रचलित ऐन नियमको पालना गरी आन्तरिक नियन्त्रण सुदृढ गर्नु पर्दछ ।

२ **निवेदन दर्ता र फछ्र्यौट** – कार्यालयबाट प्राप्त २०७१।७२ को वार्षिक प्रगति प्रतिवेदन विवरण अनुसार जग्गा प्रशासन सम्बन्धमा दर्ता भएका छुट जग्गा दर्ता, नामसारी, शंशोधन, दाखिला खारेज, हकसाफि गरि जम्मा ४५९ निवेदन दर्ता भएकोमा ५३ निवेदन फछ्र्यौट गर्न बाँकी रहेकोले ती उपर आवश्यक कारवाही गरी फछ्र्यौट गर्नुपर्ने देखियो ।

३ **राजस्व बाँडफाँड** – मालपोत कार्यालयले यो वर्ष घरजग्गा रजिष्ट्रेशन दस्तुरबाट उठेको कुल रजिष्ट्रेशन दस्तुर रु.१ करोड २६ लाख १२ हजार उठेकोमा यो वर्ष रु.१ करोड २३ लाख ९ हजार मात्र बाँडफाँड गरेको छ। बाँडफाँड गर्न बांकी रहेको गत वर्षको रु.६९ हजार समेत बाँडफाँड हुन बांकी रु.२ लाख ३४ हजार नियमानुसार बाँडफाँड गरी नियमावलीले तोकेको दर एवं असुलीको सिलिङ अनुसार ४० प्रतिशतले हुने रु.९३ हजार सञ्चित कोष दाखिला गर्नुपर्ने देखिएको छ ।

४ **भवन निर्माणको खर्च** – पूँजीगत लाभ निर्धारण गर्ने प्रयोजनको लागि खर्च दावी गर्दा निसर्ग गरेको गैर व्यावसायिक सम्पत्तिको खरिद मूल्य एवं भवन निमार्णको हकमा निर्माण खर्चको यथार्थ प्रमाणकोआधारमा लागत कट्टा गर्नुपर्नेमा र.नं.१४१४ र ३०८५ बाट २ निसर्गकर्ताले घरको लागत भनी एक मुष्ट रकम उल्लेख गरेको सिफारिसको आधारमा खर्च को रुपमा कट्टा गरेको देखियो । घरको क्षेत्रफल र सोको लागि प्रति वर्ग फिटको लागत सहितको प्राविधिक पुष्टयाई बेगर टिनको छानो भएको र पर्खाल लगाएको रु.४ लाखमा आवश्यक प्रमाण बेगर खर्च कट्टीगरेकोले ५ प्रतिशतले हुने २० हजार र जग्गाको विक्रीमा पूँजीगत लाभ कर नलिएको रु.३ लाख ६५ हजार गरी जम्मा रु.३ लाख ८५ हजार असुली गर्नुपर्दछ ।

५ **पूँजीगत लाभ कर** – आयकर ऐन, २०५८ को दफा २ र दफा ९५मा कुनै प्राकृतिकव्यक्तिले एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी रु.३० लाख वा सोभन्दा बढीको जग्गा वा निजी भवन निसर्ग भएकोमा पूँजीगतलाभकर ५ प्रतिशतका दरले खुद पूँजीगत लाभमा अग्रिमकर असुल गर्नुपर्ने व्यवस्था गरेको छ । कार्यालयले निसर्गकर्ताहरुबाट रु.१ करोड ६० लाख ९८ हजारको कारोवारगर्दा ५ प्रतिशतले रु.८ लाख ५ हजार पूँजीगत लाभकर घोषणा फारम भराई कायम भएको लाभमा लाभकर असुल गरेको देखिएन ।

६ **थैलि घटी गरेको** – चार रजिष्ट्रेशनबाट खरिदकर्तालाई रजिष्ट्रेशन लिखत पारित गरी दिएकोमा घटी थैली कायम गरेको देखिएकाले खरिदकर्ताबाट ४ प्रतिशतले हुने रु.३८ हजार असुल गर्नुपर्नेदेखिएको देखिएको छ ।

## सिंचाइ विकास डिभिजन

१. **लक्ष्य प्रगति** – प्राप्त प्रगति विवरण अनुसारसमुदाय व्यवस्थित सिंचित कृषि क्षेत्र आयोजना अन्तर्गत भौतिक प्रगति वार्षिक ९०.९८ प्रतिशत र वित्तीय प्रगति ९९.८६ प्रतिशत रकम खर्च भएको देखिन्छ । योवर्षको लागि तोकिएको कार्यक्रममध्ये मुलनहरमा माटोको कार्य र जनसहभागितामा सिंचाई प्रणालीको निर्माणतर्फ फावा खोला सिँचाइ योजनाको कुनै काम नभएको र उक्त कार्यमा अन्य योजनामा समेत लक्ष्यको तुलनामा प्राय ७० प्रतिशतभन्दा कम काम भएको देखिएको अवस्थामा शत प्रतिशत रकम खर्च गरेको देखिएकोले लक्ष्य अनुसार कार्यक्रम सञ्चालनगरी प्रगति हासिल हुनुपर्दछ ।

२. **चौमासिक खर्चको स्थिति** – कार्यालयले वार्षिक बजेट तथा स्वीकृत कार्यक्रमका आधारमा चौमासिक लक्ष्य अनुसार खर्च गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कार्यालयले ६ पूँजिगत शीर्षकमा वार्षिक रु.३ करोड २१ लाख ७ हजार खर्च गरेकोमध्ये तेस्रो चौमासिकमा रु.३ करोड १८ लाख ६२ हजार खर्च भएकोमा ४ बजेट उपशीर्षकमा शत प्रतिशत र २ बजेट उपशीर्षकमा ९९ प्रतिशत खर्च भएको छ । आषाढ महिनामा कुल खर्चको २०.१९ प्रतिशत खर्च भएकोले बर्षान्तमा मात्र बढी खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

३. **न्यून प्रतिस्पर्धा** – यो वर्ष बोलपत्रको प्रकृयाद्वारा ठेक्का सम्झौता भएका ३ठेक्काको लागत अनुमान रु.४ करोड ४१ लाख ५२ हजार रहेकोमा रु.४ करोड ३ लाख ८२ हजारमा सम्झौता हुँदा लागत अनुमान भन्दा १.१४ प्रतिशतदेखि अधिकतम २.६८ प्रतिशतमात्र घटीमा ठेक्का भएको छ। बोलपत्र विक्री संख्या, दर्ता संख्या, बोलपत्र फिर्ता एवम कवोल अङ्कको तुलना गरी विश्लेषण गर्दा ठेक्कामा पर्याप्त प्रतिस्पर्धा भएको देखिदैन ।

४. **ठेक्का स्वीकृत** – आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २० अनुसार कार्यालयले लागत अनुमान तयार गर्ने ठेक्का पट्टा स्वीकृत गर्ने कार्य समेत प्रथम चौमासिक अवधिभित्र सम्पन्न गर्नुपर्नेमा यस कार्यालयले रु.४ करोड ३३ लाख ८२ हजारको ३ योजना तेस्रो चौमासिकमा मात्र ठेक्का शुरु गरेको छ। यसरी तोकिएको समयभन्दा पछाडि वर्षको अन्तमामात्र ठेक्का प्रकृया शुरु हूंदा तोकिएको लक्ष्य प्राप्त गर्न नसकिने भएकोले समयमा ठेक्का व्यवस्थापन हुनुपर्दछ

५. **असुली** – निजामती सेवा नियमावली २०५० को नियम ९३ बमोजिम स्थानीय भत्ता नपाउने स्थानमा काज अथवा विदामा बसेको अवधिको स्थानीय भत्ता भुक्तानी दिन नमिल्नेमाडिभिजन प्रमुख २०७२ कार्तिक १ देखि २०७२ मंसिर १९ र २०७२ फाल्गुण १ देखि २६ गतेसम्म काज/घरविदा र तालिमको लागि काठमान्डौ रहेकोले निजलाई उक्त अवधिको स्थानीय भत्ता भुक्तानी भएको रु.१२,५००।-र चुवा खोला सिंचाइ योजना सर्वेक्षण पेस्की फरछर्योट हुँदा दुइ ईन्जीनियरको भत्ता रु.८३ हजारमा १५प्रतिशत कर कट्टा नगरेको रु.१२ हजारअसुल हुनुपर्दछ ।

६. **कन्टिन्जेन्सी** – कार्यालयले  योवर्ष कन्टिन्जेन्सी रकमबाटरु.१८ लाख ५६ हजारको विभिन्न सामान खरिद गर्दा रु.२ लाख १४ हजार मूल्य अभिवृद्धि कर समेत भुक्तानी दिएको छ। सोको जानकारी सम्बन्धित कार्यालयलाई दिएको छैन ।

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० को उपनियम ७ तथा अनुसूची १ अनुसार वर्कचार्ट स्टाफ खर्च २.५ प्रतिशत र सानातिना अन्य खर्च बापत २.५ प्रतिशत लागत अनुमान तयार गर्दा परिमाण र दरको कुल जम्मा रकमको कन्टिन्जेन्सी बापत खर्च गर्न सकिने व्यवस्था छ ।कार्यालयले  २ आयोजनामा यो वर्ष रु.२ करोड ४४ लाख ४१ हजार भुक्तानी दिएकोमा  नियमानुसार रु ११ लाख ३२ हजार कन्टिन्जेन्सी बापत खर्च गर्न पाउनेमा रु १२ लाख ३१ कन्टिन्जेन्सी बापत रकम खर्च गरेकोले बढी खर्च गरेको ९९ हजार असुल हुनुपर्दछ।

७. **धरौटी कारोवार** – कार्यालयको धरौटीको आर्थिक विवरणअनुसार श्रेष्तामा भन्दा वैंकमा घटी देखिएको रु.३ लाख ५५ हजार २०७३।४।७ मा मात्र बैंक दाखिला गरेको देखिएको छ। विभिन्न व्यक्ति तथा निर्माण व्यवसायीबाट कट्टा भएको धरौटी रकम यथा समयमा वैंक दाखिला गर्नुपर्दछ ।

८. **पेस्की बाँकी** – आर्थिक बर्षको अन्त्यमा २ निर्माण व्यवसायीको नाममा बांकी रहेको रु.६६ लाख ५५ हजार पेस्कीदेखिएकोमा फछ्र्यौट नभएकोले सार्वजनीक खरिद नियमावली, २०६४ को नियम ११३ अनुसार फछ्र्यौट गर्नुपर्ने देखिएको छ ।

## स्थानीय विकास कोष

१. **पेस्की बाँकी** – सुनगाभा सामाजिक विकास संस्था थेचम्बु र फक्ताङलुङ्ग ग्रामीण सामुदायिक संस्था चाक्सिबोटलाई रु.२० हजारका दरले२०६७।६८ मा दिएको पेस्की रु.४० हजार लेखापरीक्षण अवधि सम्म पनि फछयौट गरेको प्रमाण पेस नभएकोले स्थानीय निकाय आर्थिक प्रशासन नियमावली २०६४ को नियम १९० अनुसार फछयौट हुनुपर्ने देखिन्छ ।

२. **ऋणपूँजी खातातर्फ** – ऋण लगानीतर्फ गत आर्थिक वर्षसम्मको असुल हुन बाँकी ऋण रु.९८ लाख ९१ हजार रहेकोमा यस बर्ष लगानी गरेको ऋण रु ३ लाख समेत विभिन्न संस्थाहरुलाई रु.१ करोड १ लाख ९१ हजार ऋण लगानी गरेको देखिन्छ । गत बर्षसम्मको ऋण लगानीबाट साँवातर्फ रु.२४ लाख ५० हजारर सोको व्याज रु.३ लाख ५ हजार गरी जम्मा साँवा र व्याज रु.२७ लाख ५५ हजार असुल गरेको छ । गत वर्षसम्म ऋण असुली गर्न ७१ संस्थाका नाममा रु.७४ लाख ९२ हजार बाँकी रहेकोमा यस वर्ष रु.३ लाख साँवा लगानी थप गरी जम्मा रु.७७ लाख ९२ साँवा लगानी भएको देखिन्छ । ऋण लगानी भएका संस्थाहरुमध्ये कतिपय संस्थाहरुको २०५८ साल देखिनै व्याज असुल गर्न बाँकी रहेको र साँवा समेत फिर्ता नभएको अवस्था छ । कार्यालयले पर्याप्त पहल नगरेको कारण २०५८ सालदेखि नै व्याज र साँवा नतिरेको अवस्था देखिएको छ । साँवा र व्याज असुल गराउन तदारुकता देखाउनुपर्दछ ।

## आन्तरिक लेखापरीक्षण

यस जिल्ला अन्तर्गत ३५ कार्यालयको कोष तथा लेखा नियन्त्रक कार्यालयबाट आन्तरिक लेखापरीक्षण सम्पन्न भएको छ । आन्तरिक लेखापरीक्षण प्रतिवेदन अनुसार २५ कार्यालयमा बेरुजू नभएको जनाएको छ । जिल्ला सरकारी वकिल कार्यालयको भवन निर्माणको लागि एक निर्माण व्यवसायीको नाममा फछ्र्यौट हुन बांकी रहेको मोबिलाईजेशन पेस्की रु.१६ लाख ५० हजार म.ले.प.फा.नं.१४ को आधारमा बेरुजू कायम गरिएको छ । उक्त रकम नियमानुसार फछ्र्यौट गर्नुपर्दछ ।

रामुप्रसाद डोटेल
(नायब महालेखापरीक्षक)

# लेखापरीक्षण गरिएका कार्यालय र लेखापरीक्षण अङ्क

**लेखापरीक्षण विधि: विस्तृत** (रु.हजारमा)

| क.स. | कार्यालयको नाम | विनियोजन /निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ्ग **जिल्ला अदालत** | २०२१७ | ३२५१ | ८७१४ | ० | ३२१८२ |
| २ | जिल्ला निर्वाचन कार्यालय | ३८६९ | ५४ | ५७ | ० | ३९८० |
| ३ | उत्तर दक्षिण लोकमार्ग आयोजना | १९३८३५ | ७०६ | १९०५४ | ० | २१३५९५ |
| ४ | ओलाङचुङगोला भन्सार कार्यालय | १६७८ | १८ | १०८२ | ० | २७७८ |
| ५ | घरेलु तथा साना उद्योग विकास समिति | २०७९५ | १४०५ | ११४४ | २१३४ | २५४७८ |
| ६ | जिल्ला आर्युवेद स्वास्थ्य केन्द्र | ६२०३ | ० | १९ | ० | ६२२२ |
| ७ | जिल्ला कृषि विकास कार्यालय | ३३३१७ | ८७ | ३४१ | १०२ | ३३८४७ |
| ८ | जिल्ला विकास समिति | ० | ० | ० | ७६६६४९ | ७६६६४९ |
| ९ | जिल्ला प्रशासन कार्यालय | २७१२० | ११५०० | ३८२५ | ४३९३ | ४६८३८ |
| १० | जिल्ला प्रहरी कार्यालय | १०१६२८ | २९४ | १६८३ | ७०२ | १०४३०७ |
| ११ | जिल्ला प्रविधिक कार्यालय | २६२७२ | २१२ | ८५५ | ० | २७३३९ |
| १२ | जिल्ला शिक्षा कार्यालय | ७६८७०६ | ४५६४ | ७३ | २०७६ | ७७५४१९ |
| १३ | जिल्ला स्वास्थ्य कार्यालय र अस्पताल विकास समिति | १३६८८५ | ३३१ | ५५४ | ११२६५ | १४९०३५ |
| १४ | दुर्गम क्षेत्र विकास समिति | ४१५७ | ० | २७१ | ० | ४४२८ |
| १५ | नयां रण भिम गुल्म | ६३०२४ | १५ | ५५६ | ० | ६३५९५ |
| १६ | नापि कार्यालय | ५७४४ | १०२६ | ० | ४४० | ७२१० |
| १७ | पाथिभरा क्षेत्र विकास समिति | ० | ० | ० | ११८२९ | ११८२९ |
| १८ | मालपोत कार्यालय | ५९०५ | ६६०२ | १०८९ | १३२८० | २६८७६ |
| १९ | स्थानीय विकास कोषको सचिवालय | ० | ० | ० | ५३२८ | ५३२८ |
| २० | सिंचाई विकास डिभिजन | ३४८३३ | ७६ | ७४८ | ० | ३५६५७ |
| | **जम्मा** | **१४५४१८८** | **३०१४१** | **४००६५** | **८१८१९८** | **२३४२५९२** |

**लेखापरीक्षण विधि: संक्षिप्त कार्यविधि**

| क.स. | कार्यालयको नाम | विनियोजन/ निकासा | राजस्व असुली | धरौटी आम्दानी | अन्य कारोवार | लेखापरीक्षण अङ्क |
|---|---|---|---|---|---|---|
| २१ | ईलाका प्रहरी कार्यालय, दोभान | २३२५९ | ० | ० | ० | २३२५९ |
| २२ | ईलाका प्रहरी कार्यालय | २०१५४ | ० | ० | ० | २०१५४ |
| २३ | कञ्चनजंघा संरक्षण क्षेत्र आयोजना | ४०९० | १०७७ | ९९ | ४२७ | ५६९३ |
| २४ | कारागार कार्यालय | ६६९९ | ० | ० | ० | ६६९९ |
| २५ | कोष तथा लेखा नियन्त्रण कार्यालय | ६३७९ | ३९७७० | ० | ० | ४६१४९ |
| २६ | खानेपानी तथा सरसफाई डिभिजन | ७२५६७ | १८ | ३०० | ० | ७२८८५ |
| २७ | जिल्ला वन कार्यालय | २०१९३ | ७४८ | ३२६४ | ० | २४२०५ |
| २८ | जिल्ला पशुसेवा कार्यालय | २२१९७ | ७३ | २२६ | ५२० | २३०१६ |
| २९ | जिल्ला भूसंरक्षण कार्यालय | १०५४६ | १० | ० | ० | १०५५६ |
| ३० | जिल्ला सरकारी वकिल कार्यालय | ६९६५ | ० | ९४ | ० | ७०५९ |
| ३१ | जिल्ला हुलाक कार्यालय | ३४७५२ | ८१४ | ० | ४७५३७ | ८३१०३ |
| ३२ | महिला तथा वालवालिका कार्यालय | १२९४५ | ४८ | २०९ | ६२६ | १३८२८ |
| ३३ | सशस्त्र प्रहरी वल कञ्चन्जंगा गुल्म | ७४४१८ | ० | ० | ० | ७४४१८ |
| ३४ | सिमा प्रशासन कार्यालय | १३१५ | ० | ० | ० | १३१५ |
| ३५ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ४२७७ | २ | ० | ० | ४२७९ |
| | **जम्मा** | **३२०७५६** | **४२५६०** | **४१९२** | **४९११०** | **४१६६१८** |
| | **कूल जम्मा** | **१७७४९४४** | **७२७०१** | **४४२५७** | **८६७३०८** | **२७५९२१०** |

अनुसुची २

# बेरुजूको विवरण

(रु. हजारमा)

| सि. नं. | कार्यालयको नाम र जिल्ला | शुरु वेरुजु | | प्रतिकृयाबाट फछ्र्यौट एवं समायोजन | | बांकी दफा र बेरुजू | | | | | असुली | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दफा | रकम | दफा | रकम | दफा | असुल गर्नुपर्ने | अनियमित | पेस्की | जम्मा | ले.प को कममा | प्रतिकृया बाट | जम्मा |
| १ | ताप्लेजुङ जिल्ला अदालत | १२ | ११ | ६ | २ | ६ | ९ | ० | ० | ९ | ० | ० | ० |
| २ | जिल्ला निर्वाचन कार्यालय | ६ | २ | ३ | ० | ३ | २ | ० | ० | २ | ० | ० | ० |
| ३ | उत्तर दक्षिण सडक आयोजना | ३८ | ७१४७६ | २३ | ० | १५ | १९७०८ | ८१ | ५१६८७ | ७१४७६ | ० | ० | ० |
| ४ | ओलाङचुङगोला भन्सार कार्यालय | ३ | ० | २ | ० | १ | ० | ० | ० | ० | ० | ० | ० |
| ५ | घरेलु तथा साना उद्योग विकास समिति | ८ | ७७ | ४ | ० | ४ | ७७ | ० | ० | ७७ | ० | ० | ० |
| ६ | जिल्ला आर्युवेद स्वास्थ्य केन्द्र | १४ | २१२ | १० | ० | ४ | २१२ | ० | ० | २१२ | ० | ० | ० |
| ७ | जिल्ला कृषि विकास कार्यालय | १८ | २४६ | १२ | ० | ६ | ७२ | १५७ | १७ | २४६ | २१ | ० | २१ |
| ८ | नापि कार्यालय | ३ | ० | १ | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| ९ | जिल्ला प्रशासन कार्यालय | १२ | १७ | ८ | ० | ४ | १७ | ० | ० | १७ | ० | ० | ० |
| १० | जिल्ला प्रहरी कार्यालय | १४ | २७०५ | १० | ० | ४ | २७०५ | ० | ० | २७०५ | ८ | | ८ |
| ११ | जिल्ला प्राविधिक कार्यालय | १८ | ६९९७ | ९ | १ | ९ | ६२ | ० | ६९३४ | ६९९६ | ० | १ | १ |
| १२ | जिल्ला विकास समिति | १३७ | २८२२९ | ९१ | ४१४ | ४६ | ८१५३ | १५३१२ | ४३५० | २७८१५ | ६२८ | ३ | ६३१ |
| १३ | जिल्ला शिक्षा कार्यालय | ५४ | १२७३८२ | ३८ | ० | १६ | ३१८ | १२६९६५ | ९९ | १२७३८२ | ० | ० | ० |
| १४ | जिल्ला सरकारी वकिल कार्यालय | १ | १६५० | ० | ० | १ | ० | ० | १६५० | १६५० | ० | ० | ० |
| १५ | जिल्ला स्वास्थ्य कार्यालय | ७४ | १०३६३ | ५२ | ११७२ | २२ | २८६ | ८८८१ | २४ | ९१९१ | ० | ६९ | ६९ |
| १६ | दुर्गम क्षेत्र विकास समिति | १३ | १११९ | ९ | ० | ४ | १९ | ० | ११०० | १११९ | ० | ० | ० |
| १७ | पाथिभरा क्षेत्र विकास समिति | २० | १७८९ | ११ | ० | ९ | ८०८ | ८८१ | १०० | १७८९ | ० | ० | ० |
| १८ | मालपोत कार्यालय | २० | १२२७ | १४ | ० | ६ | १२२७ | ० | ० | १२२७ | ० | ० | ० |
| १९ | स्थानीय विकास कोषको सचिवालय | २ | ० | ० | ० | २ | ० | ० | ० | ० | ० | ० | ० |
| २० | सिंचाई विकास डिभिजन | २४ | ७०५१ | १६ | ४३ | ८ | ३९ | ३१३ | ६६५६ | ७००८ | ० | २३ | २३ |
| | **जम्मा** | **४९१** | **२६०५५३** | **३१९** | **१६३२** | **१७२** | **३३७१४** | **१५२५९०** | **७२६१७** | **२५८९२१** | **६५७** | **९६** | **७५३** |

***द्रष्टव्यः***
- *बेरुजूको दफा अन्तर्गत सैद्धान्तिक र लगती दुवैको जम्मा संख्या समावेश छ।*
- *प्रारम्भिक प्रतिवेदनमा उल्लेख भएको दफा संख्या प्रतिक्रियाबाट फछ्र्यौट एवं समायोजन गरी अनुसूचीमा बाँकी दफा कायम गरिएको छ।*

अनुसूची -३

# जिल्ला विकास समितिको एकिकृत आय व्यय विवरण

| | आय विवरण | रकम | व्यय विवरण | रकम |
|---|---|---|---|---|
| १ | **गत वर्षको जिम्मेवारी** | ४७९२१०४२।७७ | नेपाल सरकार अनुदान | १५९२५९८८०।९२ |
| क | आन्तरिक आय ग ४.३/५१ | १०४१९०५७।९८ | जि.वि.स. अनुदान चालु+पुजिगत | ५१४५२४६८।६७<br>५१४५२४६८।६७ |
| ख | राजश्व वांडफाड ग ४.४/५१ | १०७८७६२२।१४ | गा.वि.स अनुदान चालु+पुजिगत | १०७८०७४१२।२५ |
| ग | धरौटी खाता ग ३/५१ | २८७५३५३।०५ | आन्तरिक आय खर्च | ६,६६,८८,७७६२१० |
| घ | कर्मचारी कल्याण कोष ग ५.१/५१ | ८८८५६६२।४३ | आन्तरीक कोष चालू शिर्षक खर्च | १४३२५४५।०० |
| ङ | मर्मत संभार कोष ग ५.२/५१ | ४४८३६८२।०० | आन्तरीक कोष पंजिगत शिर्षक खर्च | २६३३५९५।०० |
| च | प्रकृतिक प्रकोप व्यबस्थापन कोष ग ५-४/५१ | ९८०००।०० | राजश्व बाँडफाँड ट्रान्सफर खर्च | ४४७७७७१।०० |
| छ | मानव संसाधन विकास कोष ग ५.५/५१ | ७९५०७५।०० | | |
| ज | वातावरण विकास कोष ग ५-६/५१ | २२५०००।०० | | |
| झ | महिला तथा बालबालिका कोष ग ५-८/५१ | ५४९६७३।०० | कर्मचारी कल्याण कोष | २६१५८७।०० |
| ञ | जि.वि.स.आन्तरिक चालू ग २.१/५१ | ५६३८७३।१५ | मर्मत सम्भार कोष खर्च | ८५३३६२।०० |
| ट | आन्तरिक कोष पूंजीगत | ०।०० | गाविस अनुदान प्रशासनिक खर्च | ३६२४७८८।०० |
| ड | राजश्व बाँडफाँड खर्च खाता | ०।०० | पर्यटन पूर्वाधार विकास कार्यक्रम | ४७५०००।०० |
| ढ | गाविस कन्टेन्जेन्सि खर्च खाता ग.२.३/५१ | ६००८२३।०० | उन्नति समावेशी आर्थिक विकास चालु | ४३३५५७।०० |
| ण | सडक वोर्ड नेपाल | ०।०० | उन्नति समावेशी आर्थिक विकास पुंजीगत | ५९५५९१५०।०० |
| त | पर्यटन प्रवर्द्धन कार्यक्रम | १५७०९९।०० | आन्तरिक आय खर्च | ७३३०५३८।०० |
| थ | पर्यटन पूर्वाधार कार्यक्रम | १३६०७३५।०० | सडक बोर्ड | ३७५००००।०० |
| द | उर्जा तथा वाताबरण | ४६३०१३१।३८ | उर्जा तथा वातावरण | ३०२८४८७१।१० |
| ध | गुम्बा मर्मत | ५३०००।०० | राजश्व बाँडफाँड खर्च खाता | ४४७७७७१।०० |
| न | शहिद पार्क | २०००००।०० | धरौटी खर्च | ४३०४८५।०० |
| प | उन्नति समावेशी आर्थिक विकास चालु+पुंजीगत | ०।०० | | |
| | धरौटी खाता ड्रिलिप तर्फ | १२३२२५६।०० | धरौटी खाता ड्रिलिप तर्फ | २६३३०८।०० |
| २ | **नेपाल सरकार अनुदान** | १९१४४७४८२।२५ | केन्द्रिय बजेट शिर्षक अन्तर्गत खर्च | ३११९३३३१४।३५ |
| क | जि.वि.स. अनुदान चालु+पुजिगत ३६५८०१३ | ८३६४००७०।०० | विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन | ३९९१८८३।०० |
| ख | गा.वि.स अनुदान चालु+पुजिगत ३६५८०२३ | १०७८०७४१२।२५ | स्थानीय शा.सामूदायिक विकास कार्यक्रम | २६०३५५५६।०० |
| ३ | **आन्तरिक आय** | | सामाजिक सूरक्षा कार्यक्रम (चालु | ८४४६२०००।०० |
| क | कर, दस्तुर, सेवा शुल्क,भाडा | २५११९७२।४० | राष्ट्रिय योजना आयोग (स्वयं सेवक | १८३०००।०० |
| ख | राजश्व वाडफांड खर्च खाता ग.४.४/५१ | ५४४३०१३।८० | स्थानीय निकाय वित्तिय आयोग | ३८९१५०।०० |
| ४ | **अन्य श्रोत** | १०३८९०६८३।१६ | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | १५४६७९५।०० |
| क | धरौटी खाता ग ३/५१ | १०७९२०९।०० | स्थानीय शान्ति समिति | १०४६४००।०० |
| ख | कर्मचारी कल्याण कोष ग ५.१/५१ | २०४१५०८।५७ | विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन | ७८०३५६०९।०० |
| ग | मर्मत संभार कोष ग ५.२/५१ | १८१७३४४।७९ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | ५३२८८५२।३५ |
| घ | प्रकृतिक प्रकोप व्यबस्थापन कोष ग ५-४/५१ | ५००००।०० | स्थानीय स्तरका सडक पुल | १३३९४७२८।०० |
| ङ | मानव संसाधन विकास कोष ग ५.५/५१ | ५००००।०० | साना सिंचाई नदी नियन्त्रण र अन्य पुर्वाधारव | २१२००२९१।०० |
| च | वातावरण विकास कोष ग ५-६/५१ | ५००००।०० | स्था.यातायात तथा पुर्वाधार क्षेत्रगत कार्यक्रम | १९३८७६३६।०० |

| | आय विवरण | रकम | व्यय विवरण | रकम |
|---|---|---|---|---|
| छ | महिला तथा बालबालिका कोष ग ५-८/५१ | ५००००।०० | गूम्बा व्यबस्था समिति | २०००००।०० |
| ज | जि.वि.स.आन्तरिक चालू ग २.१/५१ | १०३५१२६।८५ | उपेक्षित उत्पिडित दलीत वर्ग उत्थान | २७५०००।०० |
| झ | गाविस अनुदान प्रशासनिक खर्च | ६३४८१९६।७५ | रोयल्टि व्यवस्थापन | २२५०००।०० |
| ञ | सडकबोर्ड | ४३७५०००।०० | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | ६०३२९३७।०० |
| ट | आन्तरिक कोष पुंजिगत | ३२४७०००।०० | पर्यटन पूर्वाधार विकास | ५०००००।०० |
| ठ | धरौटी खाता ड्रिलिप तर्फको | ४३१४२६।०० | संस्कृति पर्यटन<br>निर्वाचन क्षेत्र विकास<br>आर्थिक केन्द्र तथा २ जिल्ला जोड्ने सडक<br>गरिवसँग विश्वेशवर<br>औषधी उपचार | २६००००००।००<br>३७८६०८९७।००<br>६०९३९९०।००<br>१५६६३७४।००<br>३४००३२।०० |
| ड | राजश्व वाडफाड खर्च खाता | ५०५००००।०० | | |
| | उन्नति समावेशी आर्थिक विकास चालू | १९९७०००।०० | | |
| ण | उन्नति समावेशी आर्थिक विकास पुंजी | १९५०००००।०० | | |
| त | उर्जा तथा वातावरण | ४८८०९८८५।०० | | |
| | | | संचित विदा | ४३७१८४।०० |
| ५ | **केन्द्रिय बजेट शिर्षक अन्तर्गत निकासा** | ३१६८६३१०६।०० | जिम्मेवारी वांकी | ८५१२२९४५।८३ |
| क | विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन | ३९९१८८३।०० | आन्तरिक आय ग ४.३/५१ | ५६००४९१।९८ |
| ख | स्थानीय शा.सामूदायिक विकास कार्यक्रम | २७४५००००।०० | राजश्व वांडफाड ग४.४ | ११७५२८६४।९४ |
| ग | सामाजिक सूरक्षा कार्यक्रम (चालु | ८४४६२०००।०० | धरौटी खाता ग ३ | ३५२४०७७।०९ |
| घ | राष्ट्रिय योजना आयोग (स्वयं सेवक | १८३०००।०० | कर्मचारी कल्याण कोष ग ५.१ | १०६६९५८४।१० |
| ङ | स्थानीय निकाय वित्तिय आयोग | ४०९६००।०० | मर्मत संभार कोष ग .२.२ | ५४४७६६४।७९ |
| च | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | २७३५०००।०० | मानव संसाधन ग ५.५ | ८४५०७५।०० |
| छ | स्थानीय शान्ति समिति | १०४६४००।०० | वातावरण विकास कोष ग५-६ | २७५०००।०० |
| ज | विकेन्द्रीत ग्रामीण पूर्वाधार तथा जिविकोपार्जन | ७८०३५६०५।०० | महिलाबालबालिका कोष ग५-८ | ५९९६७३।०० |
| झ | झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रम | ६१२१२००।०० | प्रकोप व्यबस्थापन कोष ग५-४ | १४८०००।०० |
| ञ | स्थानीय स्तरका सडक पुल | १३३९४७२८।०० | पर्यटन प्रवर्द्धन ग.४.३ | १५७०९९।०० |
| ट | साना सिंचाई नदी नियन्त्रण र अन्य पुर्वाधारव | २१५०००००।०० | सडक वोर्ड ग -२.२ | ६२५०००।०० |
| ठ | स्था.यातायात तथा पुर्वाधार क्षेत्रगत कार्यक्रम | १९३८७६३६।०० | गुम्बा मर्मत ग४.३ | ५३०००।०० |
| ड | गूम्बा व्यबस्था समिति | २०००००।०० | उर्जा तथा वातावरण | २३१५५१४५।२८ |
| ढ | उपेक्षित उत्पिडित दलीत वर्ग उत्थान | २७५०००।०० | गाविस अनूदान प्रशासनिक खर्च | ३३२४२३१।७५ |
| ण | रोयल्टि व्यवस्थापन | २२५०००।०० | जिविस आन्तकि कोष चालू | १७००५१।०० |
| त | ग्रामीण खानेपानी तथा सरसफाई कार्यक्रम | ६०३२९३७।०० | पर्यटन पूर्वाधार विकास कार्यकम | ८८५७३५।०० |
| थ | पर्यटन पूर्वाधार विकास | ५०००००।०० | धरौटी ड्रिलिप तर्फ | १४००३७४।०० |
| द | संस्कृति पर्यटन | २६००००००।०० | आन्तरिक कोष पूजीगत | ६१३४०१।०० |
| ध | निर्वाचन क्षेत्र विकास | ३७८६०८९७।०० | शहीद पार्क | २०००००।०० |
| न | आर्थिक केन्द्र तथा २ जिल्ला जोड्ने सडक | ८०२००००।०० | राजश्व बाँडफाँड खर्च खाता | ५७२२२९।०० |
| प | गरिवसँग विश्वेशवर | १६५५०००।०० | उन्नति समावेशी आर्थिक विकास ग.४.५ | १५१०४२५३।०० |
| फ | औषधी उपचार | ३४००३२।०० | केन्द्रिय वजेट तर्फ को जम्मा निकाशा वांकी | ३,७९,१७,३९२।९८ |
| ब | संचित विदा | ४३७१८४।०० | | |
| | कुल जम्मा: | ६६,०१,२२,३१४।१८ | कुल जम्मा: | ६६,०१,२२,३१४।१८ |

# जिम्मेवार पदाधिकारीको विवरण

| सि.नं. | कार्यालय | कार्यालय प्रमुख | लेखा प्रमुख |
|---|---|---|---|
| १. | जिल्ला अदालत | श्री जिवन कुमार भण्डारी,<br>श्री गोपाल प्रसाद थापा | श्री पारस मणि नेपाल |
| २. | जिल्लानिर्वाचन कार्यालय | श्री गणेश अधिकारी | श्री उपेन्द्र कुमार मण्डल |
| ३. | उत्तर दक्षिण सडक आयोजना | श्री कुवेर नेपाली | श्री पुरुषोत्तम कुमार श्रेष्ठ |
| ४. | ओलाङचुङ गोला भन्सार कार्यालय | श्री नारायण सापकोटा,<br>श्री बाबुराम अधिकारी | श्री कृष्ण प्रसाद चापागाई |
| ५. | घरेलु तथा साना उद्योग विकास समिति | श्री नविन कुमार पौडेल | श्री खडक बहादुर वस्नेत |
| ६. | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | श्री कमलेश कुमार झा | श्री रमेश चन्द्र दाहाल |
| ७. | जिल्ला कृषि विकास कार्यालय | श्री बद्रि प्रसाद दाहाल,<br>श्री रविन्द्र बहादुर प्रधान | श्री टंक प्रसाद काफ्ले |
| ८. | जिल्ला नापी कार्यालय | श्री शहदेव घिमिरे | श्री कृष्ण प्रसाद चापागाई |
| ९. | जिल्ला प्रशासन कार्यालय | श्री डम्बरु प्रसाद निरौला,<br>श्री कमल बहादुर थापा,<br>श्री चक्र पाणी पाण्डे | श्री डिल्ली प्रसाद दुलाल |
| १०. | जिल्ला प्रहरी कार्यालय | श्री शान्ती राज कोइरला,<br>श्री राम बहादुर के.सी | श्री ललन प्रसाद यादव |
| ११. | जिल्ला प्राविधिक कार्यालय | श्री महदत्त भट्ट, श्री जयराम श्रेष्ठ,<br>श्री रामदेव प्रसाद यादव,<br>श्री मेघराज भारती | श्री कला गोम्देन |
| १२. | जिल्ला विकास समिति | श्री उमेस पाण्डे, श्री केशव भट्टराई | श्री देवराज कार्की |
| १३. | जिल्ला स्वास्थ्य कार्यालय | श्री कृष्ण हरि सुवेदी, दिपक बन्जाडे | श्री बल बहादुर ओखाबु |
| १४. | जिल्ला शिक्षा कार्यालय | श्री चैतन्य प्रसाद निरौला | श्री राम चन्द्र नेपाल |
| १५. | जिल्ला सरकारी वकिल कार्यालय | श्री जुद्ध बहादुर आले | श्री कृष्ण प्रसाद चापागाई |
| १६. | स्थानिय विकास कोषको सचिवालय | श्री अम्विका प्रसाद चौलागाई | श्री भोलानाथ सिग्देल |
| १७. | दुर्गम क्षेत्र विकास समिति | श्री अम्बिका प्रसाद चौलागाई | श्री सुनिल प्रसाद दाहाल |
| १८. | पाथिपरा क्षेत्रविकास समिति | श्री उदय भट्टराई | श्री उदय भट्टराई |
| १९. | मालपोत कार्यालय | श्री राम बहादुर कार्की,<br>श्री कृष्ण प्रसाद गौतम | श्री विद्या भण्डारी, श्री राज कुमार शाह |
| २०. | सिंचाई विकास डिभिजल | श्री कुन्जन भक्त श्रेष्ठ | श्री कृष्ण प्रसाद चापागाई |

977-1-4258172, 4255707

977-1-4268309, 4262798

info@oag.gov.np

13328

Kathmandu, Nepal

www.oagnep.gov.np